उद्देश्य :

परिपत्र संग्रह प्रकाशनका उद्देश्यहरू देहायअनुसार रहेका छन्:

क. जिल्ला प्रशासन कार्यालयहरूबाट प्रवाह हुने सेवाहरूमा निश्चितता, एकरुपता कायम गर्नु ।

ख. जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा तथा प्रक्रियाहरूका बारेमा संस्थागत स्मरण कायम गर्नु ।

ग. सेवा प्रवाहलाइ छिटो र छरितो रुपमा सम्पादन गर्न सहजीकरण गर्नु ।

मुख्य मुख्य विषयहरू :

यस संग्रहमा मन्त्रालयबाट जारी गरिएका वि.स. २०७२ देखि हालसम्मका महत्वपूर्ण नीतिगत निर्णय, कार्यकारी आदेश, निर्देशन/परिपत्रहरूलाई विषयक्षेत्रगत रुपमा समावेश गरिएको छ । निर्देशन/परिपत्रहरूलाई नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन, स्थानीय प्रशासन तथा प्रदेश समन्वय, विपद् व्यवस्थापन, मानव अधिकार प्रवर्द्धन,आन्तरिक प्रशासन, तथा सवारी व्यवस्थापन, आर्थिक प्रशासन, विभुषण व्यवस्थापन, लागूऔषध नियन्त्रण, सूचना तथा प्रविधि, गुनासो व्यवस्थापन, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, कर्मचारी प्रशासन, अध्यागमन तथा सीमा प्रशासन,राहत तथा तथ्याङ्क व्यवस्थापन लगायतका विषयक्षेत्रका आधारमा प्रस्तुत गरिएको छ ।

साथै प्रस्तुत परिपत्र संग्रहमा जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित विषयगत ऐन कानून र प्रमुख जिल्ला अधिकारी/सहायक प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला प्रशासन कार्यालयको अधिकार क्षेत्रसँग सम्बन्धित देहाय अनुसार ऐन कानूनहरूको कार्यान्वयनमा सहजीकरण समेत हुने गरी जारी भएका विभिन्न निर्देशनहरूको समेत संग्रह गरिएका छन् । जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित विषयगत ऐन कानूनहरू र त्यसमा प्रमुख जिल्ला अधिकारीको प्रमुख भुमिकाका बारेमा हुने जानकारीले समेत कानून कार्यान्वयनमा सरलीकरण हुनेछ ।

गृह प्रशासनसँग सम्बन्धित ऐन तथा नियम र त्यसमा जिल्ला प्रशासन कार्यालयको प्रमुख भुमिका

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९	अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने ।
२	अध्यागमन ऐन, २०४९	अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने ।
३	अध्यागमन नियमावली, २०५१	अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने ।
४	उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७	- प्रजिअले उमेर, नाम र जात सच्याउने सम्बन्धमा फैसला गर्ने । - नागरिकता र शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात फरक परेमा सच्याउने फैसला गरी परीक्षा नियन्त्रकलाई फैसलाको नक्कल सहित पठाउने । - उमेर, नाम र जात फरक परेमा सच्याउने सम्बन्धमा आवश्यक भएमा समन जारी गर्न, साक्षीहरु उपस्थित गराउने, - लिखतहरु पेश गराउन, प्रमाण र सरजमीनहरु बुझ्न प्रमुख जिल्ला अधिकारीलाई नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।
५	उपभोक्ता संरक्षण ऐन, २०७५	अधिकार प्रत्यायोजन भएअनुसार कार्यान्वयन गर्ने ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
६	कारागार ऐन, २०१९	- जिल्लाको कारागारको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुने । - प्रमुख जिल्ला अधिकारीले ६ महीनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै कारागारको जाँच गर्नु गराउनु पर्ने । - कारागारका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा तीन महीना सम्म कैद वा दुईसय रुपैयाँसम्म जरिवाना वा दुबै गर्न मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार प्रजिअमा रहने ।
७	कारागार नियमावली, २०२०	- बदमासी गरे बापत गोलघरमा राखिने कैदीको जनाउ जेलरले प्रमुख जिल्ला अधिकारीलाई तुरुन्तै गराउने नेपाल सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नु परेमा कारागार कार्यालयले ठेकुवा लगत बमोजिमका थुनुवा वा कैदीको कैद भुक्तानी कटाई बाँकी कैद देखाइएको लगत सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्ने । - छुट्कारा पाएका कैदी वा थुनुवाहरु मध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भए बमोजिम आवश्यक बाटो खर्च दिइनेछ । - कैदीवन्दीहरूलाई नियमानुसार दिइने लुगाको निमित्त कपडाको किसिम र नमूना प्रमुख जिल्ला अधिकारीले पास गरिदिए बमोजिम तयार गरी दिइनेछ । - कारागार कैदी वा थुनुवालाई आए गएको चिट्ठीपत्र जेलरले सेंसर गर्दा देश लाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको संकेत चिन्ह र सार्वजनिक हित बाहेक कुनै संगठन गर्ने विचार दर्शाएको चिठी पत्रपत्रिका जफत गरी कारवाईको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्ने । - कैदको सजाय छोट्याउन जेलरले पेश गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा जिल्ला प्रमुख अधिकारीले आफ्नो रायसाथ कारागार व्यवस्थापन विभागमा पठाउनु पर्ने । - कारागारमा रहेका कैदी वा थुनुवाहरुलाई असल मनोवृत्ति तर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण योग्य व्यक्तिहरुबाट गराइनेछ । प्रशिक्षकलाई पारिश्रमिकको रुपमा एक पटकमा एक सय रुपैयासम्म दिइनेछ । जेलरले प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षणको विषयको बारेमा प्रमुख जिल्ला अधिकारीको निकासा लिनु पर्ने । - कैदी वा थुनुवालाई सरुवा गर्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीहरुले आपसमा परामर्श गरी आवश्यक व्यवस्था मिलाउने ।
८	कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२	- कालोबजार तथा केही सामाजिक अपराध सम्बन्धि मुनासिब माफिकको उजूर परेमा वा विश्वास पर्दो सूचना प्राप्त भएमा वारेण्ट जारी गर्ने । - औषधिमा मिसावट र मिसावट भएको औषधिको बिक्री वाहेकका अन्य कसुरमा प्रमुख जिल्ला अधिकारीले मुद्दाको कारवाही र किनारा गर्ने ।
९	कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१	- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धि उजूरीको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।प्रमुख जिल्ला अधिकारी विरुद्धको उजूरीको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई हुनेछ ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
१०	खाद्य ऐन, २०२३	- दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्ने र भुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गरेको कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।
११	खाद्य नियमावली, २०२७	- उत्पादित खाद्य पदार्थ ऐनको दफा बमोजिम निधार्रित गुणस्तर वा मात्राको नभएमा सो शर्त अनुसारको व्यवस्था र गुण स्तरमा सुधार नगरेसम्मको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिसमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो खाद्य उद्योगको उत्पादनमा रोक लगाउन सक्नेछ । - कुनै खाद्य पदार्थ दूषित वा न्यूनस्तरको हो भन्ने शंका लागेमा त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाई त्यसको भर्पाई लिई रोक्का राख्न सक्ने ।
१२	छापाखाना र प्रकाशन ऐन, २०४८	- छापाखाना दर्ता गर्ने । - पत्रपत्रिका दर्ता गर्ने ।
१३	छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९	- प्रमाणपत्र नलिई छापाखाना संचालन गरेमा,झुठा विवरण दिएमा, किताव नवुझाएमा,अनधिकृत रुपमा प्रकाशन गरेमा, प्रतिबन्धित प्रकाशन गरेमा, निषेधित प्रकाशन अनुवाद गरेमा, विदेशी प्रकाशन पैठारी गरेमा, प्रेस प्रतिनिधीको प्रमाणपत्र नलिई काम गरेमा जरिवाना गर्ने ।
१४	जलस्रोत ऐन, २०४९	- जिल्ला जलस्रोत समितिको अध्यक्ष
१५	जलस्रोत नियमावली, २०५०	
१६	जग्गा प्राप्ति ऐन, २०३४	- मुआब्जाको किसिम र सो निर्धारण गर्ने समितिको अध्यक्षको रुपमा रहने । - जग्गा प्राप्तिको सूचना जारी गर्ने । - जग्गालाई कब्जामा लिई जुन कार्यालय वा संस्थाको निमित्त जग्गा प्राप्त गरिएको हो सो कार्यालय वा संस्थालाई दिन सक्नेछ र तत्पश्चात सो जग्गालाई सम्बन्धित कामको निमित्त उपयोगमा ल्याउन सकिनेछ । यसरी जग्गा कब्जामा लिएपछि स्थानिय अधिकारीले सो कुराको सूचना नेपाल सरकारलाई दिनु पर्नेछ । - मुआव्जा पाउनेको नामावली प्रकाशन गर्ने । - नेपाल सरकार वा संस्थाको स्वामित्वमा आएको जग्गा नेपाल सरकारको लागि प्राप्त गरिएकोमा जग्गाको नामसारी र मालपोतको लगत कट्टा गर्ने । - विशेष परिस्थितमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार । - नेपाल सरकारले जग्गा प्राप्त नगर्ने निर्णय गर्ने । - क्षतिपूर्ति वा मुआब्जा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मन्जुर नगरेमा त्यस्तो क्षतिपूर्ति वा मुआब्जाको रकम बुझ्नको लागि तीन महिनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्ने । सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने छैन र सो क्षतिपूर्ति वा मुआब्जाको रकम सञ्चित कोषमा दाखिल गरिनेछ । - ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाई र किराना गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । - नोक्सानी बापत क्षतिपूर्ति दिइने ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
१७	जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३	- यस ऐन अन्तर्गत सजाय हुने मुद्दाको कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।
१८	नेपाल नागरिकता ऐन, २०६३	- नेपाली नागरिकता जारी गर्ने अधिकारीको रुपमा कार्य गर्ने। प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये वंशजको नाताले र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्ने । - कसैले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा जिल्ला प्रशासन कार्यालय वा अन्य निकायबाट जारी भएको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नागरिकता रद्द गर्ने । - नेपाली नागरिकता त्याग भएमा अभिलेख व्यवस्थापन गर्ने ।
१९	नेपाल नागरिकता नियमावली, २०६३	
२०	पशु बधशाला र मासु जाँच ऐन, २०५५	- यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ ।
२१	पशु बधशाला र मासु जाँच नियमावली, २०५७	
२२	पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५	- यस ऐन अन्तर्गतका कसुरजन्य कार्यहरूको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।
२३	पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६	
२४	प्राचीन स्मारक संरक्षण ऐन, २०१३	- प्रमुख जिल्ला अधिकारीले आफ्नो इलाकामा रहेको पुरातात्विक वस्तुहरुको विवरण पुरातत्व विभागलाई दिनुपर्ने । - पुरातत्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेको घर वा भवनलाई नगर योजना स्वीकृत भएको ठाउँमा नगरविकास योजना कार्यान्वयन समितिले र नगरयोजना स्वीकृत नभएको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पैतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ । - कुनै व्यक्ति वा संस्थाले नियमानुसार स्वीकृति लिई उत्खनन् गर्दा पुरातात्विक महत्वको कुनै वस्तु वा स्मारक भेटिन आएमा त्यसको सूचना अठ्चालीस घण्टाभित्र पुरातत्व विभाग वा प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ र प्रमुख जिल्ला अधिकारीले तत्कालै पुरातत्व विभागलाई उक्त कुराको जानकारी दिनु पर्नेछ । - पुरातत्व विभागमा प्राप्त हुन आएको प्राचीन स्मारक वा पुरातात्विक वस्तु सम्बन्धित धनी वा गुठियारहरूले प्रतिस्थापना गर्न वा यथास्थानमै राख्न फिर्ता पाउँ भनी परेको निवेदन उपर फिर्ताका लागि वास्तविकताका आधारमा पुरातत्व विभाग सिफारिस गर्ने । - जुनसुकै अड्डा अदालतले अन्य प्रचलित नेपाल कानुनबमोजिम गर्दा गराउँदा प्राचीन स्मारक वा पुरातात्विक वस्तुको हकमा भने मालधनी जोसुकै भए तापनि त्यस्तो वस्तु नेपाल सरकारको पुरातत्व विभाग वा उक्त विभागले तोकिदिएको ठाउँमा पठाउनका लागि प्रमुख जिल्ला अधिकारीकहाँ पठाउनु पर्छ र सो वस्तु मालधनीलाई दिने वा लिलाम गरिनेसमेत कुनै कारवाई गर्नु पर्दैन । यसरी उल्लेख भएको वस्तुको बिगोको हकमा प्रमुख जिल्ला अधिकारीद्वारा पञ्चकीर्ति मोल कायम गरी लिई प्रचलित नेपाल कानुनबमोजिम दिलाउने भराउने गर्नु पर्छ ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
		- प्रमुख जिल्ला अधिकारीले प्रत्येक वर्ष आषाढ मसान्तभित्र आफ्नो जिल्लाभित्र रहेका पुरातात्विक वस्तुहरूको विवरण नियमावलीमा तोकिए बमोजिम भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ । - प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्र कुनै पुरातात्विक वस्तु फेला परेको जानकारी पाएमा त्यसरी जानकारी पाएको मितिले पैंतीस दिनभित्र सो वस्तुको सम्पूर्ण विवरण नियमावलीमा तोकिए बमोजिमको फाराममा भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ ।
२५	प्रहरी ऐन, २०१२	- जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहने छन सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ । कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ । - वारेण्ट इत्यादि जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार । - सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जन साधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ । - प्रमुख जिल्ला अधिकारीले त्यस्तो सम्पत्ति रोक्का गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महिनाभित्र आफ्नो हक दावीको सबूत समेत लिई दावी गर्न आउनु भनी इश्तिहार जारी गर्न सक्नेछ । - बेवारिसी सम्पत्तिको जिम्मा लिने र त्यसकोतायदाती खडा गरी प्रमुख जिल्ला अधिकारी कहाँ पेश गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ । - प्रमुख जिल्ला अधिकारीले सो डायरी झिकाई जाँच्न सक्नेछ ।
२६	प्रहरी नियमावली, २०७१	- प्रहरीको अनुशासन, आन्तरिक व्यवस्था र अपराध अनुसन्धानको कुरामा बाहेक जिल्लाका सम्पूर्ण प्रहरी कर्मचारीहरू प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहनेछन् । - जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले जिल्ला छोड्दा त्यसको पूर्व सूचना प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ । - महानगरीय प्रहरी परिसर प्रमुख र जिल्ला प्रहरी प्रमुखको कासमुमा सुपरीवेक्षकको भुमिका निर्वाह गर्ने । - आफूसमक्ष पेश भएको कार्यसम्पादन फाराम मूल्याङ्कन गरी श्रावण मसान्तसम्ममा एक प्रति मन्त्रालय र एक प्रति प्रहरी प्रधान कार्यालयमा सिलबन्दी गरी पठाई एक प्रति आफ्नै कार्यालयमा सिलबन्दी रुपमा राख्नु पर्नेछ । - प्रमुख जिल्ला अधिकारीले वर्षको कम्तीमा एक पटक जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर, इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त र प्रहरी प्रभागको निरीक्षण गर्नु पर्नेछ ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
		- प्रत्येक इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त, प्रहरी प्रभाग र प्रहरी चौकीमा रहेको डायरी तथा प्रहरी सम्बन्धी गोप्य प्रतिवेदन सहित अन्य अपराध सम्बन्धी सारांश प्रतिवेदन हेरी आफ्नो प्रतिक्रिया सहितको सूचना तुरुन्त जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखलाई दिनुपर्नेछ । यसरी निरीक्षण गर्दा जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरको प्रमुखले आफ्नो मातहतका प्रहरी कार्यालयहरूको निरीक्षण गरे वा नगरेको सम्बन्धमा समेत निरिक्षण गर्नु पर्नेछ । - सीमावर्ती इलाकामा घट्ने अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी अनुसन्धान गर्ने काममा स्थानीय प्रहरी कार्यालयको प्रमुखले पारस्परिक सहयोग पुऱ्याउने सिलसिलामा छिमेकी मित्र राष्ट्रका सीमावर्ती इलाकामा रहेका प्रहरी कार्यालयका समानस्तरका प्रहरी अधिकृतसँग आवश्यकता अनुसार छलफल गर्नु परेमा वा सोका लागि सम्बन्धित मित्र राष्ट्रमा जानु परेमा प्रमुख जिल्ला अधिकारीलाई समेत जानकारी गराउनु पर्नेछ । - कर्तव्य पालनाको शिलशिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर लास फेला पर्न नसकेको अवस्थामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी र सम्बन्धित प्रहरी कार्यालयको प्रमुखको संयुक्त प्रतिवेदनको आधार मा हत्या गरिएका प्रहरी कर्मचारीको परिवारलाई नियम अनुसारको बमोजिमको सुविधा दिइनेछ । - सुरक्षा प्रतिकूल क्रियाकलाप, खराब चरित्र भएका व्यक्ति, शङ्कित व्यक्ति तथा गतिविधिहरूको बारेमा प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन गर्ने ।
२७	भ्रष्टाचार निवारण ऐन, २०५९	- अधिकार प्रत्योजन भएअनुसार कार्यान्वयन गर्ने ।
२८	मुलुकी अपराध संहिता, २०७४	**
२९	मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४	मुलुकी अपराध संहिता, २०७४ अनुसार प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाको फर्छ्यौटको लागि मुलुकी फौजदारी कार्यविधि अनुसार कार्यान्वयन गर्ने ।
३०	मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५	
३१	यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३	- पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपि सहित निवेदन प्राप्त भएको मितिले पैंतीस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्नेछ ।
३२	राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६	- अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
३३	राहदानी ऐन, २०२४	अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने ।
३४	राहदानी नियमावली, २०६७	
३५	राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८	अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने ।
३६	लागु औषध (नियन्त्रण) ऐन, २०३३	अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने ।
३७	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४	- जिल्ला विपद् व्यवस्थापन समिति को अध्यक्षको रुपमा कार्य गर्ने । - विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ । - नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने, - यस ऐन अन्तर्गतको कुनै कसुरजन्य कार्य गरेमा मुद्दाको कारबाही र किनारा प्रमुख जिल्ला अधिकारीले गर्नेछ ।
३८	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६	
३९	विभूषण ऐन, २०६४	- जिल्ला स्तरवाट गरिने विभुषण सिफारिस लगायतका कार्यहरु लगायत अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने ।
४०	विभूषण नियमावली, २०६५	
४१	बिष्फोटक पदार्थ ऐन, २०१८	- बिष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने , परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण अधिकार - प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कीत वा घटीमा नायब निरीक्षक दर्जाका प्रहरी कर्मचारीले इजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भैरहेको कुनै ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमूना मूल्य तिरी लिन सक्नेछ । - नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझ बाहकमा वा त्यसको आसपासमा दफा ८ मा लेखिए बमोजिमको कुनै दुर्घटना भएमा सरोकारवाला नेपाली सेनाका अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्दछ ।
४२	बिष्फोटक पदार्थ नियम, २०२०	- बिष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने , परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण .निरीक्षण गर्ने, खोजतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार तथा गिरफ्तार गर्ने अधिकार

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
४३	स्थानीय प्रशासन ऐन, २०२८	- जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने र । सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारी रहने । - जिल्ला सुरक्षा समितिको अध्यक्षको भुमिका निर्वाह गर्ने । - कर्फ्यु लगाउन सक्ने । दङ्गाग्रस्त क्षेत्र घोषित गर्न सक्ने - जिल्ला स्तरका कार्यालयहरू माथि रेखदेख, नियन्त्रण र निर्देशन दिने । - जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने, स्थानीय सरकारले सञ्चालन गरेका विकास कार्यहरूमा सहयोग पुऱ्याउने, जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने दायित्व । - जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षः नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ - प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेत ठीक अवस्थामा रहे नरहेको, प्रहरी कर्मचारी र अधिकृत जवानहरूले कानून बमोजिम काम कारवाही गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गर्ने । - मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकार - अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरवाही साथ बोली हिंड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटकै पिच्छे बढीमा ड्डएक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । - बेवारिसी मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नु पर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वित गर्न चाहिने जति मालसामान बिक्री गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ । - प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंस्रक जनवारले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा नगरपालिका वा गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाइदिन वा ड्डवन तथा भू-संरक्षण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ । - कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो विक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना वा तीन महीनासम्म कैद गर्न वा दुबै सजाय गर्न सक्ने । - प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटी पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्की बिग्री, नोक्सान हुन लागेमा त्यसको धनी, वारिस नगरपालिका वा गाउँपालिका वा गुठी संस्थानद्वारा मरमत गर्न लगाउनु पर्दछ ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
		- सरकारी जग्गा सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभै कसैले घर बनाउनु हुँदैन । कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ । - मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए संरक्षक वा माथवर जिम्मा लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ । - कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठीक ठहरेमा पाँच रूपैयाँ दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ । - परम्परादेखि चलिआएको धार्मिक पूजा आजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी, महाशिवरात्री, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशुपक्षी वध गर्न मनाई गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशुपन्छीको वध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पाँचसय रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिबानाको आदेश उपर पुनरावेदन लाग्नेछैन । - सडकमा छाडा गाइवस्तुलाई सम्बन्धित नगरपालिकाले पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाई वस्तुलाई पक्री लिलाम गर्ने । - सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गर्ने ।
४४	सशस्त्र प्रहरी ऐन, २०५८	- मुद्दाको सुनुवाइको क्रममा कुनै साक्षीबाट केही बुझ्नु पर्ने देखेमा सशस्त्रप्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाव्हान जारी गरी बुझ्न सक्नेछ । तर बुझ्नु पर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाई वा खर्च हुने वाअसुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्द सवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी पठाउने गरी सशस्त्रप्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ ।
४५	सशस्त्र प्रहरी नियमावली, २०७२	
४६	सार्वजनिक सुरक्षा ऐन, २०४६	- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा प्रमुख जिल्ला अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजर बन्द राख्ने आदेश जारी गर्न सक्नेछ । - स्थानहदको आदेश जारी गर्ने ।

सि.न	ऐन र नियमावली	प्रमुख जिम्मेवारी
४७	संस्था दर्ता ऐन, २०३४	- संस्था दर्ता गर्ने आदेश दिनेनविकरण गर्ने । - संस्थाको कुनै सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने बाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ । - संस्थाको उद्देश्यहरुमा हेरफेर - आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ । हिसाब जाँच गराए वापत हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निधर्रित गरेको दस्तूर असूल गरी लिन सक्नेछ । - दर्ता नगराई संस्था स्थापना गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई जनही दुई हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।
४८	संस्था दर्ता नियमावली, २०३४	
४९	सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४	- जिल्लाभित्रका सरकारी सेवा प्रदायक निकायहरुको काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको संयोजक को रुपमा कार्यगर्ने । - अदालत र रक्षा सम्बन्धी निकाय बाहेक अन्य जिल्लास्थित कार्यालय तथा विकास आयोजनाको वर्षमा एकपटक सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षण गर्नु पर्नेछ ।
५०	सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५	
५१	शिक्षा ऐन २०२८	- जिल्ला शिक्षा समितिको सदस्यको भुमिका - यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने ।
५२	शिक्षा नियावली २०५९	- जिल्ला अनौपचारिक शिक्षा समितिको सदस्य - माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिको अध्यक्षता - वृत्ति सिफारिस समितिको अध्यक्षता - विद्यालयको सम्पत्ति सुरक्षा समितिको अध्यक्षता - प्रमाणपत्र छानविन समितिको अध्यक्षता
५४	सूचनाको हकसम्बन्धी ऐन, २०६४	- Pro active Disclosure - सूचना अधिकारीको व्यवस्था - सूचना अधिकारीहरुको नियमित वैठक
५५	सूचनाको हकसम्बन्धी नियमावली, २०६५	
५६	सवारी तथा यातायात व्यवस्था ऐन, २०४९	- कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने वित्तिकै त्यस्तो सवारी साधनको धनी वा व्यस्थापकले दुर्घटनास्थल रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ । - प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काइस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तीन महिनाभित्र सम्बन्धित व्यक्तिलाई सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा बिमकबाट उपलब्ध गराइदिनु पर्नेछ ।
५७	सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४	
५८	होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३	- ऐनमा उल्लेखित व्यवस्था उल्लंघन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई बढीमा ३ महीनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ ।
५९	होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरु, २०२४	

** मुलुकी अपराध संहिता २०७४ अन्तर्गत
प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दा (कसुर र सजाय)

दफा	कसुर	सजाय
परिच्छेद २ सार्वजनिक शान्तिविरुद्धको कसूर		
६०	गैरकानूनी भेला गर्न नहुने	६ महिनासम्म कैद र ५ हजार रुपैयाँसम्म जरिवाना
६१	गैरकानूनी भेला रोक्ने वा भङ्ग गर्ने आदेश उल्लङ्घन गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजारसम्म जरिवाना वा दुवै
६४	हूलदङ्गा गर्न नहुने	हुलदङ्गा भइसकेकोमा १ वर्षसम्म कैद र हुलदङ्गा भइरहेकोमा ६ महिना सम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
६५	सार्वजनिक शान्ति खलल पार्न नहुने	१ वर्षसम्म कैद र १० हजारसम्म जरिवाना
६६	राष्ट्रसेवकलाई बाधा विरोध गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
६९	कर्फ्यु उल्लङ्घन गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
७०	झुट्ठा अफवाह फैलाउन नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
७१	शान्ति भङ्ग गर्न घर, जग्गा वा सवारी साधन दिन नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
७२	संवेदनशील सार्वजनिक क्षेत्रमा मशाल जुलुश गर्न नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
परिच्छेद ३ सार्वजानिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसुर		
८४	झुट्ठा जानकारी दिन नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
८५	बाधा विरोध गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
८६	राष्ट्र सेवकलाइ मद्दत दिन इन्कार गर्न नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
८७	आदेशको अवज्ञा गर्न नहुने	६महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै

दफा	कसुर	सजाय
११३	सार्वजनिक बाटो, नदी वा स्थलमा खतरा वा बाधा पुऱ्याउन नहुने	२५ हजार रुपैयाँसम्म जरिवाना
११६	पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
११७	आफ्नो पशुपंक्षी अर्काको घर जग्गा वा सार्वजनिक बाटोघाटो वा सार्वजनिक स्थलमा छाडा छोड्न नहुने	३ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
११८	अभद्र व्यवहार गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
१२२	सार्वजनिक स्थानमा यौनाङ्ग देखाउन नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
१२३	सार्वजनिक स्थानमा यौन क्रिया गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
१२४	सार्वजनिक उपद्रयाईं गर्न नहुने	२५ हजार रुपैयाँसम्म जरिवाना।
१२५	जुवा खेल्न वा सट्टाबाजी गर्नु नहुने	३ महिनासम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना।
परिच्छेद १० भेदभाव तथा अन्य अपमानजनक व्यवहार सम्बन्धी कसुर		
१६५	सामाजिक रीति स्थितिमा खलल पार्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
परिच्छेद २७ पशुपन्छी सम्बन्धी कसुर		
२९०	पशुपक्षी प्रति निर्दयी व्यवहार गर्न नहुने	३ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
२९१	सार्वजानिक स्थलमा पशु वा पक्षी मार्न नहुने	१ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
परिच्छेद ३ सार्वजानिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसुर		
७५	समाह्वान, इतलायनामा इत्यादिको तामेलीमा बाधा पुर्याउन नहुने:	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्ने। राष्ट्रसेवकले गरेको भए ३ महिनासम्म कैद थप ।
७६	समाह्वान, इतलायनामा, सूचना वा आदेश नबुझी फर्काउन नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
७७	समाह्वान, इतलायनामा, सूचना वा आदेश तामेल हुन नदिई छली हिड्न नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
७८	समाह्वान, इतलायनामा इत्यादि च्यात्न वा उप्का(उन नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै

दफा	कसुर	सजाय
७९	झुठ्ठो तरिकाले म्याद तामेल गर्न नहुने	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
८०	लिखत पेश गर्न इन्कार गर्न नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
८२	शपथ गर्न इन्कार गर्न नहुने	३ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
८३	जवाफ दिन इन्कार गर्न नहुने	६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै
परिच्छेद ४ सार्वजानिक न्याय विरुद्धका कसुर		
९८	झुट्टा उजुरी दिन नहुने	जुन कसुरको झुटो अभियोग लगाएको हो त्यस्तो कसुरमा हुन सक्ने सजायको उपल्लो हदको आधासम्म सजाय साथै कुनै हानी नोक्सानी भएको भए क्षतिपूर्ति कसुरदारबाट भराई दिने।
१००	जमानतको शर्त विपरीत अनुपस्थित हुन नहुनेः	१ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै

श्री ५ को सरकार
गृह मन्त्रालय
(ना.आ.तथा अ.शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्रसंख्या:- गृ.मन्त्रा १(क)०४८।४९ च.नं. ७५७

मिति:-२०४९।२।२८

विषय:- अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल नागरिकता ऐन २०२० को दफा ६ बमोजिमको शर्तहरू पूरा गरेकी नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले अंगीकृत नागरिकता मांग गरी निवेदन दिएमा मिति २०४६।६।१६ मा प्रकाशित खण्ड ३९ संख्या २४ को नेपाल राजपत्र भाग ३ को सूचना बमोजिम न प्रमुख जिल्ला अधिकारीले वैवाहिक सम्बन्धको नाता बाट अंगीकृत नागरिकता प्रदान गर्ने र नागरिकताको प्रमाण पत्र दिने सम्बन्धी अधिकारहरू यथावत प्रयोग गर्न पाउने भन्ने निर्देशन पठाउने श्री ५ को सरकार (मन्त्री स्तरीय) को मिति २०४९।२।२८ मा निर्णय भएको हुंदा निर्णयानुसार हुन अनुरोध छ ।

(देवराज रेग्मी)
उप सचिव

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.आ.तथा अ. शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या:- वियोना १ ।स.टि.फा.६६।०४६।०५० च.नं. ८४१
प्राप्त पत्र संख्या र मिति:-

मिति २०४६।१२।२५

विषय:- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
वर्दिया ।

तहाँको पत्रसंख्या च.नं.२६७६ मिति २०४६।१२।१० को पत्रबाट माँग भई आएको विवरण अवगत भयो । सो सम्बन्धमा नेपाल अधिराज्यको जुनसुकै जिल्लामा जन्म भई स्थायी वसोबास गरी आएका नेपाली नागरिकहरू अर्को जिल्लामा बसाइ सरेकोमा प्रचलित कानून बमोजिम बसाई सरेको, सरी आएको प्रमाण प्राप्त गर्न सक्ने अवस्था छ । अन्यत्र जिल्लाबाट आफन्त भेट्न आउने डेरा गरी बस्ने वा अन्य कुनै तरिकाबाट अस्थायी रूपमा बस्ने व्यक्तिको हकमा निज जुन जिल्लामा स्थायी वसोबास गरेको छ, सोही जिल्लाका प्र.जि.अ समक्ष ना.प्र.को लागि कानून बमोजिम निवेदन दिनु पर्ने कुरा जिल्ला प्रशासन कार्यालयहरूलाई अवगत हुन पर्ने कुरा हो । नागरिकता प्रमाण पत्रको आवेदन फारममा नै जन्मस्थान, स्थायी वसोबास, बाबु बाजेको नाम आदि विवरण स्पष्ट उल्लेख हुन पर्ने र ती विवरणहरूको छानविन र विश्लेषण सम्बन्धित प्र.जि.अ.बाट गरी नेपाली नागरिक ठहरेमा प्रमाण पत्र दिने व्यवस्था भएको हुँदा सोही बमोजिम गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

२०४६।१२।२५

शाखा अधिकृत

शिक्षा संस्कृति तथा [illegible] मन्त्रालय,
परोक्षा नियन्त्रण कार्यालय

च.नं

सानोठिमी भक्तपुर

प्राप्त प.सं.र मिति:-

मिति:-

च.नं- १५३१

विषय:- उमेर,नाम,जात संशोधन गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय

.....बादिया..... ।

उमेर नाम,थर जात,बच्याउने नियमहरु २०१७ को दफा ३ को उपदफा २ अनुसार जिल्ला प्रशासन कार्यालयको फैसला अनुसार एस.एल.सी परीक्षा उत्तीर्ण गर्नेको नाम,थर उमेर र बाबुको नाम समेत यस कार्यालयबाट बच्याई दिने व्यवस्था मिलाईदेको व्यहोरा अनुरोध छ ।

यसरी आफ्नो नाम,थर उमेर र बाबुको नामथर समेत बच्याउन आउने व्यक्तिहरुको संख्या दिन प्रतिदिन बढदै गएको परिप्रेक्षमा कुनै एउटा व्यक्तिको नाम बाट अर्को व्यक्तिले नाम,थर बच्याई प्रमाण पत्र लगि अनैतिक कार्य पनि गर्न सक्ने सम्भावना देखिएको हुदा यस्तो हुन नदिन समयमै यस तर्फ ध्यान दिनु पर्ने देखिएको हुदा कुनै व्यक्तिको आफ्नो उमेर नाम,थर वा बाबुको नाम थर समेत परिवर्तन गर्नु पर्ने स्थितिमा त्यसता नाममा दुबै नाम भएको एउटै व्यक्ति हो भन्ने प्रमाणित कार्यालय पनि विश्वस्त भै तहाँको फैसला यथाशिघ्र कार्यान्वयन गर्न र सक्रियोस भन्ने उद्देश्यले यस कार्यालय संग सम्बन्धित तहबाट हुने फैसलाहरु मा निवेदकले एस.एल.सी परीक्षा पहिलो वर्ष दिंदाको र एस.एल.सी उत्तीर्ण गरेको वर्षको बाल र सि.नं.हरु अनिवार्य रुपले उल्लेख भै निवेदकको प्रमाणित फोटोको साथै नागरिकता नंबर समेत फैसलामा उल्लेख गरी दिने व्यवस्था हुन अनुरोध छ ।

2070-2-9

सहायक नियन्त्रक

श्री ५ को सरकार

गृह मन्त्रालय

(... ... ...

श्री ५ को सरकार
गृह मन्त्रालय
(ना.आ.तथा अ.शाखा)
सिंहदरबार ।

पत्रसंख्या:- वियौना १ स १०४६।५० च.नं. ६६३

मिति:२०५०।२।२१

विषय:- नागरिकता कार्डको हिफाजत गरी प्रयोग गर्ने बारे ।

श्री प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय,
सबै ।

विभिन्न जिल्ला प्रशासन कार्यालयहरूबाट नागरिकताको प्रमाण पत्रको खाली कार्डहरू हात पारी विभिन्न व्यक्तिहरूले जाली नागरिकता प्रमाण पत्रको प्रमाण पत्र बनाई कीर्ते सही छाप समेत गरी अवैध काम र गलत धन्दामा उपयोग गर्ने गरेको देखिन आएको हुंदा यस्तो कार्यलाई नियन्त्रण र निरूत्साहित गर्न नागरिकताको कार्डको वितरणमा नियन्त्रण एवं निगरानी राख्न आवश्यक भएको हुंदा लेखिएको छ । तसर्थ कार्ड वितरण प्रक्रियामा निम्नित गर्न निम्न बमोजिम गर्ने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

(क) नागरिकताको प्रमाण पत्रका खाली कार्डहरू प्र.जि.अ.को प्रत्यक्ष नियन्त्रणमा राख्ने ।

(ख) कार्डहरू जिम्मा बुझिलिने स्टोर किपरले नागरिकता कार्ड मर्ने सम्बन्धित फर्मको तोकिएको कर्मचारीलाई प्रमुख जिल्ला अधिकारीको लिखित रूपमा निकासा लिएर मात्र ना.प्र.प.का कार्डहरू जिम्मा दिने ।

(ग) प्रत्येक दिनको ना.प्र.प. कार्डको खर्च, वितरण र रद्द गरिएको कार्डको समेत अनिवार्य रूपमा मिलान गर्ने ।

(घ) खाली कार्डहरू कार्यालय बाहिर कुनै पनि हालतमा जान नदिने ।

(ङ०) नागरिकताको प्रमाण पत्र (कार्ड) कार्यालयकै कर्मचारीबाट मात्र भराउने । बाहिरिया व्यक्तिलाई भर्न नदिने ।

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.प्र.तथा अ.शाखा)

सिंहदरबार,

काठमाडौं, नेपाल ।

पत्र संख्या:- नाअ १ (ख) टि.६५।०५०-५१ चै.नं. १२८ मिति:- २०५०।५।१५

विषय:- पेन्सनर र तिनका परिवारको नागरिकता सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,

जिल्ला प्रशासन कार्यालय,

सबै ।

उपर्युक्त विषयमा यस मन्त्रालयबाट भएको मिति २०४५।१२।२४ को परिपत्र नं.४ कायम नै रहेको र यस परिपत्र बमोजिम पतिको नाम, थर परिवर्तन गरिएको अवस्थामा निजकी पत्नीको पनि उक्त परिपत्र अनुसार प्रमुख जिल्ला अधिकारीले मिलाउन सक्ने बेहोरा श्री ५ को सरकार (मन्त्री स्तर) को मिति २०५०।५।१३ को निर्णयानुसार अनुरोध गर्दछु ।

(रमेश चन्द्र अधिकारी)

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(ऐन नियम परामर्श शाखा)

सिंहदरबार,

काठमाडौं, नेपाल।

पत्र संख्या :- क.प्र.ऐ १ घ १६(०५०।०५१) च.नं. 2423

मिति:-०५०।८।२४

विषय:-विदेशी नागरिकलाई धर्मपुत्रापुत्री दिंदा अपनाउनु पर्ने आधारहरू सम्बन्धमा ।

2880

श्री जिल्ला प्रशासन कार्यालय

सबै

नेपाली नागरिक बाल बालिका विदेशी नागरिकलाई धर्मपुत्रापुत्री दिंदा अपनाउनु पर्ने आधारहरू सम्बन्धमा यस मन्त्रालयको प.सं. क.प्र.ऐ.१ घ १६(१२१६)०४८।४६ च.नं. ३४० मिति २०४८।१२।३० र क.प्र.ऐ. १ घ १६ (टि १८)०४६।५० च.नं. ६४ को परिपत्र प्राप्त गर्नु भएके होला । तत्सम्बन्धमा उक्त परिपत्रमा संशोधन गरी देहायको व्यवस्था गर्न श्री ५ को सरकारको मिति २०५०।७।२४ मा निर्णय भएकोले उक्त निर्णयानुसारको रिट पुगेको भएमा पात्र कुने पनि विदेशी नागरिकलाई स्वदेशी बाल बालिका धर्मपुत्रापुत्री को रूपमा दिन सकिने निर्णय साथ पठाउन हुन निर्णयानुसार अनुरोध छ ।

१. बालबच्चा हुन नसक्ने विदेशी दम्पतीलाई ५ वर्षको फरकमा १ छोरा १ छोरी दिन सकिने भैरहेको व्यवस्थाको सट्टा ३ वर्षको फरकमा १ छोरा १ छोरी दिन सकिने ।

२. छोरा पात्र हुने दम्पतिलाई १ छोरी दिन सकिने ।

३. छोरी पात्र हुने दम्पतिलाई १ छोरा दिन सकिने ।

४. छोरा छोरी दुवै भएको विदेशीलाई धर्म पुत्रापुत्री नदिने ।

५. अनाथ बाल बालिकाको हकमा स्वीकृत अनाथालयमा ३ महिना पहिले मर्ना भएको भन्ने व्यवस्थाको सट्टा ३५ दिन पहिले मर्ना भएको भए पात्र सो अनाथालयको स्वीकृति एवं सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिश सहित निवेदन प्राप्त भएमा कारवाही गर्न सकिने । नेपाल बाल मन्दिरले सोझै यस मन्त्रालयमा सिफारिश सहित अनुरोध गरी निवेदन पठाउन सक्नेछ ।

६. धर्म पुत्रापुत्री लिई जानेको वास्तविक बाबु आमा हो होइन यस सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले सम्पूर्ण जाचबुझ गरी दिनेको नागरिकता, छोरा वा छोरीको जन्म दर्ता समेत संलग्न गरी बाबु आमा दुवै भए दुवैको सहमतीमा यकीन राय साथ सिफारिश गरी पठाउनु पर्ने ।

७. धर्म पुत्रापुत्री लिने विदेशीले देहायका आधिकारिक कागजातहरू पेश गर्नु पर्दछ ।

(क) सम्बन्धित देशको सहमती पत्र (ख) चारित्रिक प्रमाण पत्र

(ग) आर्थिक स्थितिको विवरण (घ) स्वास्थ्य सम्बन्धी विवरण

(ङ०) पासपोर्टको प्रतिलिपि (च) पारिवारिक विवरण

८. अविवाहिता वा पारपाचुके गरेकी सन्तान विहीन विदेशी महिलाको हकमा उमेर ४० वर्ष पुरा भै ५५ वर्ष ननाघेको हुनु पर्नेछ ।

९. धर्मपुत्र।पुत्री लिन चाहने दम्पतिका श्रीमान श्रीमती कुनै एक जो Infertile छ सोको Infertility Report को कागजात पेश गर्न लगाउने ।

१०. धर्म पुत्रापुत्रीको रूपमा लैजाने विदेशी नागरिकले बच्चा बालिग नभएसम्म (नेपाल कानून अनुसार) उसको पालन पोषण शैक्षिक स्थिति समेतको विवरणहरू उल्लेख गरी हाल साले खिचेको पन्चोटो सहित संलग्न गरी कम्तीमा वर्षको एक पटक श्री ५ को सरकार समक्ष जानकारी पठाउनु पर्दछ।

११. हालसम्म धर्म पुत्रा पुत्री लगेका र अब जाने समेतका बाल बच्चाहरूको स्थितिको सम्बन्ध मा सम्बन्धित देशका नेपाली राजदूत वा कुटनैतिक नियोगले ती बालबच्चाहरू बालिग (नेपाल कानून अनुसार) नभएसम्म तिनीहरूको पालन पोषण, शैक्षिकस्थिति र रोजगार आदिको वार्षिक प्रतिवेदन अद्यावधिक रूपमा परराष्ट्र मन्त्रालय मार्फत गृह मन्त्रालय, ती बालबच्चा पालिएका सम्बन्धित अनाथालय वा बालमन्दिर एवं तिनीहरू लाई जन्मदिने मातापितालाई समेत पठाउनु पर्नेछ ।

१२. एकै परिवारका जुम्ल्याहालाई धर्मपुत्र पुत्रीमा पठाउँदा सम्भव भए एकै परिवारमा एकै पटक पठाउन प्राथमिकता दिने ।

बोधार्थ तथा कार्यार्थ

श्री कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय,
बबरमहल ।

श्री परराष्ट्र मन्त्रालय,
शीतल निवास ।

श्री बाल मन्दिर ,
नक्साल,काठमाडौं ।

(कौशा कुमार नेम्वाङ०)
कानून अधिकृत
उप - सचिव

गृह मन्त्रालय
(नागरिकता तथा अध्यागमन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्रसंख्या - ना.अ. ०५१।५२ च.नं. १८

२०५१।४।१०

विषय :- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि दिने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।
श्री इलाका शासन शाखा,
सबै ।
श्री सीमा प्रशासन शाखा,
सबै।

नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त व्यक्तिले नागरिकता हराएको, च्यातिएको वा त्यस्तै अन्य कारण जनाई प्रतिलिपि माग गरेको अवस्थामा कार्यालयले अब उप्रान्त प्रतिलिपि दिदा निजको कार्यालयमा रहेको अभिलेख र निजलाई दिइने नागरिकताको प्रतिलिपिमा समेत प्रतिलिपि दिएको पटक र मिति स्पष्ट लेखी प्रमाणित गरी दिने (जस्तै श्याम प्रसादलाई नागरिकता प्रतिलिपि दिदा पहिलो पटक भए पहिलो प्रतिलिपि, दोश्रो पटक भए दोश्रो प्रतिलिपि भनी नागरिकता कार्डको शीरमा अक्षरमा लेख्ने) व्यवस्था गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

(बालकृष्ण प्रसाई)
उप सचिव

श्री ५ को सरकार
गृह मन्त्रालय
(नागरिकता तथा अध्यागमन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्रसंख्या - ना.अ.शि.का०५१।५२। च.नं. २४

२०५१।४।१२

श्री जिल्ला प्रशासन कार्यालय,
... ...

एक पटक नागरिकताको प्रमाण पत्र लिई सकेका विवाहिता महिलाले पुन अर्को लोग्नेसंग विवाह गरी निजको नागरिकतामा उल्लेखित पूर्व पतिको नाम, थर संशोधनका लागि अनुरोध गरेमा पारपाचुके गरेको कानूनी प्रमाण वा दोस्रो विवाह गरेको अन्य विश्वासनिय आधार प्रमाण लिई पछिल्लो पटक विवाह भएको पतिको नागरिकतामा उल्लेखित थर, जात राखी नागरिकताको प्रमाण-पत्र सच्याउने भन्ने मिति २०५१।३।२३ मा श्री ५ को सरकार (मन्त्रीस्तरीय) को निर्णय भएकाले निर्णयानुसार गर्न गराउनु हुन अनुरोध गरिन्छ ।

(बालकृष्ण प्राई)
उप सचिव

श्री ५ को सरकार

गृह मन्त्रालय

(देश नियम परामर्श शाखा)

सिंहदरबार,

काठमाडौं, नेपाल।

चलानी नं:- [illegible]

विषय :- परिपत्र।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै

" नागरिकताको प्रमाण-पत्र र शैक्षिक योग्यताको प्रमाण-पत्रमा लेखिएको जन्म
त फरक परेमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाण - पत्रमा
लेखित जन्म मितिलाई आधार मान्ने " भनी श्री ५ को सरकार (मे. प.) बाट
त २०५०।११।१६ मा निर्णय भएकोले तदनुरुप गर्न गराउने व्यवस्था मिलाउनु हुन अनुरोध

२०२०।११।२४

(कौशा कुमार नेम्वाङ्ग०)

कानून अधिकृत

गृह मन्त्रालय
(ना. प्रा. अ. शाखा)

पत्र संख्या :- ना. अ. १(क) २५२१५३ च नं. २८६
प्राप्त पत्र संख्या र मिति :-

सिंहदरबार
काठमाण्डौं, नेपाल ।
मिति :- २०५२।५।१८

विषय :- जन्मस्थान संशोधन वारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
.....

जन्मस्थान नेपाल देखाई नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेका व्यक्तिहरुले आफ्नो जन्म हङकङ (विदेश) मा भएकोले प्राप्त नागरिकता प्रमाणपत्रमा जन्मस्थान संशोधन गरि पाउन सप्रमाण माग गर्ने गरेकाले त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्रमा जन्मस्थान संशोधन गर्ने सन्दर्भमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशनको लागि माग भै आएको सम्बन्धमा खासै गरी हङकङमा जन्मिएका व्यक्तिको नागरिकता प्रमाणपत्रमा जन्मस्थान नेपाल उल्लेख भएको रहेछ भने त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्र संशोधन गरी दिने व्यवस्था हुन श्री ५ को सरकार (मन्त्रिस्तर) को मिति २०५२।५।१४ को निर्णयानुसार अनुरोध गरिन्छ ।

साथै, नेपालमा जन्मिएका व्यक्तिको जन्मस्थान हङकङ (विदेश) कायम गर्न कानूनले नमिल्ने हुदाँ कथम्कदाचित त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्रमा हङकङ जन्मस्थान गरी संशोधन गरेको पाइएमा विभागीय सजायको कारवाही हुने बेहोरा समेत निर्णयानुसार जानकारीको लागि अनुरोध गरिन्छ ।

(मोहन बहादुर के.सि.)
शाखा अधिकृत

२५/६।९३

श्री ५ को सरकार
गृह मन्त्रालय
(नागरिकता तथा अध्यागमन शाखा)

पत्र संख्या :- [illegible] (गृ) ०५२।०५२ च. नं. ०००४५५

प्राप्त पत्र संख्या र मिति :-

सिंहदरबार
काठमाडौं, नेपाल ।
मिति :- २०५२।७।२

विषय :-

श्री जिल्ला प्रशासन कार्यालय,
.....वर्दिया..... ।



श्री ५ को सरकार र सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीका परिवारलाई भै शिक्षकको परिवारलाई पनि शिक्षक कार्यरत जिल्ला (बेजिल्ला)बाटै नागरिकता प्रमाणपत्र दिन मिल्ने/नमिल्ने बारेमा निर्देशन माग भै आएको सन्दर्भमा श्री ५ को सरकारको बजेटबाट तलब भत्ता खाने र वंशज / जन्मसिद्ध नागरिकता (बाबुको) प्राप्त गरेका स्थायी शिक्षकका परिवारलाई समेत कर्मचारीका परिवारलाई नागरिकता प्रमाणपत्र दिंदा अवलम्बन गर्नुपर्ने प्रक्रिया अपनाई नागरिकताको प्रमाणपत्र दिन सकिने नीति श्री ५ को सरकारको २०५२।६।२४ को निर्णयबाट प्रतिपादन भएको हुँदा निर्णयानुसार गर्नु हुन अनुरोध गरिन्छ ।

साथै, उपर्युक्त बमोजिम बेजिल्लाका शिक्षकका परिवारलाई नागरिकता दिंदा सम्बन्धित गा. वि. स. तथा जिल्ला प्रशासन कार्यालयलाई समेत अनिवार्य रुपमा जानकारी दिने व्यवस्था हुन अनुरोध गर्दछु ।

(बालकृष्ण प्रसाई)
उप-सचिव

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.प्र. शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल ।

पत्र संख्या:- ना.अ. १(ख) ०५२।५३ च.नं. २९६

प्राप्त पत्र संख्या र मिति:-

मिति २०५२।८।१६

विषय:-

जिल्ला प्रशासन कार्यालय
बर्दिया, घोराही
२०२२
०५२।८।१९

श्री जिल्ला प्रशासन कार्यालय,
बर्दिया ।

त्यस जिल्लाको मिति २०५२।६।२६ को क्रम संख्या ३२१२ को प्रहरी आ.बा.मा उल्लिखित कास्की जिल्लाबाट त्यस जिल्लामा बसाई सराई गरी आएका यम प्रसाद सापकोटाको नागरिकता प्रमाण-पत्र सम्बन्धमा जिल्ला प्रशासन कार्यालय कास्की बुझ्दा २०४७ साल बैशाख १६ गते सो जिल्लाको प्रशासकीय भवन आगलागीमा परी कार्यालयका सम्पूर्ण कागजात जली नष्ट भएको भनी लेखी आएको छ । निजले प्राप्त गरेको सक्कल नागरिकता प्रमाण-पत्र हराएको भन्ने देखिएको र निजको ना.प्र.प.को कार्यालय प्रति पनि आगलागीमा परी नष्ट भएको भन्ने देखिएको छ । तसर्थ: निज त्यस जिल्लामा बसाई सराई गरी बसेका हुन, होइनन् बुझी बसाई सराईको प्रमाण पेश गर्न लगाई आवश्यक जाँच बुझ गरी नेपाली नागरिक ठहरिएमा कास्की जिल्लाबाट प्राप्त गरेको नागरिकता छैन भन्ने कागज गराई पुनः नयाँ नागरिकता दिनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

२०५२।८।१६

गाखा अधिकृत

नागरिकता
२०५२।८।१९

श्री ५ को सरकार

गृह मन्त्रालय

(... ... ...% ... ... शाखा)

ना. तथा अ.को

पत्र संख्या:- ८८ ६६४

प्राप्त पत्र संख्या र मिति:-

सिंहदरबार
काठमाडौं, नेपाल ।
मिति ... ..२०५२।९।१३... ...

विषय:- निर्देशन ।



श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विगत ०३३।०३४ सालमा खटिएको नागरिकता टोलीले खडा गरेको रजिष्टरमा नागरिकताको किसिम जन्मसिद्ध उल्लेख भएका व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र माग गर्न आएमा जन्मसिद्ध नेपाली नागरिकताको प्रमाणपत्र दिन मिल्छ, मिल्दैन भनी जिल्ला प्रशासन कार्यालय नवलपरासीबाट निर्देशन माग भई आएको व्यहोरा पेश हुँदा " यसमा निवेदक बालिग भएको अवस्थामा रजिष्टरमा नाम लेखिएको भए जन्मसिद्ध नागरिकता दिन मिल्ने तर रजिष्टरमा नाम लेखिदा निज नाबालक रहेको भए २०३७ साल चैत्र मसान्त भित्र त्यस्ता व्यक्तिले नागरिकता रोजीसक्नु पर्ने कानूनी प्राबधान भएकोले हाल जन्मसिद्ध वा वंशजको नागरिकता दिन नमिल्ने " भनी मिति ०५२।९।१२ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

०५२।९।१३

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(... ... ... शाखा)

ना. तथा अ.

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ना.अ. १(क)०५२।५३ च.नं. १९८९

प्राप्त पत्र संख्या र मितिः-

मिति ... .०५३।२।३१.

विषयः- नागरिकतामा साना तिना कुरा संशोधन गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपरोक्त विषयमा पहिले वितरण भै सकेका नागरिकताका प्रमाणपत्रहरुमा बाबु, दाजुको नाम, थर, वतन इत्यादी र अन्य सार्थक प्रमाणीत कागजातको आधारमा साना तिना कुराहरु संशोधन गरी पुनः नागरिकता दिंदा पहिलेको नागरिकता खिचि पुनः नयाँ नागरिकता दिने वा प्रतिलिपि नागरिकता दिने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय ताप्लेजुङबाट निर्देशन माग भै आएको व्यहोरा पेश हुँदा लिई सेकको नागरिकतामा विवरण सच्याई दिए पश्चात् सोही व्यहोरा र निर्णय मिति समेत नागरिकता कार्डमा उल्लेख गरी प्रतिलिपि प्रमाणित गरी दिने व्यवस्था गर्ने गरी मिति ०५३।२।२७ मा श्री ५ को सरकार (सचिव स्तरीय) निर्णय भएको हुँदा निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

२०२८।२।२२

शाखा अधिकृत

गृह मन्त्रालय

(..... शाखा)

ना. तथा अ.

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ना.अ.१ क/०५३।५४—८८.९ ४४७

प्राप्त पत्र संख्या र मितिः-

मिति २०५३।६।१३ ...

विषयः— नागरिकताको प्रमाणपत्र खारेज गर्ने बारे ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
(सबै) ।

कुनै नेपाली नागरिकले पटक पटक नागरिकताको प्रमाणपत्र लिएकोमा एउटा नागरिकताको प्रमाणपत्र कायम राखि अन्य खारेज गर्न माग गरेमा सोको निम्ति यस मन्त्रालयमा पठाइने गरिएको व्यहोरा पेश हुंदा "नागरिकता रद्द गर्नु र नागरिकताको प्रमाणपत्रको एउटा प्रमाणपत्र कायम राखी अर्को खारेज गर्नु अलग अलग विषय हुंदा रद्द गर्ने बारे यहां पठाउने र प्रमाणपत्र खारेज गरी नागरिकता कायमै राख्नेमा यहां नपठाइरहन सबै प्र.जि.अ. हरुलाई निर्देशन दिने" भनी श्री ५ को सरकार (मन्त्रीस्तर) बाट मिति ०५३।६।११ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निर्दशानुसार अनुरोध छ ।

(प्रेम नारायण आचार्य)
शा.अ.

श्री ५ को सरकार

गृह मन्त्रालय

(... ... ... ना. तथा अं. ... शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ना०अ०/१२८/०४७/४८-ने.प्र.२१९

चलानी पत्र संख्या र मितिः-

मिति:- २०४७/१२ ... ...

विषय:- नागरिकता प्रमाणपत्र दिने अधिकारीको नाम उल्लेख गर्ने बारे।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नागरिकताको प्रमाणपत्र वितरण गर्दा सम्बन्धित अधिकारीको नाम, थर उल्लेख गर्नु पर्नेमा कतिपय जिल्लाबाट वितरण भएका नागरिकता प्रमाणपत्रमा सो उल्लेख भएको नदेखिएकोले सर्व साधारण जनतामा पर्ने असुविधा समेतलाई हेरी नागरिकताको प्रमाणपत्रमा दस्तखत गर्ने अधिकारीको नाम, थर अनिवार्य रुपमा उल्लेख गर्ने व्यवस्था गर्न गराउन निर्देशानुसार अनुरोध छ।

०४७/७/१२

(श्याम प्रसाद मैनाली)
उप सचिव



श्री ५ को सरकार
गृह मन्त्रालय
(मा उप्र ब शाखा)

पत्र संख्या: ना.प्र.(के)/०८२/८३२/चा.नं.१७७
प्राप्त पत्र संख्या र मिति:

सिंहदरबार
काठमाण्डौं, नेपाल
मिति: २०८२।८।१९

विषय: निर्णय कार्यान्वयन गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
(सबै)
।

नागरिकता समस्या समाधानका लागि उच्चस्तरीय नागरिकता आयोगले श्री ५ को सरकार समक्ष पेश गरेको सुझावहरु निम्नानुसार कार्यान्वयन गर्ने भनी श्री ५ को सरकार (मन्त्रिपरिषद्) बाट २०५२।४।४ मा निर्णय भएको हुँदा मं. प. को निर्णयानुसार गर्ने गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

१ नागरिकता नियमावलीको अनुसूचि १ बमोजिमको ढाँचामा वंशजको आधारमा नागरिकता पाउने रीतपूर्वकको आवेदन प्राप्त भए पछि शंका गर्ने मनासिव माफिकको कारण भएको अवस्थामा वा अन्य साधारणतया सिफारिसको आधारमा नागरिकता प्रमाणपत्र दिने नीति लिने भन्ने निर्णय भएकोले सो अनुरुप नागरिकता प्रमाणपत्र दिने व्यवस्था गर्ने ।

२ नागरिकताको लागि प्राप्त आवेदन उपर मनासिव माफिकको शंका लागेमा, छानविन गरी ठहर गर्नु पर्ने अवस्था देखिएमा प्र.जि.अ. ले बढीमा ६० दिन भित्र छानविन गरी आवेदक नेपाली नागरिक हो होइन भन्ने ठहर गर्नु पर्ने ।

३ नागरिकताको आवेदनमा सिफारिस गर्ने अधिकारीले शंका लागेमा बंशज खुल्ने प्रमाण (बाबु वा आमा वा दाजुभाइ वा सहोदर काका वा जेठाबाबु वा काका वा जेठावायुका छोराहरुमध्ये कसैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,) जन्मसिद्धको हकमा जन्मेको प्रमाण, स्थायी वसोवास,जग्गाजमिनको प्रमाण (आफ्नो वा वंशजको व्यक्तिहरुको नाममा भएको) वा नागरिकता नियमावलीको नियम ३ को उपनियम (४) मा व्यवस्था भएका प्रमाण आदि समेतलाई आधार मानी सिफारिस गर्न सक्ने नीति लिने दिने निर्णय भएकोले सो अनुरुप गर्ने व्यवस्थाको लागि प्र.जि.अ ले सिफारिस गर्ने अधिकारीलाई जानकारी गराउने ।

४ प्रक्रियागत त्रुटीका कारणले यदाकदा वंशजको व्यक्तिले जन्मसिद्धको र जन्मसिद्धको नागरिकता लिनु पर्ने व्यक्तिले वंशजको नाताले नागरिकता लिएको पाईएको अवस्थामा सो सम्बन्धमा छानविन गरी वंशज वा जन्मसिद्ध के को आधारमा नागरिकता पाउनु पर्ने हो सो ठहर गरी पहिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र खिची सो अनुरुपको नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने ।

५ समाजमा अझै विद्यमान रहेको जातिगत सकीर्णताले गर्दा जातीय आधारमा आफ्नो हीनताबोध गर्ने व्यक्तिले बाबुको भन्दा फरक थर रासी नागरिकता प्रमाणपत्र माग गर्ने गरेको हुनाले त्यस्तो व्यक्तिहरुको सम्बन्धमा छानविन गरी वंशज नभएको देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने । साथै विदेशमा रोजगारी गर्ने गएका व्यक्तिहरुको नाम, थर फरक गरी रोजगारी गरेको भए पेन्सन पट्टाको सुविधा उपयोग गर्न पाउने गर्नको लागि त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्र सच्याई दिने । त्यस्तै माताकोली अञ्चलका कोही जिल्लाहरुका व्यक्तिले अशोभनीय थर ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्याउन चाहेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याई दिने ।

६ अंगीकृत नागरिकता लिएका विदेशीको नावालक सन्तानको नागरिकता वावुले नागरिकता परित्याग गरेपछि अगीकृत नागरिकता लिएका विदेशीको नावालक सन्तानको नागरिकता पनि स्वत नरहने स्थिति रहेकोले नागरिकता प्राप्ति गर्नु अघि अंगीकृत नागरिकबाट जन्मेका नावालक सन्तानले उमेर पुगी नेपालको अंगीकृत नागरिकता लिन चाहेकी अवस्थामा बाबुले पूर्व मुलुकको नागरिकता परित्याग गरेकोलाई परित्यागको आधारमानी अगीकृत नागरिकता प्रदान गर्ने नीति अवलम्वन गर्ने ।

७ नेपालको संविधान, २०१९ लागू भएपछि नेपालमा जन्मेका जन्मसिद्धको नागरिकता प्रमाणपत्र लिएका नागरिकका भाइ तथा अविवाहित वहिनीले नेपालको नागरिकता पाउन सक्ने कानूनी व्यवस्था नभएकोले त्यस्ता व्यक्ति हाल नेपालमा स्थायी वसोवास गरी आएका भए त्यस्ता जन्मसिद्ध नागरिकका भाइ तथा अविवाहित वहिनीले अंगीकृत नागरिकता माग गरेको अवस्थामा प्राथमिकता दिने नीति लिन ।

८ अगीकृत नागरिकका नावालकहरुलाई अगीकृत नागरिकता लिन केही सरलीकरण गर्ने उद्देश्यले नेपाल नागरिकता ऐन, २०२० को दफा ६ (५) मा भएको विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्व शान्ति, मानवकल्याण वा नेपालको उद्योगधन्दा वा आर्थिक उन्नतिमा योगदान भएको वा गर्न सक्ने हुनुपर्ने व्यवस्था लागू नहुने गर्न ऐनमा सशोधन गर्ने आयोगको सुझावका सम्बन्धमा त्यस्ता नागरिकका नावालक सन्तान (हाल उमेर पुगेका) लाई अंगीकृत नागरिकता दिने सम्बन्धमा निर्णय हुँदा आयोगको सुझावलाई समेत दृष्टिगत गर्ने ।

९ माथि दफा देखिएका उल्लेख भएका विदेशी व्यक्ति बाहेक अन्य विदेशीको हकमा अन्य उपान्त त्यस्ता व्यक्तिको पारिवारिक लगत र आश्रित संख्या तथा मूलुकको खुलाउनुपर्ने गरी नागरिकता दिने नीति लिने ।

१० नागरिकता प्रमाणपत्रको लागि सिफारिश गरिएका व्यक्तिलाई नागरिकता प्रमाणपत्र अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नका लागि जिल्ला विकास समितिले मार्फत आवश्यक व्यवस्था गर्ने ।

११ नागरिकता प्रमाणपत्रमा दस्तखत गर्ने अधिकारीको नमूना दस्तखत (Specimen Signature) ३ (तीन) प्रति नियमित रुपमा मन्त्रालयमा पठाउने ।

(बालकृष्ण प्रसाई)
उप-सचिव

श्री ५ को सरकार

गृह मन्त्रालय

(.....बा. तथा ना. .....शाखा) 3526 913 सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :- च.नं. 369 मिति :- २०५५।१२।७

विषय :- **वैवाहिक सम्बन्धको अंगीकृत नागरिकता बारे ।**

नागरिकता
913

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
सबै ।

विवाहित विदेशी पति पत्नी मध्ये पतिले नेपालको अंगीकृत नागरिकता लिएकोमा अंगीकृत नागरिकता लिनु पूर्व विवाह भएको विदेशी नारीले वैवाहिक सम्बन्धले नेपालको अंगीकृत नागरिकता पाउन सक्ने वा नसक्ने भन्ने विषयमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट सोधनी भै आएकोमा पेश हुँदा पतिले नेपालको अंगीकृत नागरिकता पाउनु भन्दा पहिले विवाह गरेको विदेशी स्वास्नी मानीसले वर्तमान संविधानको धारा ९ (५) अन्तरगत नेपालको नागरिकता प्राप्त गर्न चाहेमा निज महिलाको वैवाहिक सम्बन्ध नेपाली नागरिकसंग (नागरिकता प्राप्त गर्न चाहदाको वखतमा) कायम र विद्यमान छ भने वर्तमान संविधानको धारा ९ (५) बमोजिम विदेशको नागरिकता त्याग्ने कार्वाही चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने हुँदा त्यस्ता महिलाहरुलाई वैवाहिक सम्बन्धको नागरिकता प्रदान गर्न प्र.जि.अ. हरुलाई परिपत्र गर्ने श्री ५ को सरकारको(सचविस्तर) मिति २०५५।१२।५ मा निर्णय भएको हुंदा निर्णयानुसार हुन अनुरोध छ ।

०५५।१२।५

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(..... शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल ।

पत्र संख्या:- ना.प्र.१७७/०५२/५३-५४-६५४०

प्राप्त पत्र संख्या र मिति:-

मिति ... ... २०५२।९।९

विषय:- अंगीकृत नागरिकताको प्रतिलिपि वारे ।



श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

यस मन्त्रालय र तत्कालीन अंचलाधीश कार्यालयहरुबाट वितरण भएका अंगीकृत नागरिकताका प्रतिलिपि पाउँ भनी संबन्धित व्यक्तिले माग गर्न आएमा के, कसरी दिने भनी विभिन्न जिल्लाबाट निर्देशन मागी आएको व्यहोरा पेश हुदा कतिपय जिल्लाहरुमा तत्सम्बन्धि अभिलेखहरु नभएका, भएपनि अस्पष्ट भएका र कार्यालयको छाप तथा नागरिकताको कार्ड सम्बन्धमा पर्ने प्राविधिक कठिनाई समेतलाई हेर्दा त्यस किसिमका नागरिकताका प्रतिलिपि गृह मन्त्रालयबाटै दिन उपयुक्त देखिएकोले त्यस कार्यालयमा त्यस किसिमका निवेदनहरु प्राप्त हुन आएमा सोउपर वास्तविकता बुझी प्र.जि.अ.को राय सहित यस मन्त्रालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

०५२।५।९०

उप-सचिव

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बर्दिया, गुलरिया

फोन { ०८४-२०१३३
,, -२०१३२
फ्याक्स-२०२४५

पत्र संख्या :- २०७१/०७६(नागरिकता)
चलानी नम्बर :- २०२४

मिति :- २०७६।३।२७

विषय :- नागरिकता सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
(ना.तथा अ.प्रवा.)
सिंह दरबार काठमाडौं ।

उपरोक्त सम्बन्धमा नेपाल मे जन्म मे स्थायी बसोबास गर्दै आए रहेका र बाबु को जन्म को नागरिकता लगत मा नाम दर्ता समेत भएको तर ना.प्र. नलिदै मृत्यु भएकोर जेठो दाजुले सोही धिया जन्म सिट लगतमा नाम भए बाट जन्मसिट ना.प्र. प्राप्त गरेको तर पछि गएर कान्छो भाइ जन्मसिट को लगत लिखतपछि जन्म भएको र बाबुको जन्म सिटको लगत मा नाम भएको आधार मा हां मन्त्रालयको च.नं. ५००मिति २०७३।६।३ को परिपत्र बमोजिम वंशजको नातले नागरिकता लि को देखियो । तर बिचको अवधी हेरा ले उसको जन्मसिट नागरिकताको लगत लिखत लिएको मि भन्दा पहिले नै भएको तर जन्म सिटको नाबालिक रजिष्टरमा नाम दर्ता नभएको ले दाजुभाइ को गरिकताको आधारमा वंशजको नातले नेपाली नागरिकता पाउन निवेदन दिएको छ । यस्तो अव मा निजलाइ नागरिकता नदिनु पनि व्यवहारिक रुपमा समस्या पर्ने देखिन्छ ।नागरिकता दिन पनि जन्मसिटको आधारमा दिन नाबालिक लगतमा नाम नहुनु र तौलियको मिति सम्म निजले नागरिक रोज्न सकेको हुनु पर्ने व्यवस्था ले मिलने देखिदैन । यसर्थ यसतोपा वंशजकोनातले नागरिकता दिन नै नमिलने स्पष्ट निर्देशनका लागि अनुरोध गर्दछु ।

०२९।७।१५

(उमेश प्रसाद मैनाली)
प्रमुख जिल्ला अधिकारी
बर्दिया

:-:विष्ट:-:

गृह मन्त्रालय

(... ना. तथा हा ... शाखा)

जिल्ला प्रशासन कार्यालय
दरिवार, सिंहदरबार
पत्र सं. २१६६
मिति ...
सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ना.हा. ०५७।५८ च.नं. ४४६
प्राप्त पत्र संख्या र मितिः-

मिति २०४८।९।१६

विषय:-S. O. S का बालबालिकाको नागरिकता सम्वन्धी निवेदन सम्वन्धित जिल्लामा पठाउने बारे ।

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय ,
सबै ।

नागरिकता प्रमाण पत्रको लागि गरिएको निवेदनमा स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयबाट कानून बमोजिम कारवाही हुने व्यवस्था भएको कुरा विदितै छ ।

सुनसरी जिल्लाको इटहरी नगरपालिका वडा नं. ६ मा अवस्थित एस.ओ.एस. बालग्रामले सो संस्थामा रहेका अनाथ र परित्यक्त बालबालिकाहरुलाई नेपाली नागरिकता प्रमाणपत्रको लागि स्थायी ठेगाना भएको सम्वन्धित जिल्लामा छानविन र प्रकृया पुर्याउने सन्दर्भमा बारम्वार जानु पर्दा कठिनाई भएको कुरा दर्शाई यस मन्त्रालयमा बोधार्थ दिई जिल्ला प्रशासन कार्यालय सुनसरीलाई लेखेको मिति २०५८।९।२ को पत्र प्राप्त भै पेश हुंदा एस. ओ.एस.मा रहेका बालबालिकालाई स्थायी ठेगाना भएको जिल्लामा जान असजिलो हुने, प्रकृया पुर्याउन कठीन हुने भन्ने सम्वन्धमा तिनीहरुको नागरिकता प्रमाणपत्रको लागिको निवेदन एस.ओ.एस. बालग्राम रहेको जिल्ला प्रशासन कार्यालयले (प्राप्त सम्पूर्ण विवरण तथा कागजात सहित) स्थायी ठेगाना उल्लेख भएको सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने र पत्राचार गरी सम्वन्धित निवेदक र एस.ओ.एस.बाट आवश्यकता अनुसारको उपलब्ध थप कागजात समेत पठाई प्रकृया पुर्याउने र छानवीन गर्ने विषयमा एस.ओ.एस.रहेको सम्वन्धित जिल्ला प्रशासन कार्यालयले माध्यमको काम गर्ने दिन जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने भनी मिति २०५८।९।५ मा (सचिव स्तरीय) निर्णय भएको हुंदा निर्णयानुसार अनुरोध छ ।

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(.....शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च. न.:- २५५

मिति :- .....

विषय :-

२) यो पत्र प्राप्त भएको एक महिना भित्र पुरानो नागरिकता प्रमाणपत्र खिची नयाँ दिने कार्य सम्पन्न गर्ने गरी नागरिकता प्रमाणपत्र धारकहरुलाई गा.वि.स., जि.वि.स. तथा सार्वजनिक सूचना मार्फत नयाँ नागरिकता प्रमाणपत्रको लागि कानूनी प्रक्रिया पुऱ्याई जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन जानकारी गराउने ।

३) नागरिकताको लागि निवेदन दिँदा निवेदकले पेश गर्न पर्ने आअवश्यक प्रमाण कागजात बारेमा पनि २ नं. बुँदा बमोजिमको सूचनाबाट जानकारी गराउने ।

४) पुरानो नागरिकता प्रमाणपत्र फिर्ता ल्याई नयाँ लगेको र फिर्ता नल्याएको रिकर्ड तयार राख्ने ।

५) के कति नागरिकता खिची नयाँ दिइयो त्यसको लगत प्रत्येक हप्ता काम थालेको १ महिनासम्म पठाउने ।

६) पुरानो बुझाउन नल्याउनेहरुलाई १ महिना वितेपछि खोजी गरी तिनीहरुबाट नागरिकता खिची नियमानुसार पाउन सक्नेलाई नयाँ उपलब्ध गराउने ।

७) २०५३ सालको टोलीले वितरण गरेका कतिपय नागरिकता प्रमाणपत्रहरुको विषयमा उजुर परेकोमा ती मध्ये केहीलाई विदेशी नागरिक ठहऱ्याई नागरिकता प्रमाणपत्र रद्द गरी नेपाली नागरिकताबाट समेत निष्कासन गरिएको छ । तिनीहरुले नागरिकता नपाऊन् भन्ने तर्फ ध्यान दिने ।

८) २०५३ सालकै टोलीबाट वितरित नागरिकता प्रमाणपत्रमध्ये हाल उजुर परी कारवाहीमा रहेकाको हकमा उजुरीको टुङ्गो लगाई टुङ्गो लागे वमोजिम गर्ने ।

९) कानूनतः नागरिकता प्राप्त गर्न नसक्ने व्यक्तिले आर्जन गरेको अचल सम्पत्ति र १ महिना भित्र सम्पर्क राख्न नआउने टोलीबाट नागरिकता प्राप्त गर्ने व्यक्तिले आर्जन गरेको अचल सम्पत्ति रोक्का गरिराख्ने ।

उप-सचिव

F:\HOME\INDRA\LETTERS\N_PAD.DOC

श्री ५ को सरकार

गृह मन्त्रालय

(... नां. तथा वें. ... शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ना०अ०१क/०५२/५३ च. नं. १६८३ २०५३।३।४

प्राप्त पत्र संख्या र मितिः- मिति ... ...

विषयः- नागरिकताको प्रतिलिपि सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

सविक जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिई हाल अन्य जिल्लामा बसाँई सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकहरुले सार्थक प्रमाण राखी हालको जिल्ला प्रशासन कार्यालयमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले सविकको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्बन्धी प्रमाणिक अभिलेख मगाई सो को आधारमा नागरिकताको प्रतिलिपि दिने गरी श्री ५ को सरकार (सचिवस्तर) बाट मिति ०५३।३।२ मा निर्णय भएकोले भएका निर्णय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

२०५३।३।४

शाखा अधिकृत

बोधार्थ :

श्री स्थानीय विकास मन्त्रालय,
श्रीमहल, पुल्चोक ।

श्री ५ को सरकार
गृह मन्त्रालय
क्षेत्रीय प्रशासन कार्यालय
मध्य-पश्चिमाञ्चल विकास क्षेत्र

फोन ०८३-२१३४२
२१३५७
२१३४३
फ्याक्स २१०८५

पत्र संख्या : ०५९।६०
चलानी नम्बर : ९६०२

वीरेन्द्रनगर, सुर्खेत
मिति : २०६०।३।५

विषय:-

श्री जिल्ला प्रशासन कार्यालय,
म.प.क्षेत्रका सबै ।

पतिको नाम उल्लेख गरी लिएको नागरिकतामा सम्बन्ध विच्छेद पश्चात पतिको नाम हटाई नागरिकता माग्न आएमा हटाई दिने र अर्को विवाह नगरून्जेल माइतितर्फको थर उल्लेख गर्न जानकारी दिने भनी मिति २०६०।२।२० (सचिवस्तरीय) निर्णय भएको व्यहोरा गृह मन्त्रालयबाट लेखी आएकोले तदनुरूप गर्नु हुन आदेशानुसार अनुरोध छ ।

जगतबहादुर बस्नेत
शाखा अधिकृत

बोधार्थ:
श्री गृह मन्त्रालय,
(ना.तथा हा.ह.शाखा)
सिंहदरबार:- ताहाँको च.नं. ५२० मिति २०६०।२।२३ को पत्रको सन्दर्भमा

C:\Rajendra Basnet\My Documents\paripatr...\1.doc

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा हातहतियार

(..... शाखा)

सिंहदरवार,

काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०६३।६४

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ५३

मिति:- २०६३/०४/२२.....

विषय: नागरिकतामा थर सच्याउने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

नागरिकता प्रमाणपत्र वितरण कार्याविधि निर्देशिकाको परिच्छेद ६(क) मा समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णता र हिनताबोधले गरी फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरी नागरिकता प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकता प्रमाणपत्र दिने र त्यस्तै महाकाली अञ्चलका केही जिल्लाहरुका व्यक्तिले अशोभनीय थर, ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्यान चाहेमा जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याइदिने भन्ने व्यहोराको प्रावधान रहेको स्पष्टै छ ।

यति हुँदा हुदै पनि कतिपय प्रमुख जिल्ला अधिकारीहरुले सो बमोजिम नगरेको गुनासाहरु बारम्बार आउने गरेको र जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट हिनताबोध हुने थरको सट्टामा राष्ट्रिय दलित आयोगले निर्दिष्ट गरेका थरहरु राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपी दिन मिल्ने-नमिल्ने सम्बन्धमा लिखित निर्देशन समेत माग भई आएको सन्दर्भमा निर्देशिकाको ६(क) मा उल्लेख भए अनुसार महाकाली अञ्चलका केही जिल्लाहरुको हकमा नागरिकतामा थर सच्याउन सकिने भनी राखिएको प्रावधान अन्य जिल्लाहरुको हकमा समेत लागू गर्न र हिनताबोध हुने थरहरु संशोधन गर्न चाहनेहरुका सम्बन्धमा निर्देशिका एवम् यस अधिका परिपत्रहरुमा भएका व्यवस्थाहरु कडाईका साथ लागू गर्न सबै जिल्लामा परिपत्र गर्न नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६३।०४।२१ मा निर्णय भएकोले सो निर्णय अनुसार गर्न गराउनुहुन अनुरोध छ ।

(सुनील खनाल)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६३/६४
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १८४

मिति :- २०६३/०७/१४

विषय :- थर राखी नागरिकता उपलब्ध गराउने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
..... ।

सम्मानित सर्वोच्च अदालतको मिति २०६३।०२।०१ मा भएको परमादेश आदेशको फैसलामा "दलित जातिका मानिसहरुलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याईदिंदा अथवा नागरिकता सिफारिश गर्दा समेत अन्य नागरिक सरह थर राखी सिफरिश दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनुको साथै थर राखी नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्नु गराउनु भनी विपक्षी निकायहरुका नाममा परमादेश जारी हुने ठहर्छ" भनी निर्णय भएकोले तदनुरुप गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

नेपाल सरकार

गृह मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

सिंहदरबार,
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६७।६४
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४४१

नेपाल सरकार
गृह मन्त्रालय

२०६३।९।३०

विषय : निर्देशन सम्बन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय,
.....सर्वे.....।

उपर्युक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट नागरिकता नियमावली २०६३ मा नागरिकता प्राप्तीका लागि पेश गर्ने अनुसूचि फारममा कुन दर्जाको पदाधिकारीले सिफारिस गर्ने भन्ने निर्देशन माग भएको सम्बन्धमा हाल स्थानिय निकायमा निर्वाचित पदाधिकारी नभएको स्थितिमा स्थानिय निकायको कार्य सञ्चालनका लागि गरिएको वैकल्पिक व्यवस्था बमोजिम गाँउ विकास समितिको अध्यक्ष र नगरपालीकाको प्रमुखको काम जस्ले गर्ने गरि व्यवस्था गरिएको छ, सोही पदाधिकारीबाट सिफारिश गराउनु पर्ने र स्थलगत सर्जमिन गराउने सम्बन्धमा नागरिकता प्रमाणपत्र वितरण गर्ने अधिकार पाएको अधिकारीले आफु वा आफु मातहतका कर्मचारीबाट स्थलगत सर्जमिन गर्ने भनि यस मन्त्रालयको मिति २०६३।९।२८ मा (सचिवस्तरिय) निर्णय भएको हुदाँ सोही बमोजिम आ-आफ्नो क्षेत्र भित्रका जिल्ला प्रशासन कार्यालयहरुमा जानकारी गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

नेपाल सरकार

गृह मन्त्रालय

(ना.प्र.अ.का.सं.को.स्काई शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- २०६३/०६४
प्राप्त पत्र संख्या र मितिः-
च. नं.:- ३२६

मितिः- २०६३।९।३०

विषयः जन्मको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र संबन्धमा।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै।

"नेपालमा रहेका शरणार्थी र तिनका सन्तानहरुका साथै कुटनैतिक नियोगहरुमा कार्यरत बिदेशीहरुबाट नेपालमा नै जन्मेका सन्तानहरु लाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र दिन नमिल्ने" भयहोरा सबै प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिने भनि नेपाल सरकार (सचिव स्तर) को मिति :- २०६३।९।२८ मा निर्णय भएकोले निर्णयानुसार आफ्ना क्षेत्र भित्रका प्रमुख जिल्ला अधिकारीहरुलाई जानकारी गराउनु हुन अनुरोध गरिन्छ।

२०६३।९।३०
(शम्भु प्रसाद घिमिरे)
उप सचिव

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

टेलिफोन/फ्याक्स
०१४२१११४६
Email:- nagarikta@gmail.com
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-६५४

मिति : २०६४/१/४

विषय : <u>निर्देशन सम्बन्धमा ।</u>

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल सरकार (मन्त्रिस्तरिय) मिति २०६४।१।३ को निर्णयानुसार तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध गरिन्छ ।

तपसील

(क) विदेशी बाबुका छोराछोरीलाई नेपाल नागरिकता ऐन, २०६३ बमोजिम वंशज वा जन्मका आधारमा नेपाली नागरिकता दिन नमिल्ने ।

(ख) विदेशी नागरिकसंग विवाह गरका नभाला नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोवास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहनेछ भने निजलाई नेपाल नागरिकता ऐन, २०६३ बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्ने ।

(ग) विदेशी पुरुषसँग विवाह भएकी नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानून बमोजिम नत्यागे सम्म वा विदेशी नागरिकता नलिए सम्म निज नेपाली नागरिकताबाट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नु अघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता माग गरेमा नागरिकता प्रदान गर्न सकिने ।

२०६४।१।४

(रेशम बहादुर पाण्डे)
शाखा अधिकृत

<u>बोधार्थ :</u>
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या :-०६६।०६७

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-१५१

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:- ०६६।८।७

विषय :- **नागरिकता प्रमाणपत्रमा अन्य संकेत राख्न नहुने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नागरिकताको प्रमाणपत्रमा विभिन्न निकायहरुले संकेत नम्बर, मिति आदि लेख्दा नागरिकताको प्रमाणपत्र कुरुप हुने र छिमेकी मुलुकको भ्रमणमा जाँदा Nepali Identity Show हुने उक्त Card को Authenticity मा समेत प्रश्न उठाउने गरेको देखिएकोले राष्ट्रिय परिचयपत्रको रुपमा रहने उक्त प्रमाणपत्रमा उल्लेख गरिएका विवरण वाहेक (राहदानीको नम्बर कम्प्युटर वा नागरिकताको कार्यालयप्रति रजिष्टरमा जनाउने) थप विवरणहरु उक्त नागरिकता प्रमाणपत्रमा उल्लेख नगर्न/नगराउन मिति २०६६।८।२ को (मन्त्रिस्तरीय) निर्णयानुसार अनुरोध छ ।

२०६६।८।७

(कमलराज भण्डारी)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा हातहतियार..... शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०६७/६८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 987

मिति:- २०६७।१०।१९

विषय :- वादी जातिको नागरिकता सम्बन्धमा समेत ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

केही जिल्लाहरुबाट वादी जातिका व्यक्तिहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र वितरण कार्यमा जटीलता सृजना भएको र यी जातिहरुका अशोभनीय थरहरु संशोधन गर्न जिल्ला प्रशासन कार्यालयहरुमा जाँदा सरल रुपबाट काम हुन नसकेको भनी गुनासो प्राप्त भएको हुँदा वादी जातिका सन्तानहरुलाई प्रचलित ऐन नियम अनुसार सहज एवं सरल रुपबाट नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था र यी जातिका अशोभनीय थरहरु संशोधनका लागि यस अघि भएका परिपत्रहरु समेतका आधारमा सरल एवं सहज रुपमा थर संशोधन गरिदिने व्यवस्थाका लागि सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरिदिने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

बोधार्थ

श्री व्यवस्थापिका संसद ।
महिला बालबालिका र समाज कल्याण समिति,
संसद भवन, सिंहदरवार ।

२०६७।१०।१९
(पुण्यराज भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :- ना.तथा हा.ह. २०६७/०६८

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- २१

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६८/४/३

विषय :- परिपत्र ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

फरक लैङ्गिक पहिचान र यौन अभिमुखिकरण भएका व्यक्तिहरुका सम्बन्धमा तेस्रो लिङ्ग जनाई नागरिकता दिनु भनी हालसम्म परिपत्र नभएको हुँदा नयाँ कानूनी व्यवस्था वा अन्य निर्देशन नभएसम्म "प्रचलित कानून बमोजिम गर्ने" सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र जारी गर्ने भनी मिति २०६८।३।२६ मा नेपाल सरकार (मा.उपप्रधान तथा गृहमन्त्री स्तरीय) को निर्णय भएकोले त्यस क्षेत्र अर्न्तगतका कार्यालयहरुलाई परिपत्र गरी दिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

पुण्यराज भट्टराई
(शाखा अधिकृत)

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार..... शाखा)

पत्र संख्या :- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- 986

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६८।०५।०५

विषय :- आमाको नामबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला दोलखा, लामोडाँडा गा.वि.स., वडा नं.२ घर भई ललितपुर जिल्ला, हरिसिद्धि गा.वि.स., वडा नं.९ वस्ने सविना दमाई निवेदक एवं यस मन्त्रालय समेत विपक्षी भएको आमाको नामबाट सन्तानहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको सम्वत् २०६७ सालको रिट नं.-०६७-WO-०७०३, मिति २०६७।११।१५ को निर्देशात्मक आदेश कार्यन्वयन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्न गराउन हुन नेपाल सरकार (माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तर) को मिति २०६८।०५।०५ को निर्णयानुसार अनुरोध छ ।

१. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपाली नागरिक हुनेछ भन्ने व्यवस्था भएतापनि ऐनको दफा ३ (२) मा दफा ३(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिकबाट जन्मिएका सन्तानको हकमा दफा ५(२) बमोजिम हुने भन्ने उल्लेख भएकोले विदेशी नागरिकसँग विवाह गरी नेपाली आमाबाट जन्मिएका सन्तानको हकमा ऐनको उक्त प्रावधान अनुसार गर्ने ।

२. आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा ऐनको दफा ३(१) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र माग गर्ने आउने १६ वर्ष उमेर पूरा भएका (बाबु नेपाली नागरिक रही नेपालमा नै जन्मिएका सन्तानहरुका हकमा) विभिन्न कारणले गर्दा बाबुको ठेगाना पता लाग्न नसकि आवश्यक प्रमाण पेश गर्न नसक्नेहरुका हकमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(२) अनुरुपको आवश्यक प्रक्रिया पूरा गरी जो जे बुझ्नु पर्छ बुझी आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा आमाको थर, ठेगाना उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने ।

३. आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिहरुको पछि बाबु पता लागेको अवस्थामा बाबुको नामथर र ठेगाना कायम गरी पाउँ भनी आवश्यक प्रमाणसहित निवेदन दिएमा बाबुको नागरिकताको प्रमाणपत्र राखी सोही व्यहोरा जनाई त्यस्ता नागरिकताको प्रमाणपत्र संशोधन गरिदिने ।

(माधवप्रसाद ढुंगाना)
शाखा अधिकृत

बोधार्थः
श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशानालय, बार काउन्सिल भवन, ललितपुर ।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून शाखा, सिंहदरवार ।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ ।
श्री कानून तथा न्याय मन्त्रालय, सिंहदरबार ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार.....शाखा)

पत्र संख्या:- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- ३९७

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति :- २०६८/०९/२८

विषय :- नागरिकतामा थर सच्याउने सम्बन्धमा ।

श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातिय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानविन गरी व्यहोरा मनासिव देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने गरी तत्कालीन श्री ५ को सरकार (मं.प.) बाट मिति २०५२।०४।०४ मा निर्णय भई २०५२।०४।२१ मा सबै जिल्लामा परिपत्र गरिएको र मिति २०६३।०४।२२ मा पुनः सोही व्यहोरा उल्लेख गरी सो व्यवस्था कडाईका साथ लागू गर्न परिपत्र गरिएको व्यहोरा अवगतै छ । उक्त परिपत्र अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने गुनासाहरु आएकोले यस सम्बन्धमा भएको पूर्व परिपत्र अनुसारको व्यवस्था कार्यान्वयन गर्न गराउन पुनः निर्देशन पठाउने नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६८।०९।२७ मा निर्णय भएकोले सो बमोजिम गर्न गराउन जिल्ला प्रशासन कार्यालयहरुलाई जानकारी गराइ दिन हुन निर्णयानुसार अनुरोध छ ।

(माधवप्रसाद ढुंगाना)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय दलित आयोग,
पो.ब.नं.१३७५८
मध्यबानेश्वर, काठमाडौं ।

नेपाल सरकार

गृह मन्त्रालय

(...नागरिकता तथा सरहतियार शाखा)

पत्र संख्या :-ना.सया ह्या.ह २०६९/७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-९२६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/०६/११

विषय :- नाम र लिंग परिवर्तन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाडौं ।

तहाँको च.नं. ६४१ मिति २०६८।०५।२२ को पत्रसाथ प्राप्त प्रतिक पन्तको लिंग परिवर्तन गर्ने सम्बन्धी फाइल कारवाहीको लागि पेश हुँदा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६९।०५।१८ को निर्णय, नेपालको मेडिकल बोर्डको मिति २०६९।०६।०३ को सिफारिश समेतको आधारमा निजको नाम र लिंग परिवर्तन गरिदिने भनी नेपाल सरकार (मा.उपप्रधान एवं गृह मन्त्रीस्तर) बाट मिति २०६९।०६।११ मा निर्णय भएकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।०५।१८ को निर्णय र नेपालको मेडिकल बोर्डको मिति २०६९।०६।०३ को सिफारिश पत्र यसैसाथ संलग्न गरी आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध गर्दछु ।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या:- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- ४६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/०९/१२

विषय :- **खुलाई पठाइएको ।**

श्री योजना तथा अनुगमन शाखा ,
गृह मन्त्रालय ।

तहाँ शाखाको प.सं.०६९/७० च.नं. ५३ मिति २०६९।०९।०८ को पत्र प्राप्त भै व्यहोरा अवतग भयो । पत्र मार्फत उठान गरेको विषयको सम्बन्धमा निम्नानुसार खुलाई पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

निम्न

नागरिकता ऐन, २०६३ बमोजिम बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु पूर्व जन्मेका सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा नागरिकता सम्बन्धी मौजुदा कानूनमा स्पष्ट व्यवस्था भएको नदेखिएको हुँदा नेपाल सरकार (मा.उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तर) को मिति २०६८।०९।२४ को निर्णयबाट त्यस्ता व्यक्तिका सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्ने भन्ने व्यहोराको परिपत्र सबै जिल्ला प्रशासन कार्यालयहरुमा गरिएको ।

नेपाल सरकारको उक्त निर्णय विरुद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन परि सम्मानित सर्वोच्च अदालतको च.नं. ५७५४ मिति २०६८।११।०५ को पत्रबाट "संविधानमा उल्लेखित आधार र तोकिएका व्यक्ति वाहेक अन्य व्यक्तिलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन, दिलाउने विषयमा निर्णय गर्ने क्षेत्राधिकार तथा अख्तियारी नेपाल सरकार माननिय उपप्रधामन्त्री एवं गृहमन्त्रीमा नहुने हुँदा यस्तो क्षेत्राधिकार विहिन तथा अख्तियारी विहिन भएको मिति २०६८।०९।२४ को निर्णय र मिति २०६८।०९।२६ को परिपत्र कार्यान्वयन नगर्नु नगराउनु" भन्ने व्यहोराको अन्तरिम आदेश जारी भएको जानकारी प्राप्त भए पश्चात यस मन्त्रालयको च.नं. ४५४ मिति २०६८।११।१२ को पत्रबाट सबै जिल्ला प्रशासन कार्यालय र क्षेत्रिय प्रशासन कार्यालयहरुलाई पूर्व परिपत्रको कार्यान्वयन नगर्नु नगराउनु भन्ने व्यहोराको परिपत्र गरिएको र यसको अलवा यस विषयमा अन्य कुनै आदेश वा परिपत्र मन्त्रालयबाट नभएको व्यहोरा उल्लेख गर्दै माथि उल्लेखित सन्दर्भमा भएका परिपत्र थान -३ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गरेको छ ।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल सरकार

(.....नागरिकता तथा छुतहबिचार..... शाखा)

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/०९/१७

विषय :-
यौनिक तथा लैङ्गिक समुदायका व्यक्तिहरुलाई नागरिकता जारी गर्ने सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई पहिचान सहितको नागरिकता जारी गर्ने सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०६३ का अनुसूचिहरु हेरफेर तथा थपघट गरी मिति २०६९।०३।०९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भैसकेको व्यहोरा अवगत नै छ । सो समुदायका व्यक्तिहरुलाई नागरिकता विवरण गर्ने कार्यमा एकरुपता ल्याउन तयार भएको "यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्ने सम्बन्धि निर्देशिका, २०६९" लाई नेपाल सरकार (मा. उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तर) बाट मिति २०६९।०९।१६ मा स्वीकृति प्राप्त भएकाले सोको छाँयाप्रति संलग्न गरी मातहतका कार्यालयहरुमा जानकारी गराइदिनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ
श्री शिक्षा मन्त्रालय, सिंहदरबार ।
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
बोधार्थ
श्री नील हिरा समाज, लाजिम्पाट ।

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता तथा हवेली पासपोर्ट..... शाखा)

गृह मन्त्रालय

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ५८०

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : .....
२०६९/१०/०७

विषय :- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय सबै ।
श्री जिल्ला प्रशासन कार्यालय सबै ।

सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मितिमा नागरिकतासँग विषयमा भएका आदेशहरुको कार्यान्वयन नभएको, कार्यान्वयनमा एकरुपता नभएको, सम्बन्धित ऐन नियमको कार्यान्वयन ठीक किसिमबाट हुन नसकेको, महिला अधिकारकर्मीहरुले सार्वजनिक रुपमा उठाएको सवालहरुमा सम्बोधन गर्न र नागरिकता वितरणको कार्यमा एकरुपता कायम गर्न वान्छनीय देखिएकोले नेपालको अन्तरिम संविधान, २०६३ नेपाल नागरिकता ऐन, २०६३ एवं नेपाल नागरिकता नियमावली, २०६३ को वर्खिलाप नहुने गरी देहायका अवस्थामा देहायानुसार सरल किसिमबाट नेपालको नागरिकता जारी गर्ने गरी सबै क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्न नेपाल सरकार (माननिय उपप्रधान तथा गृहमन्त्रीस्तर) बाट मिति २०६९।१०।०५ मा निर्णय भएको हुँदा निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

देहाय

१. विवाहित महिलाले आफ्नो बाबुको नामबाट नागरिकता लिने सम्बन्धमाः

विवाहित महिलाले नागरिकताको लागि आवेदन गर्दा श्रीमानको नाम, थर, ठेगाना लगायत माइत तर्फका बाबु आमाको विवरण समेत आवेदनमा स्पष्ट रुपले उल्लेख गर्नु पर्ने व्यवस्था रहेकोमा कुनै किसिमबाट निजले पतिको विवरण स्पष्ट गर्न नसकेको खण्डमा वंशज (बाबु आमाको नाताबाट) खुल्ने प्रमाणको आधारमा वंशजको नाताले नेपाली नागरिकता जारी गर्न सकिने ।

२. बाबु वा आमाको ठेगाना मध्ये कुनै ठाउँबाट नागरिकता लिन सक्नेः

बाबु आमाको अलग अलग वतन भएको कारणबाट नागरिकता लिन कठिनाई परेको अवस्थामा निवेदकको बाबु आमाको अलग अलग वतन भएपनि निजले रोजेको ठेगाना मध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिश साथ तोकिएको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग्न आएमा निजले रोजेको बाबु वा आमाको ठेगाना मध्ये कुनै एक स्थानबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने ।

३. आमाको नामबाट नागरिकताको प्रमाणपत्र जारी गर्नेः

बाबु पत्ता नलागेको वा बाबुको ठेगान नभएको तर नेपाली नागरिक आमाबाट नेपालमै जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ.नियमावलीको रित र कार्यविधि पूरा गरी

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता तथा हदेश शाखा)

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : .....

विषय :-

आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन बाधा नपर्ने । तर बाबु विदेशी हुन् भन्ने यकिन भएको अवस्थामा भने अङ्गीकृत नागरिकता तर्फ कारवाही अगाडि बढाउनु पर्ने ।

४. मातृत्व वा पितृत्व ठेगान नलागेका सन्तानलाई नागरिकता जारी गर्ने:

नेपाल सरहदभित्र भेटिएका तर मातृत्व वा पितृत्व ठेगान नलागेका सन्तानलाई पछि मातृत्व पितृत्व ठेगान लागेको वखत सोही बमोजिम हुने गरी संरक्षकको सनाखतबाट नियमानुसार नागरिकता जारी गर्ने । यसरी ना.प्र.प. जारी गर्दा कार्यालयको अभिलेखमा मात्र अभिलेखीकरण गरी ना.प्र.पत्रको बाबु आमाको महलमा कुनै कुरा उल्लेख नगरी खाली (–) राख्ने ।

५. दलित जातीका नागरिकलाई नागरिकता प्रदान गर्ने:

दलित जातीका मानिसहरुलाई नागरिकता प्रदान गर्दा अन्य नागरिक सरह थर राखी नागरिकता जारी गर्न कुनै बाधा नपर्ने ।

६. पतिको सनाखतबाट नागरिकता दिने:

माइत पक्ष (बाबु आमा दाजुभाइ) यकिन गर्न नसकी अरुको सहारामा बसेका महिलाहरुलाई विवाह पश्चात कानूनले तोकेको रित पुऱ्याई पतिको सनाखतबाट नागरिकता जारी गर्ने ।

७. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको नागरिकता:

लिङ्गको महलमा अन्य लेखी नागरिकताको लागि आवेदन गर्ने यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई लिङ्गको महलमा "अन्य" जनाई नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार नागरिकता जारी गर्ने ।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार..... शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

फुया :-ना.तथा हा.ह २०६९/०७०
पत्र संख्या र मिति :-
:- ४०६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/१२/२३

विषय :- नागरिकता प्रमाणपत्रको अभिलेख कायम गर्ने सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालयहरु,
श्री जिल्ला प्रशासन कार्यालयहरु,
सबै ।

विगतको द्वन्दको क्रममा कार्यालयको अभिलेख नष्ट भएका नागरिकता प्रमाणपत्रको अभिलेख कायम गर्ने सम्बन्धमा पेश हुँदा देहाय अनुसार गर्ने गराउने गरी निर्देशन दिने भन्ने नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०६९।१२।२१ मा निर्णय भएको हुँदा सो अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

तपसिल

१. उपलब्ध भएसम्म व्यक्तिको सक्कल नागरिकता प्रमाण पत्र पेश गर्न लगाउने । सक्कल नागरिकता प्रमाणपत्र हराइसकेको वा अन्य कारणले नष्ट भइसकेको रहेछ भने निजले नागरिकता प्रमाणपत्र लिइसकेको थियो भन्ने व्यहोरा पुष्टि हुने उपलब्ध भएसम्मका अन्य कुनै प्रमाण (लालपूर्जा, ड्राइभिङ्ग लाइसेन्स, विधुत/खानेपानीको ग्राहक कार्ड आदि) पेश गर्न लगाउने ।

२. स्थानीय निकायको सिफारिश साथ नेपाली नागरिकता प्रमाणपत्र पाएको निजको परिवारभित्रको व्यक्तिबाट अनुसूचि फारममा सनाखत गर्न लगाउने ।

३. त्यसरी पेश भइसकेपछि अभिलेख रजिष्टरमा अभिलेख तयार पारी कार्यालयको अभिलेख नष्ट भएको कारण जनाई पुरानो नागरिकता नं.खुल्न सके नागरिकता कार्ड र कार्यालयप्रतिमा सो नं. समेत जनाई प्रमाणित गरी नागरिकता प्रमाणपत्र जारी गर्नु पर्दछ । पुरानो नं. खुल्न नसके पहिले नागरिकता प्रमाणपत्र जारी भएतापनि कार्यालयको अभिलेख नष्ट भएको कारणले नयाँ नागरिकता प्रमाणपत्र जारी गरिएको भन्ने व्यहोरा जनाई प्रमाणित गरी नागरिकता प्रमाणपत्र जारी गर्ने ।

४. त्यसरी नागरिकता प्रमाणपत्र जारी गर्न शंका लागेमा स्थानीय प्रहरी कार्यालयबाट रित पूर्वकको सर्जमिन गर्न लगाई पेश गर्न लगाउने ।

५. नागरिकता जारी गर्ने अधिकारीले नागरिकता प्रमाणपत्र जारी गर्दा उक्त व्यक्तिसँग अनिवार्य रुपमा आफैले सोधपुछ गर्ने ।

६. विगतको द्वन्द्वको समयमा अभिलेख नष्ट भएका जिल्ला/इलाका प्रशासन कार्यालयबाट जारी भएका नागरिकता प्राप्त व्यक्तिले बसाई सराई गरी अर्को जिल्लाबाट नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन वा आफ्ना परिवारका सदस्यको ना.प्र. लिने प्रयोजनका लागि माथि उल्लेख भएका प्रक्रिया पुरा गरी आएमा नयाँ अभिलेख हालको बसोबासबाटै कायम गरिदिने । सो को जानकारी सम्बन्धित नागरिकता जारी गर्ने कार्यालयलाई अनिवार्य रुपमा दिने ।

७. विगतको द्वन्द्वको क्रममा अभिलेख नष्ट भएको अवस्थामा बाहेक अन्य कारणले पुरानो अभिलेख नष्ट भै फेला पार्न नसकिएकोमा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद-९ दफा ४० को (५) बमोजिम गर्ने ।

(लक्ष्मणबहादुर खड्का)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार..... शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४२४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०१/०३

विषय :- राउटे जातिलाई नागरिकता दिने सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
मध्यपश्चिमाञ्चल विकास क्षेत्र, सुर्खेत ।

त्यस क्षेत्र अन्तर्गत दैलेख, सुर्खेत, दाङ्ग, सल्यान र जाजरकोट जिल्लाका जंगलमा घुमन्ते जीवन विताउँदै आएका लोपोन्मुख अवस्थामा रहेका अल्पसंख्यक राउटेहरुलाई हाल बसोवास रहेको जिल्लाबाट नेपाल नागरिकता ऐन २०६३ को दफा ८ को उपदफा ४ र ५ एवं नेपाल नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम (२) समेतको आधारमा उक्त जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु संग समन्वय गरी उक्त जातिलाई सरल र सहज रुपमा नागरिकता प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउन तहाँ कार्यालयलाई निर्देशन दिन भनी मिति २०६९।१२।३० मा निर्णय भएकोले निर्णयानुसार हुन अनुरोध गर्दछु ।

(राजेशप्रसाद पोखरेल)
शाखा अधिकृत

वोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय,
दैलेख, सुर्खेत, दाङ्ग, सल्यान र जाजरकोट :- सरल र सहजरुपमा नागरिकता वितरण गर्न हुन ।

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा अनुसन्धान तहसिया शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :-ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४८८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०२/०१

विषय :- निर्णय कार्यान्वयन संबन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पाँचै विकास क्षेत्र ।

जन्मको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी नेपाली महिला नागरिकबाट जन्मेका सन्तानले कस्तो नागरिकता प्राप्त गर्ने भन्ने संबन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशन माग भई आएको सन्दर्भमा कारवाही हुंदा नेपालको अन्तरिम संविधान,२०६३ को धारा ८ को उप-धारा (७), नेपाल नागरिकता ऐन,२०६३ को दफा ५ को उपदफा (२) तथा नेपाल नागरिकता ऐन, पहिलो संशोधन अध्यादेश,२०६९ समेत लाई अध्ययन गर्दा निम्नानुसार गर्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७०।०१।३० मा निर्णय भएकाले सो बमोजिम गर्न मातहतका सबै कार्यालयहरुलाई शिघ्र निर्देशन दिनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

निम्न

- जन्मको आधारमा नेपालको ना.प्र.पत्र प्राप्त गरेका ब्यक्तिको बावु नेपाली नागरिक रहेको प्रमाण पेश भई प्रमाणित भएमा बंशजको आधारमा त्यस्ता ब्यक्तिका सन्तानलाई ना.प्र.पत्र उपलब्ध गराउन सकिने,
- जन्मको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी आमा जस्को पति विदेशी भएको अवस्थामा यस्ता ब्यक्तिका सन्तानलाई कानूनको प्रकृया पु-याई अंगिकृत ना.प्र.प. तर्फ कारवाही अघि बढाउने, बंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने,
- जन्मको आधारमा ना.प्र.प. लिएका ब्यक्तिका दाजु भाइ तथा दिदी बहिनीहरुलाई बंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा अध्यागमन विभाग)

पत्र संख्या :-ना.तथा ना.प्र २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४८८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०२/०१

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पाँचै विकास क्षेत्र ।

जन्मको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी नेपाली महिला नागरिकबाट जन्मेका सन्तानले कस्तो नागरिकता प्राप्त गर्ने भन्ने सम्बन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशन माग भई आएको सन्दर्भमा कारवाही हुंदा नेपालको अन्तरिम संविधान,२०६३ को धारा ८ को उप-धारा (७), नेपाल नागरिकता ऐन,२०६३ को दफा ५ को उपदफा (२) तथा नेपाल नागरिकता ऐन, पहिलो संशोधन अध्यादेश,२०६९ समेत लाई अध्ययन गर्दा निम्नानुसार गर्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७०।०१।३० मा निर्णय भएकाले सो बमोजिम गर्न मातहतका सबै कार्यालयहरुलाई शिघ्र निर्देशन दिनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

निम्न

- जन्मको आधारमा नेपालको ना.प्र.पत्र प्राप्त गरेका व्यक्तिको बाबु नेपाली नागरिक रहेको प्रमाण पेश भई प्रमाणित भएमा वंशजको आधारमा त्यस्ता व्यक्तिका सन्तानलाई ना.प्र.पत्र उपलब्ध गराउन सकिने,
- जन्मको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी आमा जस्को पति विदेशी भएको अवस्थामा यस्ता व्यक्तिका सन्तानलाई कानूनको प्रक्रिया पु-याई अंगिकृत ना.प्र.प. तर्फ कारवाही अघि बढाउने, वंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने,
- जन्मको आधारमा ना.प्र.प. लिएका व्यक्तिका दाजु भाइ तथा दिदी बहिनीहरुलाई वंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

श्री क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेत
दर्ता नं...५४२८
मिति : ०७०।२।२

FAX NO. :

17 May 2008 6:18AM P2

जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेका व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरिकता प्राप्तिसम्बन्धी कार्यविधि : कुनै व्यक्तिको बाबु जन्मको आधारमा नेपालको नागरिक रहेछ र निजको जन्म निजको बाबुको जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गर्नु अघि भएको रहेछ भने त्यस्तो व्यक्तिलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्दा देहाय बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ :-

(क) अनुसूची-३ बमोजिम पुरा विवरण भर्न लगाई रु. १०/- को टिकट टाँस्न लगाउनु पर्दछ र स्थानीय निकायको सिफारिस भए नभएको यकिन गर्नु पर्नेछ।

(ख) अनुसूचि फाराम साथ निवेदकले बाबुको नागरिकताको प्रतिलिपि र जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा तथा उपलब्ध भएसम्म शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(ग) अनुसूची फारम साथ पेश भएको बाबुको नागरिकताको प्रमाणपत्रको आधिकारिकता हेरी सोको प्रतिलिपी लिई रुजु गर्नुपर्दछ । त्यसरी रुजु गर्ने कर्मचारीले आफ्नो नाम र दर्जा उल्लेख गरी दस्तखत समेत गर्नुपर्नेछ।

(घ) अनुसूची फारम साथ बाबुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी बाबुबाट सनाखत गराउनु पर्दछ र सनाखत गराउने कर्मचारीले आफ्नो नाम र दर्जा उल्लेख गरी दस्तखत गर्नु पर्दछ।

(ङ) जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र पाएको बाबुको मृत्यु भै सकेको भए अनुसूची फाराम साथ बाबुको नेपाली नागरिकताको प्रमाणपत्र, बाबुको मृत्यु दर्ता प्रमाणपत्र, आमाको नेपाली नागरिकताको प्रमाणपत्र सहित आमाको सनाखत गराउनु पर्दछ।

(च) बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको तर बाबु र आमा दुवैको मृत्यु भैसकेको भए प्रमुख जिल्ला अधिकारीले छानविन गरी थप प्रमाणहरु बुझी निजलाई नागरिकता प्रमाणपत्र दिन सक्नेछ। यसरी नागरिकता दिने कार्य जिल्ला प्रशासन कार्यालयबाट मात्र हुनेछ।

(छ) जन्मको आधारमा वितरण भएको नेपाली नागरिकताको प्रमाणपत्रको विषयमा उजुरी परी छानविन भैरहेको भए छानविन समाप्त भएपछि मात्र निजका सन्तानलाई नागरिकता प्रमाणपत्र दिन सकिनेछ।

(ज) बसाई सराई गरी आएकाहरुको हकमा उल्लेखित प्रमाणहरुको अतिरिक्त बसाई सराईको प्रमाणपत्र, घर जग्गाको धनीपुर्जा समेत पेश गर्नुपर्दछ।

(झ) ठेगाना परिवर्तन गरी नागरिकता प्रमाणपत्र माग भएमा बाबुको र सनाखत गर्ने व्यक्तिको नागरिकताको आधिकारिकता यकिन गर्नुपर्नेछ।

(ण) त्यसरी आधिकारिकता यकिन गर्नुपरेमा सम्बन्धित जिल्लामा समेत बुझ्न सकिनेछ।

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार..... शाखा)

पत्र संख्या :- प्रा.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४९७

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०२/१४

विषय :- नागरिकता सिफारिस संबन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पाँचै विकास क्षेत्र ।

गा.वि.स.सचिव हकहित संरक्षण केन्द्र नेपालले श्रीमान सचिवज्यू, गृह मन्त्रालयलाई संबोधन गरी नागरिकताको अनुसूचीमा सिफारिश गरेको कारणबाट थुप्रै गा.वि.स.सचिवहरुले मुद्दा,जरिवाना र जेलसजाय समेत ब्यहोर्नु परेको, निजामती कर्मचारीलाई कुनै मुद्दा चलाउँदा निजामती सेवा ऐन,२०४९ को दफा ५७ को उपदफा (१) र (२) बमोजिम अख्तियारवालाको अनुमति प्राप्त भएको हुनु पर्ने र उपदफा (४) बमोजिम नेपाल सरकारबाटै प्रतिरक्षा गर्ने ब्यबस्था भएको तथा अन्य कुनै कानुन बमोजिम कारवाही हुने भएमा दफा ६१क को उपदफा (१) बमोजिम संबन्धित अख्तियारवालाबाटै विभागीय सजाय हुने ब्यबस्था हुँदा हुँदै गा.वि.स.सचिवहरुलाई नागरिकता संबन्धी मुद्दा चलाएको हुँदा नागरिकता वितरण टोलिमा उपस्थित हुन र नागरिकताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम नचिनेको ब्यक्तिलाई चिन्दछु भनी नागरिकताको प्रमाणपत्रमा सिफारिश गर्न नसक्ने भन्ने ब्यहोरा उल्लेख गरी यस मन्त्रालयमा पेश गरेको जापलपत्र कारवाहीको लागि पेश हुँदा आरोपित कसुरमा गा.वि.स.सचिवको संलग्नता रहे नरहेको विस्तृत अनुसन्धान गरेर मात्र निजामती कर्मचारीहरुलाई निजामती सेवा ऐनको प्रावधान अनुसार कानुनी कारवाही हुने प्रक्रिया अघि बढाउन मातहतका कार्यालयहरुलाई शिघ्र निर्देशन हुन निर्देशानुसार अनुरोध गर्दछु।

२०७०/०२/१४

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ:
श्री प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाणडौं।

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता, राष्ट्रिय [illegible] तथा हातहतियार [illegible]

पत्र संख्या :- ना.रोप.तथा हा.ह.व्य.०७०/७१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- २५

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०४/१०

विषय :- परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ (१) मा कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित थर वा उमेर, शैक्षिक योग्यताको प्रमाणपत्र फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटी भई सो सच्याउन चाहेमा आवश्यक प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्ने छ भन्ने उल्लेख भएकोमा नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद -८, विवरण सच्याउने सम्बन्धी व्यवस्थाको ३७ (१) मा "नाम, थर, उमेर" वतन उल्लेख भई त्रुटि भएको देखिएकोले कार्यविधि निर्देशिकाको परिच्छेद -८ ३७ (१) मा रहेको "नाम" शब्द हटाई कार्यान्वयन गर्नु गराउनु हुन मिति २०७०।०४।०८ को निर्णयअनुसार अनुरोध गर्दछु ।

(लक्ष्मणबहादुर खड्का)
शाखा अधिकृत

बोधार्थ
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता, राहदानी, भारतीय परिचयपत्र तथा खानतलासी व्यवस्थापन

पत्र संख्या :- ना.रा.प.तथा हा.ह २०७०/०७१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति : २०७०/०४/१७

विषय :- **नागरिकता सम्बन्धमा ।**

श्री परराष्ट्र मन्त्रालय,
दक्षिण पूर्व एशिया तथा प्रशान्त महाशाखा, सिंहदरबार ।

तहाँको प.सं. SEAP/30/AUS/012 मिति २०७०/४/११ को पत्रसाथ प्राप्त अष्ट्रेलियन दूतावासको १९ जुलाई २०१३ को पत्रका सन्दर्भमा पेश हुँदा विदेशमा छोराछोरी जन्मेका व्यक्तिका आमाबाबु दुवै नेपाली नागरिक तथा बाबु नेपाली र आमा विदेशी भएको अवस्थामा नेपाल नागरिकता ऐन २०६३ को दफा १० को उपदफा (४) मा कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्नेछ । त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था अनुरुप हुने । आमा नेपाली नागरिक र बाबु विदेशी भएको तथा आमा नेपाली नागरिक भएको र बाबुको राष्ट्रियता नखुलेका अवस्थाका बालकहरुलाई निजको जन्म नेपालमा नभई विदेशमा भएकाले नेपाल नागरिकता ऐन २०६३ को दफा ५ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न नसकिने व्यहोराको जानकारी सम्बन्धित निकायलाई उपलब्ध गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

(राजेशप्रसाद [illegible])
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता,राष्ट्रिय परिचयपत्र तथा हातहतियार व्यवस्थापन

पत्र संख्या :- स.स.प.तथा हा.ह २०७०/०७१

प्राप्त पत्र संख्या, र मिति :-

च.नं. :- १४

सिंहदरवार,
काठमाडौं, नेपाल ।
२०७०/०४/२९

विषय :- **नागरिकता जारी गर्ने सम्बन्धमा ।** मिति : .....

श्री जिल्ला प्रशासन कार्यालय,
कालिकोट।

तहाँको च.नं. १४१ मिति २०७०।४।११ को पत्र प्राप्त भै पेश हुँदा बाबुको नागरिकता प्रमाणपत्रमा उपाध्याय, जैसी, क्षेत्री, खत्री जस्ता जात जनाउने शब्द भै थर उल्लेख नभएको हकमा छोराछोरीको शैक्षिक प्रमाणपत्रमा बाबुको जात थरसँग फरक नपर्ने गरी थर वा जात मात्र उल्लेख भएकोमा नागरिकता लिने व्यक्तिको इच्छानुसार शैक्षिक प्रमाणपत्र अनुसार निजको नागरिकतामा जात वा थर मात्र र बाबुको नामको महलमा बाबुको नागरिकतामा उल्लेखित थर जात नै लेखी नागरिकता जारी गर्न बाधा नपर्ने तर एकै बाबुका छोराछोरीले फरक फरक जात थर राखी नागरिकता लिन भने नमिल्ने भनि नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।४।२८ मा निर्णय भएकाले सोही अनुसार गर्न हुन निर्णयानुसार अनुरोध छ ।

२०७०/४/२५

(राजेशप्रसाद पोखरेल)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(.....नागरिकता वितरण परिचयपत्र तथा हातहतियार व्यवस्थापन

पत्र संख्या :- ना.रा.प.तथा हा.ह २०७०/०८१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- १२६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति :२०७०/५/३१

विषय :- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
कपिलवस्तु।

तहाँ कार्यालयको च.नं. ३२३ मिति २०७०/४/२४ को पत्र प्राप्त भयो । सो सम्बन्धमा बाबुआमाको मृत्य भै सकेको र एकाघरका व्यक्ति सनाखत गर्ने कोही नभएको अवस्थाका अंगिकृत नागरिकता लिनु अघि जन्मिएका सन्तानलाई अंगिकृत नागरिकताको प्रमाणपत्र उपलब्ध गराउँदा देहाय वमोजिमको प्रक्रिया पुऱ्याई अंगिकृत नागरिकता जारी गर्न हुन निर्णयानुसार अनुरोध छ ।

१. नागरिकता वितरण कार्यविधि निर्देशिका २०६३ को परिच्छेद -४ को दफा २८ मा व्यवस्था भए वमोजिमको कार्यविधि पुरा गर्न लगाउने ।

२. अंगिकृत नेपाली नागरिकता प्रमाणपत्र पाएको बाबुआमाको मृत्यु भै सकेको भए बाबुआमाको नागरिकताको प्रमाणपत्र, बाबुआमाको मृत्यु दर्ता प्रमाणपत्र पेश गर्न लगाउने ।

३. बाबुले अंगिकृत नागरिकताको प्रमाणपत्र पाएको तर बाबुआमा दुवैको मृत्यु भै सकेको भए प्रमुख जिल्ला अधिकारीले सो सम्बन्धमा प्रहरी तथा गाउँ विकास समितिबाट सर्जमिन बुझ्ने, गोप्यरुपमा स्थानीयस्तरमा बुझी थप छानविन गरी नागरिकता प्रमाणपत्र दिन सक्ने ।

४. आवेदक वसोवास गर्ने स्थानका व्यक्तिहरु मध्ये सर्जमिनमा बसेका व्यक्ति वाहेकका ३ जना नेपाली नागरिकता प्राप्त व्यक्तिबाट सनाखत गराई नागरिकता प्रमाणपत्र दिन सक्ने ।

२०७०/५/३१

(राजेशप्रसाद पोखरेल)
शाखा अधिकृत

सिंहदरबार,
काठमाडौं, नेपाल ।

०७०/५/३१

। सो
नभएको
कताको
ा जारी

२८ मा

ो भए
गर्न

केको
र्जमिन
णपत्र

ा ३
दिन

२।१।१

रेल)

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा हातहतियार.....शाखा)

पत्र सङ्ख्या तथा ह.ह. ०६९/७०

प्राप्त पत्र सङ्ख्या र मिति :-

च.नं. :- ४४४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:-.....
२०७०।११।२५

विषय :-

परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालय,
बाँके ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. ०७०/७१ च.नं. ७०२८ मिति २०७०।१०।२७ को पत्र प्राप्त भइ कारवाहीको लागि पेश हुँदा विदेशी पुरुषसँग विवाह भएको नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानून बमोजिम नत्यागेसम्म वा विदेशी नागरिकता नलिएसम्म निज नेपाली नागरिकताबाट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नु अघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता माग गरेमा नागरिकता प्रदान गर्न सकिने" गरी च.नं. ७५६ मिति २०६४।०१।०४ मा यस मन्त्रालयबाट परिपत्र गरिएको देखिएको हुँदा सो बमोजिम हुन र नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ मा उल्लेखित "निस्सा" भन्नाले नेपालस्थित सम्बन्धित देशको कुटनीतिक नियोगको आधिकारिक पत्रलाई आधार मान्ने गरी मिति २०७०।११।२३ को नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थः-
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।
श्री जिल्ला प्रशासन कार्यालयहरु, सबै ।

२०७०।११।२५
(सहदेव महत)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या तथा राप.व्य. ०७०/७१

प्राप्त पत्र सख्या र मिति :-

च. नं. :- ४४८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

विषय :-

मिति:- २०७०।११।२७

राय उपलव्ध गराइको सम्बन्धमा

श्री शिक्षा मन्त्रालय
विद्यालय शिक्षा शाखा, सिंहदरवार ।

तहाँ मन्त्रालयको प.सं. ०७०/७१ च.नं. १६४ मिति २०७०/०५/१८ को पत्र प्राप्त भयो । सो सम्बन्धमा श्री रत्नराज्य उ.मा.वि. तौलिहवा, कपिलवस्तुका मा.वि.द्वितीय शिक्षक अनिल कुमार श्रीवास्तवको जन्ममिति यकिन गर्न दुविधा भएको, निजले नेपाली नागारिकता प्राप्त गर्दा निजको उमेर १४ वर्ष भएको र तत्कालिन समयमा १४ वर्षमा नागारिकता प्राप्त गर्न सकिने अवस्था रहे नरहेको भन्ने सम्बन्धमा कारवहीको लागि पेश हुँदा नेपाल नागारिकता ऐन, २०६३ र नेपाल नागारिकता नियमावली, २०६३ जारी हुनु पूर्व तत्कालीन नागरिकता सम्बन्धी कानूनमा नागरिकता प्राप्तिका लागि १६ वर्ष उमेर पुग्नुपर्ने प्रावधान अनिवार्य नदेखिएको हुँदा कतिपय जिल्ला प्रशासन कार्यालयहरुबाट १६ वर्ष भन्दा कम उमेरका व्यक्तिका नाममा नेपाली नागारिकताको प्रमाणपत्र जारी भएको व्यहोराको राय पठाउन नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७०/११/२५ मा निर्णय भएकोले निर्णयानुसार अनुरोध गर्दछु

२०७०।११।२६

(सहदेव महत)
शाखा अधिकृत

सिंहदरवार,
काठमाडौं, नेपाल ।

.....
७०।११।२७

पत्र प्राप्त
ीय शिक्षक
ागारिकता
ा प्राप्त गर्न
कता ऐन,
ागरिकता
अनिवार्य
उमेरका
न नेपाल
अनुरोध

११।२६

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन)

पत्र संख्या:- ना. तथा राप. व्या. ०७०/७१

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ४९१

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७०।१२।२०.....

विषय :-

परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन २०६३ को दफा ३ को उपदफा ४ मा उल्लेखित व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ को धारा ८८ उपधारा २ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड ग बमोजिम मिति २०७०।१२।१२ गतेदेखि निस्क्रिय हुने भएकोले सो व्यवस्था बमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकार (मा.उप.प्र.म. तथा गृहमन्त्रीस्तर) बाट मिति २०७०।१२।११ मा निर्णय भएकोले निर्णय अनुसार अनुरोध गर्दछु ।

२०७०।१२।२०

(सहदेव महत)
शाखा अधिकृत

बोधार्थ:
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा संक्षिप्त परिचयपत्र व्यवस्थापन शाखा)

गृह मन्त्रालय

पत्र संख्या :- ना. तथा सप. व्या.

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ५०८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७१।०१।०४.....

विषय :-

निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

भारतीय र बृटिश सेना, प्रहरीमा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवारिक विवरणमा नामथर, जन्ममिति लगायतको विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा पाउन कठिन परेको भनी विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशन माग भई आएको सम्बन्धमा कारवाहीको लागि पेश हुँदा दुरुपयोग हुन नपाउनेतर्फ प्रमुख जिल्ला अधिकारीले विशेष सतर्कता अपनाउने गरी देहाय बमोजिम गर्ने गराउने गरी सबै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्ने भनी नेपाल सरकार (माननीय उपप्रधान तथा गृहमन्त्रीस्तर) बाट मिति २०७१।०१।०३ मा निर्णय भएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

देहाय

"भारतीय र बृटिश सेना, प्रहरीमा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवारिक विवरणमा नामथर, जन्ममिति लगायतको विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा पाउन कठिनाई परेमा त्यस्ता पेन्सनरहरु र निजका श्रीमतीको हकमा मात्र निजहरुको पेन्सन पट्टामा भएको विवरण अनुसार नागरिकताको प्रमाणपत्रमा फलानो भन्ने फलानो भनी संशोधन गरिदिई रेकर्डमा कारण जनाई पुरानो नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपि जारी गर्ने।"

२०७१/०४/०४

(सहदेव महत)
शाखा अधिकृत

बोधार्थः-
श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

(सिंहदरबार, काठमाडौं)

फोन :- ४२००३६७, ४२००३६८
४२००३६९
फ्याक्स :- ४२००२३८
सिंहदरबार, काठमाडौं

पत्र संख्या : सा.प्र.मन्त्र-०८-०७१।७४
चलानी नं. : ८९७

मितिः- २०७४/०१/२५

विषयः- जानकारी सम्बन्धमा।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय,

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरबन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागू हुनेगरी देहायको सुविधा उपलब्ध गराउने निर्णय भएकाले जानकारीको लागि आदेशानुसार अनुरोध गर्दछु ।

(क) कम्तीमा छ (६) महिना करार सेवा गरेमा सालबसाली रुपमा एक (१) महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराउने ।

(ख) सार्वजनिक बिदा बाहेक वार्षिक रुपमा सञ्चित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा एक (१) दिन बिदा दिने ।

(ग) बिरामी बिदा बढीमा १५ दिन दिने ।

(घ) सुत्केरी बिदा अघिपछि गरी बढीमा ६० दिन प्रदान गर्ने ।

(ङ) सालबसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह उपलब्ध गराउने ।

.....
(बाल कुमार श्रेष्ठ)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु. ०७४/०७५

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ९३००

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०७५/०१/२१

विषय: निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

सार्वजनिक सवारी साधन संचालन गर्न अनुमति पाएका व्यवसायीहरु तथा साविकका यातायात समितिहरुले सिन्डिकेट अन्त्यको विरोधमा सवारी साधनहरु संचालन नगर्ने, सडक अवरोध र विरोधका कार्यक्रमहरु संचालन गर्ने गरेकोबाट आम जनसाधारणमा पर्न सक्ने असुविधालाई समेत मध्यनजर गर्दै सो सम्बन्धमा यस पूर्व दिइएका निर्देशनका अतिरिक्त देहाय अनुसारका निर्णयहरु कार्यान्वयनका लागि अनुरोध छ ।

१. सार्वजनिक भाडाका सवारीहरु संचालन गर्ने व्यवसायीहरुलाई सुरक्षाको प्रत्याभूति दिन आवश्यक सुरक्षा व्यवस्था मिलाउने ।
२. सार्वजनिक सवारी संचालनमा अन्तर जिल्ला समन्वय गरी त्रुटिरहित सुरक्षा व्यवस्था मिलाउने ।
३. भाडाका सवारी संचालन अनुमति पाएका साविकका यातायात समितिका सवारी साधन संचालन नगर्ने, अवरोध गर्ने समितिका पदाधिकारीहरुलाई कानून बमोजिम तत्काल नियन्त्रणमा लिई आवश्यक कानूनी कारवाही गर्ने ।
४. सार्वजनिक सवारी संचालन नगर्ने/ नगराउने साविकका यातायात समितिहरु अर्न्तगत रहेका सवारीहरुको विवरण तयार गरी यातायात व्यवस्था विभाग/यातायात कार्यालयहरुमा सडक ईजाजत (Route Permit) रद्द गर्न शिफारिस गरी पठाई सोको जानकारी गृह मन्त्रालयलाई दिने ।
५. ने.क.पा. (विप्लव) समूहबाट हुन सक्ने संम्भावित बन्द, हडताल र सुरक्षा चुनौतीहरुको सम्बन्धमा यस पूर्वका निर्देशनहरुको कार्यान्वयन गर्दै उक्त समूहबाट हुन सक्ने कानून विपरितका कार्यहरु नियन्त्रणका लागि भरपर्दो सुरक्षा व्यवस्था मिलाउनु हुन, घटना हुनुपूर्व नै त्यस प्रकृतिका घटना गराउने संदिग्ध व्यक्तिहरुलाई नियन्त्रणमा लिई कानूनी कारवाही गर्ने, जनप्रतिनिधि तथा अन्य सार्वजनिक जिम्मेवारीमा रहेका पदाधिकारीहरु एवं महत्वपूर्ण स्थलहरु/कार्यालयहरुको त्रुटिरहित सुरक्षा प्रवन्धका लागि अनुरोध छ ।

(राम प्रसाद ज्ञवाली)
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

डडेल्धुरा

फोन नं ४२०१३३

ddudadeldhura1@gmail.com

पत्र संख्या :- ०७५/०७६/प्र.

चलानी नं :-

मिति :- २०७५/०४/१४ .

विषय : आवश्यक निर्देशन सम्बन्धमा ।

श्री गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
सिंहदरबार, काठमाण्डौं ।

उपरोक्त सम्बन्धमा डडेल्धुरा जिल्ला नवदुर्गा गा.पा वडा नं. ४ बस्ने सगीता नायकले जन्म मिति २०५७/२/४ उल्लेख गरी नेपाली नागरिकता प्रमाण पत्र पाउँ भनी शैक्षिक योग्यताको प्रमाण पत्र र वडा कार्यालयको सिफारिस सहित यस कार्यालयमा अनुसूची पेश गरेको हुँदा निजले अनुसूची साथ पेश गरेको वडा कार्यालयको सिफारिस अनुसार निजकी आमा पारमती देवी नायक विगतको देशकी प्रथा अनुसार देवीआई देउकी चढाएकोले अरु कसै संग विवाह गरी घरबार गर्न नहुने भएकोले पति नभएको [illegible] देवी नायकको समेत मृत्यु भै सकेको छ । यस कार्यालयको नागरिकताको अभिलेख अनुसार पारमती देवी नायकको नागरिकता अभिलेखमा पतिको नाम उल्लेख नभएकोले निज सगीता नायकलाई नेपाली नागरिकता प्रमाणपत्र उपलब्ध गराउने सन्दर्भमा निजले पेश गरेको अनुसूची फाराम शैक्षिक योग्यताको प्रमाण पत्र, वडा कार्यालयको सिफारिस र आमाको ना.प्र.प.को कार्यालय अभिलेखको फोटोकपि यसै साथ संलग्न गरीएको हुँदा निज सगीता नायकलाई आमाको नामथर ना.प्र.प. उपलब्ध गराउने सन्दर्भमा आवश्यक निर्देशनका लागी अनुरोध छ ।

करुणाकर अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

श्रीमान्

प्रचलित कानून र यस मन्त्रालयबाट यस अघि जारिएका परिपत्र अनुसार गर्नु र मन्त्रालयमा बुझ्नु विषयको निर्देशन माग गर्दा प्र.जि.अ.को राय निर्णय अनुरोध पछाडि पनि लेखी पठाउने उपयुक्त देखी पेश गरेको छु ।

06/8/22
(अंगप्रसाद न्यौपाने)
उ.स.

8/22

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्याः- ना. तथा राप. व्या.०७५/०७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १२६

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७५।०४।२०

विषयः जन्मको आधारमा नागरिकता प्राप्त नागरिकको सन्तानको नागरिकता सम्बन्धमा ।

श्री प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम ।

श्री जिल्ला प्रशासन कार्यलय,
सबै ।

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका वालिग सन्तानले नेपालको नागरिकता प्राप्त गर्न नसकेको तथ्यप्रति नेपाल सरकार संवेदनशील छ । नेपालको संविधानले दिएको नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकको कार्यान्वयनमा नेपाल सरकार प्रतिबद्ध रहेको छ । नेपालको नागरिकता सम्बन्धी विषय नेपालको संविधान बमोजिम संघीय कानूनले निर्धारण गरे बमोजिम हुने भएको हुँदा संविधानले दिएको अधिकार प्रयोगका लागि सम्बन्धित कानूनको आवश्यकता पर्ने भएकाले मौजुदा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एंव संशोधनका लागि मसौदा तयार भै संसदमा पेश गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रीपरिषदमा पेश भएको अवस्था रहेको छ । यसलाई छिट्टै संसदमा पठाउने प्रयत्न भइरहेको र संसदबाट संशोधन विधेयक पारित भै ऐन बने पश्चात संघीय कानून बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने व्यहोरा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।०४।२० को निर्णयानुसार अनुरोध छ ।

गंगाप्रसाद न्यौपाने
उपसचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या:- ना. तथा राप. व्या.०७५/०७६

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- १४२

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति: २०७५।०४।२४

विषय: निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालयमा कुनै समस्या परेको खण्डमा कतिपय जिल्ला प्रशासन कार्यालयबाट प्रमुख जिल्ला अधिकारीलाई जानकारी नै नभई सिधै यस मन्त्रालयमा पत्राचार गरेको पाइयो । तसर्थ अब उप्रान्त मन्त्रालयमा कुनै विषयमा राय/आदेश/निर्देशन माग गर्दा प्रमुख जिल्ला अधिकारीको राय निर्णय सहित वा दस्तखतको पत्र पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

(कल्पलता निरौला)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फयाक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

पत्र संख्या:- शा.सु. ०७५/०७६/९

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ५९०

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७५/०४/२६

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७)।

विषयः- सुरक्षा सर्तकता अपनाउने सम्बन्धमा ।

आ- आफ्नो जिल्लाभित्र विप्लव समूहका गतिविधिहरुबाट सार्वजनिक सुरक्षामा पर्न सक्ने अवाञ्छित प्रभावलाई समयमा नै आंकलन गरी भरपर्दो र त्रुटिरहित सुरक्षा व्यवस्थापन गर्न जिल्ला सुरक्षा समितिको वैठक बसी देहाय अनुसार गर्न गराउन अनुरोध छ ।

१. सुरक्षा संवेदनशील क्षेत्रहरुको (महत्वपूर्ण व्यक्तिहरु,कार्यालयहरु ,प्रतिष्ठान ,जनप्रतिनिधिहरु , विमानस्थल, दुरसञ्चार,विद्युत ,विद्यालय, अस्पताल,राजमार्ग,पुलका संरचनाहरु लगायत) पहिचान गरी जोखिमको आधारमा सुरक्षा परिचालन तथा निगरानी केन्द्रित गर्ने ।

२. सुरक्षा संवेदनशील सूचना तथा जानकारीहरु संकलनमा तिव्रता दिई समन्वयलाई प्रभावकारी बनाउने ।

३. राजमार्ग, सीमानाकाहरु, जनसम्पर्क र मानिसहरुको वढी उपस्थिति हुने स्थानहरुमा आकस्मिक तथा नियमित सुरक्षा जाँचलाई वढाउने ।

४. स्थानीय तथा प्रादेशिक सरकारका पदाधिकारीहरु तथा अन्य सार्वजनिक जिम्मेवारीमा रहेका विशिष्ट व्यक्तिहरुको सार्वजनिक एवम निजी कार्यक्रमहरु र आवागमनको नियमित जानकारी लिने, सुरक्षा सर्तकर्ता अपनाउन जानकारी गराउने तथा आवश्यकता अनुसार सुरक्षा उपलब्ध गराउने ।

५. सार्वजनिक तथा निजी प्रतिष्ठानहरु, उद्योग कलकारखाना, व्यवसायिक क्षेत्रमा सुरक्षा व्यवस्था भरपर्दो वनाउन यस्ता संरचनाहरुमा खटिने निजी एवम कार्यालय सुरक्षामा खटिने कर्मचारीहरु र व्यवस्थापनलाई सुरक्षा निकायसँग नियमित समन्वय गर्ने व्यवस्था मिलाउने।

६. दैनिक अत्यावश्यक वस्तु तथा सेवाको नियमित आपूर्ती सुनिश्चित गर्न आवश्यक समन्वय गरी सुरक्षा व्यवस्था मिलाउने ।

प्रेम कुमार राई
सचिव

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- शा.सु. ०७५/०७६/१२०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-३४९

मितिः २०७५/०५/०७

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विषयः हातहतियारको नामसारी सम्बन्धमा ।

हातहतियार खरखजाना सम्बन्धी व्यवस्थाको लागि हातहतियार खरखजाना ऐन, २०१९ तथा नियमावली, २०२८ कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ । हाल विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट हातहतियारको नामसारीका सम्बन्धमा निर्देशनका लागि अनुरोध भई आएकोमा प्रचलित ऐन तथा नियमावलीमा व्यवस्था भएका तपशिलका प्रावधानको अधीनमा रही कार्य गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

हातहतियार तथा खरखजाना नियमावली, २०२८(नवौं संशोधन नियमावली, २०७१) मा भएका व्यवस्थाहरुः

नियम १७ हातहतियारको नामसारीः (१) कुनै इजाजत प्राप्त (लाइसेन्स) प्राप्त व्यक्तिले आफ्नो कुनै हातहतियार अरु कसैलाई बिक्री गरी वा अरु कुनै तरिकाले हक छाडी दिन चाहेमा त्यस्तो हक छाडी दिने र लिने दुवै थरिले क्रमशः अनुसूची १३ र १४ मा तोकिएको ढाँचामा प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्छ । त्यस्ता हक पाउने व्यक्तिलाई खरिद गर्ने इजाजतपत्र (लाईसेन्स) भइराखेको भए वा त्यस्तो व्यक्तिको सम्बन्धमा जाँचबुझ गर्दा इजाजतपत्र (लाईसेन्स) दिन हुने ठहरिएमा एक हजार रुपैयाँ नामसारी दस्तुर लिई प्रमुख जिल्ला अधिकारीले बिक्री गर्ने वा हक छाड्न स्वीकृति दिनेछ ।

तर कुटनैतिक सुविधा प्राप्त व्यक्तिले भने परराष्ट्र मन्त्रालय मार्फत गृह मन्त्रालयको स्वीकृति लिई मात्र बिक्री गरी वा हक छाडी दिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति मरी निजको हातहतियारको नामसारी गराउन निजको सबभन्दा नजिकको उमेर पुगेका हकवालाले प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिएमा प्रमुख जिल्ला अधिकारीले दिन नहुने ठहराइएमा बाहेक एकहजार रुपैयाँ नामसारी दस्तुर लिई त्यस्तो हकवालाको नाममा यस नियमावली बमोजिम नामसारी गरी दिनु पर्छ ।

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np

पत्र संख्याः- शा.सु. ०७५/०७६/९

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

(३) हातहतियारको इजाजत प्राप्त व्यक्तिले नियम ३ को उपनियम (१) मा उल्लेखित हातहतियार बाहेक अरु हातहियार कसैलाई बेचविखन वा नामसारी गर्न पाउने छैन ।

(४) हातहियारको इजाजत प्राप्त व्यक्तिले उपनियम ३ बमोजिम मनाही नगरिएका हातहतियारहरु पनि इजाजतपत्र पाएको मितिले पाँच वर्ष भुक्तान नभएसम्म बेचविखन वा नामसारी गर्न पाउने छैन ।

(५) उपनियम (२) बमोजिम निवेदन दिँदा इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएको मितिले ६ महिनाभित्र सम्बन्धित हकवालाले वा वारिस मार्फत निवेदन दिनु पर्नेछ ।

(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत (नवौं संशोधन, २०७१/०९/१४) कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए यो नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र मनासिव कारण देखाई निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि दुई हजार रुपैंया नामसारी दस्तूर लिई नामसारी गरिनेछ ।

(५ख) उपनियम (५क) मा तोकिएको म्याद भित्र पनि कसैले इजाजतपत्र नवीकरण नगराएमा वा हातहतियार खरखजानाको नामसारी नगरेमा त्यस्तो इजाजतपत्र स्वतः खारेज हुनेछ र सम्बन्धित हातहतियार खरखजाना जफत हुनेछ ।

(६) इजाजत प्राप्त व्यक्तिले नेपाल सरकारको स्वीकृति लिई आफूसँग भएको जुनसुकै किसिमको हातहतियार पनि विदेशी नागरिकलाई बेचविखन गर्न यो नियमले बाधा पु-याएको मानिने छैन ।

२०६५/०८/०६

(मान बहादुर बुढा)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्याः- नाराप/परिपत्र/०७५/७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-९९४

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः-२०७५/०५/२१

विषयः विद्यमान मुलुकी (संहिता) ऐन सन्दर्भमा नागरिकता जारी गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालय, तनहुँले च.नं. ८१७ मिति २०७५।०५।०७ को पत्रबाट मिति २०७५।०५।०१ देखि लागू भएको मुलुकी संहितामा २० वर्ष नपुगी कसैले पनि विवाह गर्नु नहुने र गरेमा स्वतः बदर हुने साथै बहुविवाह समेत स्वतः बदर हुने जस्ता ऐनको व्यवस्थाको सन्दर्भमा नेपाली नागरिकता जारी गर्दा २० वर्ष नपुगी पति वा पत्नीको नाम कायम गर्न आएमा वा बहुविवाह गरी पति वा पत्नीको नाम कायम गर्न आएमा नयाँ वा प्रतिलिपि नागरिकता जारी गर्न दुविधा परेको भनी जानकारी हुन आएको हुँदा तत् सम्बन्धमा देहाय बमोजिम गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०५।१८ को निर्णयानुसार अनुरोध गरिन्छ ।

तपसील

१. मिति २०७५।०५।०१ भन्दा अगाडी भएका विवाहको हकमा तत्काल प्रचलित कानून बमोजिम यस अघि जे जसरी नागरिकता वा प्रतिलिपि जारी गर्ने गरिन्थ्यो सोही अनुसार गर्ने ।
२. मिति २०७५।०५।०१ देखि पछि भएका विवाहको हकमा हाल प्रचलित कानून बमोजिम गर्ने ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फयाक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७५/०७६/९

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ६१९

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७५/०६/०४

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

महान्यायाधिवक्ताको कार्यालय (सचिवालय शाखा)को च.नं. सचिवालय/२६ मिति २०७५/०५/२० गतेको पत्रबाट प्राप्त मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको मिति २०७५/०५/०६ गते बसेको बैठकको निर्णयहरुको छायाँप्रति थान ७ (सात) यसैसाथ संलग्न राखी निर्णय कार्यान्वयन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

२०७५।०६।०४
(रञ्जना रोई)
शाखा अधिकृत

(मेल पछाडको प्रती)

महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.....शाखा)

सचिवालय

पत्र संख्या :- ०७५/०७६

चलानी नं. :- सचिवालय/२६

रामशाहपथ, काठमाडौं

मिति :-.....२०७५।०५।२०

श्री गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः आवश्यक कार्यार्थ सम्बन्धमा ।

प्रस्तुत विषयमा मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको मिति २०७५।०५।०६ मा बसेको बैठकका निर्णयहरुको प्रतिलिपि थान -७(सात) आवश्यक कार्यार्थ यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

ज्ञानप्रसाद भुसाल
(उपन्यायाधिवक्ता)

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

आज मिति २०७५।०५।०६ मा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

समितिका पदाधिकारी					
क्र.सं.	नाम, थर	पद	कार्यालय	सम्पर्क नं.	हस्ताक्षर
१	श्री अग्नि प्रसाद खरेल	अध्यक्ष	महान्यायाधिवक्ताको कार्यालय		
२	श्री राजिव गौतम	सदस्य	सचिव,कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय		
३	श्री प्रेमकुमार राई	सदस्य	सचिव, गृह मन्त्रालय		
४	श्री सर्वेन्द्र खनाल	सदस्य	प्रहरी महानिरिक्षक प्रहरी प्रधान कार्यालय		
५	श्री बद्री प्रसाद गौतम	सदस्य-सचिव	नायब, महान्यायाधिवकता, महान्यायावक्ताको कार्यालय		
आमन्त्रित					
१	श्री राजन प्रसाद भट्टराई	मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत			
२	श्री विश्वनाथ पौडेल	सचिव, वन तथा वातावरण मन्त्रालय			
३	श्री खगराज पौडेल	नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय			
४	श्री किरण पौडेल	नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय			
५	श्री पद्मप्रसाद पाण्डेय	का.मु. नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय			
६	श्री नारायणप्रसाद पौडेल	सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय			
७	श्री श्यामकुमार भट्टराई	सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय		९८४१-२४४६८०	
८	श्री गीता प्रसासद तिम्सिना	सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय		९८४१०५८३१	
९	अर्जुनबाबु पौ	उप महानिर्देशक वन तथा भू संरक्षण विभाग		९८४१३२८६४८	
१०	डा. राजेन्द्र के.सी.	उप महानिर्देशक, वन तथा भू संरक्षण विभाग		९८४१४४४४८	
११	डा. सिन्धु प्र. पुंगाना	सह-सचिव, वन तथा वातावरण		९८६०३३०२१८	
१२	कोमला प्र. [illegible]	उ.म. (दा.म) वन तथा वातावरण		९८४१०९३३३३	
१३	मन बो. खड्का	प्र.नि, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग		९८४१४५५२९०	
१४	धीरु चरन्याल	प्र.नि.प.नि.१८		९८४०५६८०८	

१५	सुधीप्रसाद उपाध्याय	पृथ्वी पाठेb उपस्थित	पृ. पृथ्वी कार्यालय	
१६	डा.गणेशजी रेग्मी	पृथ्वी उपस्थित	पृ. पृ. का	
१७				
१८				
१९				
२०				
२१				
२२				
२३				
२४				

निर्णयहरु:

१. **प्रस्ताव र निर्णय नं. एक :**

सरकारवादी फौजदारी मुद्दाको पुनरावेदन सम्बन्धी कारवाहीको क्रममा अनुसन्धानबाट संकलित प्रमाणबाट निर्दोष देखिएका व्यक्ति उपर मुद्दा चलाउने राय पेश भएको र सरकारी वकीलले मुद्दा दायर गरेको सम्बन्धमा यस समितिको ध्यानाकर्षण भएको छ । कुनै व्यक्तिले कसूर गरेमा सजायभागी हुन्छ भन्ने फौजदारी विधिशास्त्रको सामान्य सिद्धान्त रहेको छ । कुनै व्यक्तिको कार्यलाई कानूनले कसूरको रुपमा परिभाषा गरी सजायको व्यवस्था गरेकोमा मात्र त्यस्तो व्यक्तिले कानूनी दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । तर, अदालत वा न्यायिक निकायबाट कसूरदार ठहर नभएसम्म त्यस्तो व्यक्ति निर्दोष नै मानिन्छ । कसूरको अनुसन्धानबाट कुनै व्यक्ति निर्दोष देखिएको छ भने सो व्यक्ति उपर मुद्दा चलाउनु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुने निश्चित छ । तसर्थ, अनुसन्धानबाट निर्दोषिताको अनुमान अन्यथा पुष्टि हुदैन भने सो व्यक्ति उपर कानूनी कारवाही हुन गएमा व्यक्तिको मौलिक तथा मानव अधिकारको प्रचलनमा बाधा पर्न जाने र गलत अनुसन्धान र अभियोजन हुने हुँदा सो तर्फ सम्बन्धित अनुसन्धान अधिकृत र सरकारी वकीललाई सजग र सचेत रहन निर्देशन दिने ।

२. **प्रस्ताव र निर्णय नं. दुई :**

प्रचलित कानूनले निर्धारण गरेको हदम्याद भित्र संभव भएसम्म छिटो अनुसन्धान गरी अनुसन्धान अधिकृतले राय सहित निर्णयका लागि सरकारी वकील समक्ष मिशिल पेश गर्नु पर्नेमा सो बमोजिम नगरी हदम्यादको अन्तिम अवस्थामा मिशिल पेश गरेको भन्ने विषयका सम्बन्धमा समितिमा छलफल भयो । अपराधको अनुसन्धान निरन्तर गरिएको कार्यहरुको संयोजन भएको हुँदा अपराधको सूचना प्राप्त भए पछि कानूनले निर्धारित गरेको हदम्याद भित्र सो अपराध सम्बन्धमा निरन्तर अनुसन्धान गरी अनुसन्धानको निष्कर्षको रुपमा राय साथ मिशिल अभियोजनकर्ता समक्ष पेश गर्नु पर्ने अनुसन्धानकर्ता प्रहरीको जिम्मेवारी रहेको छ । अनुसन्धानको क्रममा मिसिलबाट निरन्तर अनुसन्धान गरेको देखिदैन र हदम्याद समाप्त हुनु भन्दा केही दिन अगाडि मात्र मिशिल सरकारी वकील समक्ष पेश गरिन्छ भने सो कार्यलाई प्रभावकारी अनुसन्धान मान्न मिल्ने हुदैन । "प्रभावकारी अनुसन्धान र अभियोजन, सुदृढ फौजदारी न्याय प्रशासन" भन्ने नारा सहित अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलले कार्य गरी रहेको सन्दर्भमा यस प्रकृतिका कार्यहरुले फौजदारी न्याय प्रशासनको अभिष्ट पूरा हुन नसक्ने हुँदा निरन्तर र प्रभावकारी अनुसन्धानतर्फ कार्य गर्न प्रहरी प्रधान कार्यालय मार्फत मातहतका अनुसन्धान इकाईहरुलाई निर्देशन दिने । साथै, अपराधको प्रतिवेदन प्राप्त भई सकेपछि सरकारी वकीलले गर्नु पर्ने कार्यहरुको सम्बन्धमा अभिलेख व्यवस्थित बनाई सोही अनुसार समयमा अनुसन्धान भए नभएको विषयमा अनुगमन गरी समयमा कार्य सम्पादन गर्न मातहतका सरकारी वकील कार्यालयहरुलाई महान्यायाधिवक्ताको कार्यालयले निर्देशन दिने ।

३. **प्रस्ताव र निर्णय नं. तिन :**

सरकारी वकीलको निर्णय बमोजिम अनुसूची बाहिरका सरकारवादी मुद्दा अभियोजन हुने अवस्थामा सरकारी वकीलले निर्णय गरे भन्दा बढी व्यक्तिलाई प्रतिवादी कायम गरी अभियोजन गरेको भन्ने विषयमा छलफल भयो । सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय गरे भन्दा अधिक व्यक्तिलाई अभियोगदावी लिइएको र सरकारी वकीलले गरेको निर्णय भन्दा अन्यथा गरी सजायको मागदावी लिई अभियोजन गरेको देखिन आयो । यस किसिमका मुद्दाहरुको प्रतिरक्षा तथा सफलतामा समेत असर परेको देखियो । संविधान बमोजिम महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अन्तर्गत सरकारी वकीलबाट अभियोजन गर्ने अधिकार प्रयोग गरी मुद्दा चलाउने निर्णय गर्दा जुन कानूनको उल्लेख भएको छ र जे जुन व्यक्तिहरुलाई प्रतिवादी कायम गरी मुद्दा चलाउने निर्णय भएको छ सोको सीमाभित्र रहेर अभियोग पत्र पेश गर्नु पर्ने सम्बन्धित अधिकारीको कार्य जिम्मेवारी रहेकोमा सो अनुसार नगरेको कारणले मुद्दाको प्रतिरक्षा र सो मुद्दाको परिणाममा समेत असर परेको सम्बन्धमा अभियोग पत्र पेश गर्ने सम्बन्धित अधिकारी नै जिम्मेवार हुने हुँदा प्रस्तुत मुद्दामा सरकारी वकीलको निर्णय भन्दा बाहिर गई अभियोग पत्र पेश गर्ने अधिकारीलाई आवश्यक कारवाही गर्न वन तथा वातावरण मन्त्रालयमा लेखी पठाउने ।

४. **प्रस्ताव र निर्णय नं. चार :**

सरकारवादी फौजदारी मुद्दामा प्रहरी प्रतिवेदक र सरकारी पक्षका साक्षीहरुको बकपत्र हुन नसक्दा मुद्दाको सफलता प्रभावित भएको छ । सो विषयका सम्बन्धमा छलफल हुँदा वादी पक्षका साक्षी उपस्थित गराउनु पर्ने मुख्य जिम्मेवारी अनुसन्धानकर्ता प्रहरीको हो । यस प्रकृतिका मुद्दामा स्वयं प्रहरी प्रतिवेदक समेत बकपत्रका लागि उपस्थित हुन नआएको अवस्था देखिन्छ । यसबाट मुद्दाको परिणाममा असर पर्ने हुँदा सो तर्फ अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील सजग रहनु पर्ने हुन्छ । कुनै चिज वस्तु बरामद गरी पेश गर्ने प्रतिवेदक तथा घटना विवरण कागजका मानिसहरु उपस्थित नभएकोमा प्रतिवादीले सफाई पाई नेपाल सरकारको अभियोजन सफल हुन सकेको अवस्था छैन । नबुझी नहुने साक्षी अदालतले तोकेको दिन उपस्थित नभएमा समाह्वान तथा पक्राउ पूर्जी जारी हुने, अदालतले दुई हजार रुपैंयासम्म जरिवाना गर्ने साथै पक्राउ परेका बखत सजाय कार्यान्वयन गर्ने गरी पैतालिस दिनसम्म कैद हुने समेतको व्यवस्था प्रचलित मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ११२ मा रहेको छ । साक्षी परीक्षणको प्रक्रिया शुरु नभए पनि तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने कारण देखाई त्यस्ता साक्षीहरु तत्कालै उपस्थित गराई बकपत्र गराउन अदालतमा अनुरोध गरेमा अदालतले साक्षीको बकपत्र गराउने प्रमाण परीक्षण सम्बन्धी व्यवस्था सोही कार्याविधिको दफा १०१ मा रहेको छ । तसर्थ, उल्लिखित व्यवस्थाहरुको अधिनमा रही तोकिएको दिन साक्षी उपस्थित गरी गराई प्रमाण परीक्षण गर्ने

गराउने कार्य गर्नु गराउनु हुन प्रहरी प्रधान कार्यालय मार्फत मातहतका प्रहरी कार्यालय र महान्यायाधिवक्ताको कार्यालय मार्फत जिल्ला सरकारी वकील कार्यालयमा लेखी पठाउने ।

५. **प्रस्ताव र निर्णय नं.पाँच :**

मुद्दाको मिसिलमा रहेका विभिन्न कागजमा फरक फरक वारदात तथा मुद्दाको तथ्य र मिति लेखाएबाट सरकारी मुद्दाको अनुसन्धान लगायतका काम कारवाहीमा असर परेको सम्बन्धमा यस समितिमा छलफल भयो । अपराधको सूचनाको रुपमा रहेको जाहेरी दरखास्तलाई अन्यथा हुने गरी अनुसन्धान भएको देखिँदा मुद्दाको अवस्था र हदम्यादमा समेत असर परी मुद्दा चल्न नसक्ने अवस्था हुन गएको विषयलाई मध्यनजर गरी यस किसिमको अनुसन्धानलाई निरुत्साहित गर्न र अनुसन्धानलाई एकरुपता कायम गर्न सम्बन्धित अनुसन्धान अधिकृतलाई ध्यानाकर्षण गर्न प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।

६. **प्रस्ताव र निर्णय नं. छ:**

प्रचलित कानूनले कुनै कसूरको परिभाषा गरी सजाय गरेको अवस्थामा सो कानून बमोजिम नगरी अन्यथा गरेको सम्बन्धमा यस समन्वय समितिमा पेश हुन आएको छ । खातामा रकम छैन भनी जानी जानी चेक खिची हस्तान्तरण गर्ने कार्यलाई बैँङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को प्रथम संशोधन (२०७३) ले समेत समेटेको देखिन्छ । वारदातको प्रकृतिले ठगी वारदातमा नभई बैँङ्किङ्ग कसूरतर्फ अनुसन्धान गरी कारवाही हुन सक्ने अवस्था देखिएकोमा ठगी मुद्दामा अनुसन्धान भएको र अन्तिम निकासाका लागि पेश हुँदा हदम्याद समेत समाप्त हुने गरी मिशिल पेश भएको देखिन्छ । तसर्थ, अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच समन्वयको अभावको कारण यसो हुन गएको देखिन्छ । अपराधको सूचना प्राप्त हुँदा सो अपराधको कारवाही सम्बन्धमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील बीच आवश्यक समन्वय गरी कार्य भएमा अनुसन्धान र अभियोजन प्रभावकारी हुने हुँदा सो अनुसार गर्न गराउन निर्देशन दिने । साथै, अनुसन्धानकर्ता र अभियोजनकर्ताको उक्त कार्यले प्रस्तुत मुद्दा सरकारवादी भई चल्न नसक्ने अवस्था भएको हुँदा सम्बन्धित प्रहरी कार्यालय र जिल्ला सरकारी वकील कार्यालयलाई सजग गराउन महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।

७. **प्रस्ताव र निर्णय नं. सात :**

महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी नेपाल प्रहरीको आयोजनामा सम्पन्न अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रदेशस्तरीय सम्मेलनबाट मुलुकी अपराध (संहिता) समेतका नयाँ कानूनको कार्यान्वयनका लागि प्रतिबद्धता सहित विभिन्न प्रस्तावहरु पारित भएको जानकारी हुन आयो । प्रादेशिक सम्मेलनको आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेकोमा नेपाल प्रहरीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । ती

सम्मेलनबाट पारित प्रस्तावको कार्यान्वयनका लागि कार्ययोजना सहित आगामी बैठकमा पेश गर्न समन्वय सचिवालयलाई जिम्मेवारी दिने ।

८. **प्रस्ताव र निर्णय नं. आठ :**

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९४ को उपदफा (३) मा व्यवस्थ भए बमोजिम यस समितिले आफ्नो कार्यविधि आफै नियमित गर्नेछ भन्ने व्यवस्था गरेको हुँदा सो कार्यविधिको मस्यौदा तयार गरी अर्को बैठकमा पेश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको मस्यौदा समिति गठन गर्ने निर्णय गरियो :

१)	नायब महान्यायाधिवक्ता श्री बद्री प्रसाद गौतम :	संयोजक
२)	सहन्यायाधिवक्ता श्री श्याम कुमार भट्टराई :	सदस्य
३)	प्रहरी उपरीक्षक श्री गणेश रेग्मी:	सदस्य

९. **प्रस्ताव र निर्णय नं. नौ :**

मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता), ऐन, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मिति २०७५ भाद्र १ गते देखि लागू भई सकेको छ । यी कानूनहरुले कारागार प्रशासनको सम्बन्धमा पनि सारभूत व्यवस्था गरेको अवस्था छ । यी कानूनहरु कारागार प्रशासनका अधिकारीहरुसँग पनि सम्बन्धित हुँदा निजहरुलाई प्रशिक्षण मार्फत सुसूचित गराई कारागार प्रशासनमा प्रभावकारिता ल्याउन आवश्यक देखिएको हुँदा उल्लिखित नयाँ कानूनहरुले गरेको कारागार प्रशासनसँग सम्बन्धित व्यवस्थाहरुको बारेमा प्रशिक्षण आयोजना गर्न नेपाल सरकार गृह मन्त्रालयमा लेखी पठाउने । साथै, महान्यायाधिवक्ताको कार्यालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सो प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने ।

१०. **प्रस्ताव र निर्णय नं. दश :**

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरुका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन दफा १९४ ले यस समितिको व्यवस्था गरेको छ । त्यस्तै, उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी समस्यामूलक विषयमा छलफल गर्ने भन्ने महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षिय रणनीतिक योजनाको

रणनीति रहेको र नयाँ कानूनहरु लागू भई सकेको सन्दर्भमा उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी अनुसन्धान र अभियोजनलाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ देहाय बमोजिमको समन्वय समितिको गठन गरी कार्यादेश समेत तोक्ने ।

१. **उच्च सरकारी वकील कार्यालय तहमा :**

(क) सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय : संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी : सदस्य

(ग) सम्बन्धित संघीय प्रहरी इकाई कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत : सदस्य

(घ) सहन्यायाधिवक्ताले तोकेको अधिकृतस्तरको सरकारी वकील, उच्च सरकारी वकील कार्यालय: सदस्य सचिव

कार्यादेश :

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन उच्च सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरुसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायहरुलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) जिल्ला तहमा रहेको समन्वय समितिलाई मार्ग निर्देशन गर्ने,

(४) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(५) समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरुलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने ।

(६) समितिले गरेका निर्णयहरुको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्ने ।

(७) सम्बन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउँदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(८) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

२. विशेष सरकारी वकील कार्यालय तहमा :

(क) सहन्यायाधिवक्ता, विशेष सरकारी वकील कार्यालय, काठमाडौं : संयोजक

(ख) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको महानिर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत : सदस्य

(ग) नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईको प्रमुख : सदस्य

(घ) वैदेशिक रोजगार विभागको महानिर्देशक वा निजले तोकेको बरिष्ठ अधिकृत : सदस्य

(ङ) आन्तरिक राजस्व कार्यालयको महानिर्देशक वा निजले तोकेको बरिष्ठ अधिकृत : सदस्य

(च) अपराध अनुसन्धान व्यूरो (CIB) का प्रमुख वा निजले तोकेको सो व्यूरोका अधिकृत : सदस्य

(छ) संयोजकले तोकेको अधिकृतस्तरको सरकारी वकील, विशेष सरकारी वकील कार्यालय, काठमाडौं : सदस्य सचिव

कार्यादेश :

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन विशेष सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरुसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(४) समितिले विशेष सरकारी वकील कार्यालयको कार्यक्षेत्रमा परेका नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरुलाई सो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिले गरेका निर्णयहरुको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयका साथै सरोकारवाला निकायहरुमा पठाउनु पर्नेछ ।

(६) विशेष सरकारी कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(७) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) समितिको वैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

३. जिल्ला तहमा :

(क) प्रमुख, जिल्ला सरकारी वकील कार्यालय : संयोजक

(ख) सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी : सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको अधिकृत : सदस्य

(घ) जिल्लामा रहेका अपराध अनुसन्धान गर्ने निकायका प्रमुख वा निजले तोकेको अधिकृत : सदस्य

(ङ) संयोजकले तोकेको अधिकृतस्तरको सरकारी वकील, जिल्ला सरकारी वकील कार्यालय : सदस्य सचिव

<u>कार्यादेश :</u>

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन जिल्ला सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरुसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्वन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(४) समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्वन्धित निकायका प्रतिनिधिहरुलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने ।

(५) समितिले गरेका निर्णयहरुको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउनु पर्ने ।

(६) सम्वन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(७) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) समितिको वैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २९८

मितिः-२०७५/०८/०३

विषयः परिपत्र सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालय, दाङको च.नं. १३८३ मिति २०७५।०६।२८ को नावालक परिचयपत्रको बाबु/आमाको महलमा धर्मपिता/धर्मआमाको नाम उल्लेख गरी परिचयपत्र दिन मिल्ने नमिल्ने भन्ने विषयको पत्र पेश हुँदा, देहाय बमोजिम गर्ने भनी मिति २०७५।०७।२९ मा यस मन्त्रालयको (सचिवस्तर) निर्णय भएकोले आवश्यक कार्यार्थ अनुरोध छ ।

देहाय

"नावालक परिचयपत्रको बाबु/आमाको महलमा जन्मदिने बाबु/आमाकै नाम उल्लेख गर्ने र संरक्षकको महलमा अदालतद्धारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने अनुमति प्राप्त दम्पत्ती (व्यक्ति) को नाम उल्लेख गरी कोष्ठभित्र धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने व्यक्ति जनाई, यी विवरण निर्णय पुस्तिका, अभिलेखमा समेत जनाई नावालक परिचयपत्र जारी गर्ने ।"

(यशोदा गौतम)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२१११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्याः नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३६४

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७५।०९।१२

विषयः नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ मा संशोधन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै

श्री ईलाका प्रशासन कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा साविकमा "साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाई सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाई सराइको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्बन्धी प्रामाणिक अभिलेख मगाई सो को आधारमा प्रतिलिपि दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ" भन्ने व्यवस्था भएको मा "साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाई सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाई सराइको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्बन्धी प्रामाणिक अभिलेख मगाई वा नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) अनुरुप गृह मन्त्रालयको केन्द्रीय विद्युतीय भण्डार (सर्भर) मा भएको अभिलेख हेरी सो को आधारमा प्रतिलिपि दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ" भनी यस मन्त्रालयको मिति २०७५।०९।०९ को (सचिवस्तर) निर्णयानुसार नागरिकता प्रमाणपत्र वितरण कार्यवविधि निर्देशिका, २०६३ को दफा ४० को उपदफा ६ मा संशोधन भएकोले संशोधन भए बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

साथै गृह मन्त्रालयको CIMS मा Entry भई केन्द्रिय सर्भरमा भण्डारण भएको नागरिकताको अभिलेख, सेवाग्राहीले विभिन्न सेवा लिने क्रममा पेश गर्ने नागरिकताको प्रमाणपत्र रुजु गर्न समेत प्रयोग गरी सरल एवं छिटो छरितो सेवा प्रवाह गर्नु गराउनु हुन समेत निर्णयानुसार अनुरोध छ ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्या:- नाराप/०७५/०७६

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ४४०

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:२०७५/१०/११

विषयः अदालतबाट आदेश भएका व्यक्तिलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालयहरु ,
सबै।

जन्मको आधारमा नागरिकता पाएका सन्तानको बाबु र आमा दुवै नेपाली नागरिक रहेको अवस्थामा त्यस्ता सन्ततीलाई वंशजको नागरिकता दिइयोस् भनी अदालतको आदेश सहित निवेदनहरु बढिरहेको सन्दर्भमा नीतिगत तथा कानूनी स्पष्टता एवं निर्देशनको लागि जिल्ला प्रशासन कार्यालय, धनुषाको च.न. ५४९८ मिति २०७५/०९/१७ को पत्रबाट लेखि आएको सम्बन्धमा "अदालतबाट स्पष्ट रुपमा कानून बमोजिम नागरिकता दिन नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीको नाउँमा परमादेश जारी भएका मुद्धाका सम्बन्धमा जुन व्यक्तिको हकमा अदालतले आदेश दिएको छ, निजको बारेमा, वंशजको नागरिकता जारी गर्नु अघि गरिने आवश्यक सम्पूर्ण कार्यविधि, प्रकृया पु-याई जे, जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिन आएमा आवश्यक सबै अभिलेख राखी कानून बमोजिम नागरिकता प्रदान गर्न सकिने" भनी मिति २०७५/१०/९ मा यस मन्त्रालय (गृहमन्त्री स्तरीय)बाट निर्णय भएको हुँदा जानकारी एवं आवश्यक कारवाहीको लागि निर्णायानुसार अनुरोध छ।

गंगा प्रसाद न्यौपाने
(उपसचिव)

बोधार्थ
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ,
प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ३, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश

नेपाल सरकार

गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ६२८

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मितिः २०७५/०९/०९

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

बिषय- संस्था नवीकरण सम्बन्धमा ।

संस्था दर्ता ऐन, २०३४ बमोजिम विभिन्न प्रकृतिका गैरनाफामूलक संस्थाहरुको दर्ता र नवीकरण सम्बन्धमा मिति २०७५/०२/२४ तथा मिति २०७५/०५/३१ मा माननीय मन्त्रीस्तरबाट भएका निर्णय कार्यान्वयनको लागि तहाँ कार्यालयमा परिपत्र भएको व्यहोरा विदितै छ ।त्यस्ता संस्थाहरुको दर्ता, नवीकरण एंव संचालन र व्यवस्थापन सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउने उद्धेश्यले संस्था दर्ता ऐन, २०३४ मा समयानुकूल परिमार्जन गर्ने कार्य समेत भईरहेको छ । अतः यस मन्त्रालयबाट मिति २०७५/०२/२४ र मिति २०७५/०५/३१ गतेको निर्णय कार्यान्वयन सम्बन्धी कार्य हाललाई स्थगित गरी यातायात क्षेत्रसँग सम्बन्धित संस्था बाहेक संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यहरु संस्था दर्ता ऐन, २०३४ र अन्य प्रचलित कानून बमोजिम नै गर्नु हुन मिति २०७५/०९/०९ को (माननीय मन्त्रीस्तर) निर्णय भएकोले सोही बमोजिम गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

रोशना देवान

शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२१११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २५१

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७५।१२।१३

विषयः नेपाली नागरिकता परित्याग सम्बन्धमा ।

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

विदेशमा रहेका नेपाली नागरिकले आ-आफ्नै कारण देखाई नेपाली नागरिकता परित्यागको लागि विदेशस्थित नेपाली नियोगमा निवेदन दिने गरेको र सो उपर कानून बमोजिम हुन कन्सुलर सेवा विभाग मार्फत निवेदन यस मन्त्रालय हुँदै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाइने गरिएको व्यहोरा बिदितै छ । कतिपय नेपाली नियोगहरुले नाबालकहरुको पनि नागरिकता परित्यागको निवेदन लिई पठाउने गरेको र सोही आधारमा कतिपय जिल्ला प्रशासन कार्यालयहरुले समेत नाबालकको नागरिकता परित्याग भएको जानकारी पठाउने गरेको पाइयो ।

१६ वर्ष भन्दा कम उमेरका व्यक्तिको लागि नाबालक परिचयपत्रको व्यवस्था गरिएको र निज १६ वर्ष पुगेपछि त्यस्तो नाबालक परिचयपत्र स्वतः निष्कृय हुन्छ । कतिपय नेपाली नियोगबाट १६ वर्ष उमेर पुगिसकेका व्यक्तिलाई समेत नाबालक परिचयपत्रकै आधारमा राहदानी बनाउन सिफारिश भै राहदानी जारी भएको समेत देखिएको व्यहोरा ध्यानाकर्णको लागि अनुरोध छ।

नेपाल नागरिकता ऐन, २०६३को दफा ८(१)ले बंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न १६ वर्ष उमेर पूरा गरेको हुनुपर्ने व्यवस्था गरेको हुँदा १६ वर्ष उमेर नपुगी नेपाली नागरिकता जारी गरिँदैन । अर्कोतर्फ, आफू कुन देशको नागरिक हुने भन्ने कुराको स्वनिर्णय नाबालकले लिन सक्ने होइन, त्यस्तो निर्णय कानून बमोजिम निज बालिग भएपछी मात्र गर्न सक्ने हुन्छ । अतः नाबालकबाट निवेदन लिने कार्य आवश्यक र उपयुक्त नदेखिएको हुँदा नाबालकहरुको नागरिकता परित्याग सम्बन्धमा आवश्यक जानकारी त्यहाँबाटै सम्बन्धित व्यक्ति र विदेशी निकायलाई गराइदिने व्यवस्थाको लागि यस मन्त्रालयको मिति २०७५।१२।१२ को (सचिव स्तर) निर्णयानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थ

श्री कन्सुलर सेवा विभाग, नारायणहिटी दरवार, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय

सबै (७७जिल्ला) – नागरिकता नलिएको भनि बालिग व्यक्तिले आफ्नो नागरिकता परित्यागको लागि निवेदन दिएमा नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १० बमोजिमको दर्ता किताबमा दर्ता नगर्ने । तर, नागरिकता अभिलेख हेरी निजको नाममा नागरिकता जारी भए नभएको व्यहोरा जानकारी गराउने । नाबालक परिचयपत्र जारी गर्दा कार्डमा स्पष्ट देखिने गरी "परिचयपत्र बाहकको उमेर १६ वर्ष नपुगेसम्म यो परिचयपत्र मान्य हुनेछ ।" भन्ने व्यहोरा अनिवार्य उल्लेख गर्ने ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२१११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्याः- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-४८३

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः-२०७५।१२।१९

विषयः जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७ जिल्ला) ।

विद्यमान नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न पेश भएको विधेयक संघीय संसदमा बिचाराधीन रहेको लामो समय भएको, सम्मानित सर्वोच्च अदालतबाट जन्मको आंधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई कानून बमोजिम नागरिकता दिन आदेश भएको र नागरिकका उमेर पुगिसकेका बालिग सन्तानले नागरिकता नपाएर आफ्नो शैक्षिक एवं वृत्ति विकास गर्न नपाई झेलिरहनु परेको समस्यालाई संवोधन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा ११ को उपधारा (३) को व्यवस्था बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्दा अपनाउनु पर्ने कार्यविधि प्रक्रिया अपनाई जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने भनी यस मन्त्रालयबाट मिति २०७५।१२।१९ मा (मा.मन्त्रीस्तर) निर्णय भएकोले निर्णयानुसार गर्नु हुन अनुरोध गर्दछु ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं.१/प्रदेश नं.२/प्रदेश नं.३/गण्डकी प्रदेश/प्रदेश नं.५/कर्णाली प्रदेश/सुदुरपश्चिम प्रदेश

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
फ्याक्स नं. ०१-४२१११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्या: नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ६३८

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति:-२०७६/०१।१७

विषय: विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा,
चितवन, रुपन्देही, कपिलवस्तु, नवलपरासी (पूर्व), नवलपरासी (पश्चिम), बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ ।

नागरिकता वितरण टोली कार्य निर्देशिका, २०५३ तथा संशोधित निर्देशिका, २०५४ बमोजिम विभिन्न टोलीहरु खटिई तराईका बीस जिल्लामा नागरिकता वितरण भएको र सो क्रममा प्रमुख जिल्ला अधिकारी र मातहतका अधिकृत बाहेक अन्य अधिकृतहरु समेत टोली प्रमुख भई नागरिकता वितरण भएको व्यहोरा विदितै छ । यसैबीच वि.सं. २०५८/०४/०८ मा सम्मानित सर्वोच्च अदालतबाट प्रमुख जिल्ला अधिकारी र मातहत बाहेक अन्य अधिकृतहरुबाट वितरित नागरिकता कानूनसम्मत नभएको भनी फैसला भएको र सो फैसला कार्यान्वयनका लागि मन्त्रालयले मिति २०५८/०७/०२ मा परिपत्र समेत गरेको व्यहोरा अभिलेखबाट अध्ययन गर्नु हुन अनुरोध छ । उक्त फैसला र मन्त्रालयको पत्रानुसार फिर्ता लिन वा बदर गर्न बाँकी रहेको भए त्यस्ता नागरिकता धारकहरुको सन्तानलाई वंशजको नागरिकता प्रदान नगर्नु नगराउनु भनी सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाको कार्यान्वयन भएकै होला । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको उपरोक्त आदेश कार्यान्वयनको पछिल्लो अवस्था अद्यावधिक गर्ने प्रयोजनको लागि देहायको ढाँचामा विवरण तयार गरी यथाशिघ्र पठाउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

सम्मानित सर्वोच्च अदालतको २०५८/०४/०८ को फैसला कार्यान्वयनको अद्यावधिक विवरण

१. जिल्ला:-

टोलीबाट वितरित जम्मा नागरिकता संख्या			प्रमुख जिल्ला अधिकारी मातहत बाहेकका अन्य अधिकृत टोली प्रमुख भई वितरित नागरिकता संख्या			फिर्ता लिन वा बदर गर्न बाँकी भए त्यस्तो नागरिकता संख्या			फिर्ता लिई ती व्यक्तिहरुलाई नयाँ जारी गरिएको नागरिकता संख्या		
वंशज	अंगीकृत	जन्मसिद्ध	वंशज	अंगीकृत	जन्मसिद्ध	वंशज	अंगीकृत	जन्मसिद्ध	वंशज	अंगीकृत	जन्मसिद्ध

२. यस सम्बन्धमा अन्य कुनै व्यहोरा भए सो समेत:

पुनश्च:- २०५८।४।८ को फैसला र २०७६।०१।१३ को सर्वोच्च अदालतको आदेश यसैसाथ संलग्न छ ।

(जुना खड्का खत्री)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

गृह मन्त्रालय

(कानून तथा फैसला कार्यान्वयन शाखा)

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ४६७

श्री जिल्ला प्रशासन कार्यालय, सबै

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः २०७५।१२।१०

विषयः- फैसला / आदेश कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा रिट निवेदक खेम प्रसाद गौतम समेत बिपक्षी गृह मन्त्रालय समेत भएको (रिट नं. ०७२-WO-१०३१) रिट निवेदनका सम्बन्धमा सम्मानीत श्री सर्वोच्च अदालतबाट मिति २०७४।०३।२१ मा भएको आदेशमा "मुद्दा अनुसन्धानको क्रममा अभियुक्तको अभिलेख राख्ने सिलसिलामा "अपराधीको अभिलेख" भन्ने फारम खडा गरी सो फारममा "अपराधीको नाम, थर, वतन.." जस्ता शब्दावली प्रयोग गर्न फौजदारी न्यायको क्षेत्रमा विकसित आधारभूत मान्यता विपरीत हुन जाने देखियो । अतः मुद्दाको उठानसँगै प्रारम्भिक चरणमै मुद्दामा आरोपित व्यक्तिहरुको अभिलेखीकरण गर्ने सिलसिलामा "अपराधीको अभिलेख" भन्ने फारम खडा गरी सो फारममा "अपराधीको नाम, थर, वतन..." जस्ता शब्दावली प्रयोग नगर्नु नगराउनु" भन्ने परमादेशको आदेश भएकोले उल्लेखित फैसला कार्यान्वयनका लागि फैसलाको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा यस मन्त्रालय (सचिवस्तर) मिति २०७५।१२।०७ को निर्णयानुसार अनुरोध छ । साथै उक्त फैसला/आदेश कार्यान्वयनको जानकारी यस मन्त्रालयमा गराउनु हुन अनुरोध छ।

(करुणा आचार्य)
शाखा अधिकृत

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७५/०७६/९

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- 2684

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७६/०२/१९

विषयः- निर्देशन ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

मन्त्रालयबाट यस पूर्व ३७ बुँदे, ८ बुँदे, १९ बुँदे र समय समयमा पठाइएका विभिन्न निर्देशनहरु प्राप्त भएकै छ । जिल्लामा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा प्रमुख जिल्ला अधिकारीहरुले तपसिल बमोजिमका कार्यहरु गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

तपसिल

१. प्रमुख जिल्ला अधिकारीले कार्यालयको काम बाहेक असम्बन्धित काममा बढी प्रचारमुखी (Celebrity) भई सामाजिक संजालमा देखा पर्ने गरेको जनगुनासो प्राप्त भएकोले सो कार्य नगर्नु हुन।
२. शान्ति सुरक्षा र सो संग सम्बन्धित कार्य बाहेक अन्य कार्यक्रममा प्र.जि.अ. सहभागी नहुन र प्रतिनिधि समेत सहभागी नगराउनु हुन ।
३. जिल्लामा सुरक्षासंग सम्बन्धित नव प्रवर्द्धनात्मक कार्यहरु स्वयं जिल्ला प्रशासन कार्यालयको नियमित बजेटबाट व्यवस्थापन हुने गरी मात्र संचालन गर्नु गराउनु हुन ।
४. Daily Reporting System मा नियमित विवरण प्रविष्ट गर्ने व्यवस्था अनिवार्य लागू गर्नु हुन ।
५. मन्त्रालयबाट माग भएका विवरण समयसीमा भित्रै पठाउने व्यवस्था गर्नु हुन ।

(दीपक पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

स. ४२६२ (..... शाखा)
०२।२४

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या :-
च.नं. :- मंबै-३२१/०७८

मिति : २०७५/१२/२१

श्री सचिव,
गृह मन्त्रालय ।

प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक विदाहरूमा संघीय सरकारअन्तर्गतका कार्यालयमा समेत विदा दिने विषय मं.प.बै.सं. ६८/०७५ मिति २०७५/१२/२१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक विदाहरूमा संघीय सरकारअन्तर्गतका कार्यालयमा समेत विदा दिने विषयको गृह मन्त्रालयको नं. ८/१०९-०७५।८।६ को प्रस्ताव मं.प.बै.सं. ४५/०७५ मिति २०७५।९।६ को मन्त्रिपरिषद् बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।१२।१७ को मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकबाट सिफारिस भएबमोजिम स्वीकृत गर्ने ।"

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, काठमाडौं

स.४८६६
१२।२४

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :- ४२/०७५
म.स.सं./३२२/६८८६

मिति : २०७५।१२।१७

श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मन्त्रिपरिषद्, सामाजिक समितिको मिति २०७५।१२।१७ मा बसेको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु-

"प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक विदाहरूमा संघीय सरकार अन्तर्गतका कार्यालयमा समेत विदा दिने विषयको गृह मन्त्रालयको नं. ८/१०९-०७५।८।६ को प्रस्ताव मं.प.वै.सं. ४५/०७५ मिति २०७५।९।६ को मन्त्रिपरिषद् बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा प्रस्तावको प्रकरण ४. निर्णय हुनुपर्ने व्यहोराको सट्टा देहायको खण्ड (क), (ख), (ग) र (घ) राखे गरी अन्य कुरा प्रस्तावमा लेखिए बमोजिम स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।"

(क) संघीय सरकारले निर्णय गरी तोकेका सार्वजनिक विदाका अतिरिक्त प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेशको प्रचलित धर्म, संस्कृति र रितिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेका वर्षको बढीमा ६ दिन सम्मको सार्वजनिक विदामा सम्बन्धित प्रदेशमा रहेका संघीय सरकारका कार्यालयहरुमा समेत सार्वजनिक विदा गर्ने ।

(ख) प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेश भरी लागू हुने गरी ६ दिन भन्दा बढी सार्वजनिक विदा घोषणा गरेमा गृह मन्त्रालयको निर्णयानुसार हुने ।

(ग) खण्ड (क) बमोजिमको विदा काठमाडौं उपत्यकाका तीन जिल्लाहरुमा रहेका संघीय सरकारका कार्यालयहरुको हकमा गृह मन्त्रालयले निर्णय गरे बमोजिम हुने।

(घ) प्रदेश सरकारले घोषणा गरेका खण्ड (क) बमोजिमका विदाहरु वर्षको शुरु मै निर्णय गरी प्रदेश राजपत्रमा प्रकाशित गर्ने व्यवस्था गर्ने ।"

(विष्णुप्रसाद लम्साल)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

फोन नं.: ०१-४२११२६७
०१-४२११२७०
०१-४२११२६३
फ्याक्स: ०१-४२५१२४४

नेपाल सरकार

गृह मन्त्रालय

(निजामती कर्मचारी प्रशासन शाखा)

पत्र संख्या:- नि.क.प्र. ०७५/७६

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-२२८२

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:-२०७६।०३।१९

श्री प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय,सबै

विषय:- निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा आफ्नो जिल्ला भित्र शान्ति, सुरक्षा अमनचयन कायम गर्दै अपराध नियन्त्रण गर्नुको साथै जिल्ला प्रशासन कार्यालयहरुबाट हुने सार्वजानिक सेवा प्रवाहलाइ प्रभावकारी बनाउने सन्दर्भमा यस मन्त्रालयबाट विभिन्न मितिमा ३७ बुदे, १९ बुदे, ८ बुदे, २५ बुदे लगायत विभिन्न निर्देशन/परिपत्रहरु जारी हुदै आएका छन् । गृह प्रशासन सुधार कार्ययोजना २०७४ अनुसार २०७५ माघ महिनादेखि सबै प्रमुख जिल्ला अधिकारीहरुसंग कार्यसम्पादन सम्झौता समेत भइ सार्वजानिक सेवा प्रवाह भैरहेको छ । विभिन्न मितिमा भएका प्रदेश सुरक्षा गोष्ठीको सन्दर्भमा माननीय गृहमन्त्रीज्यू, श्रीमान् सचिवज्यूबाट समेत विभिन्न निर्देशनहरु गरिएको छ । मन्त्रालयबाट समय समयमा वेरुजु फछर्यौट लगायत विभिन्न मितिमा दिइएका निर्देशनहरुको प्रगतिको बारेमा प्रमुख जिल्ला अधिकारीहरुसँग मौखिक जानकारी माग्दा उक्त विषय एवं निर्देशनको बारेमा अनभिज्ञता प्रकट गर्ने गरेको पाइएकोले सो सन्दर्भमा सबै प्रमुख जिल्ला अधिकारीहरुले निम्नानुसार गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

१. मन्त्रालयबाट विभिन्न मितिमा जारी भएका निर्देशनहरु तथा सुरक्षा गोष्ठीका क्रममा मा.मन्त्रीज्यू तथा श्रीमान् सचिवज्यूबाट प्राप्त निर्देशनका सम्बन्धमा विस्तृत अध्ययन गरी/जानकारी लिइ एकिकृत संगालोको रुपमा राख्नुहुन र सोही अनुसार कार्यान्वयन गर्नु गराउनुहुन ।
२. कार्यसम्पादन सम्झौतामा उल्लेख भएका सबै क्रियाकलापहरु तोकिएको समयमानै कार्यान्वयन गर्नु गराउनु हुन ।
३. कार्यसम्पादन सम्झौतामा उल्लेखित क्रियाकलापहरु तथा विभिन्न मितिमा जारी गरिएका निर्देशनहरुको कार्यान्वयन अवस्था तयार गरी जुनसुकै अवस्थामा त्यस सम्बन्धमा जानकारी दिन सकिने गरी अद्यावधिक गर्नुहुन ।

.....
केदारनाथ शर्मा
सहसचिव

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु. ०७५/०७६/९

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

व्यवस्थापन समितिको क्रियाशिलतामा सघाउने र ती समितिहरुबाट स्थानीय स्तरको विपद् जोखिम न्यूनीकरणको कार्य गर्न, गराउन विपद्को प्रकृति र मात्रा अनुसार विपद् प्रतिकार्य र पुर्नःस्थापना तत्काल प्रारम्भ गर्न, गराउन जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई गतिशिलता दिने ।

२५. प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा समितिले नियमित रुपमा कारागारको अनुगमन निरीक्षण गरी गराई सोको प्रतिवेदन नियमित रुपमा पठाउने ।

२०६६।०३।१८

(उमाकान्त अधिकारी)
उपसचिव

अवगतार्थ/बोधार्थ:

श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल ।
श्री सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक ।
श्री प्रवक्ताज्यू, गृह मन्त्रालय ।
श्री सवै महाशाखा, गृह मन्त्रालय ।

फोन नं.: ०१-४२११२६७
०१-४२११२७०
०१-४२११२६३
फ्याक्स: ०१-४२११२४४

नेपाल सरकार

गृह मन्त्रालय

(निजामती कर्मचारी प्रशासन शाखा)

पत्र संख्या:- नि.क.प्र. ०७५/७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १८९१

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७६।०१।१६

विषय : परिपत्र सम्बन्धमा ।

श्री महाशाखा सबै, गृह मन्त्रालय।
श्री अध्यागमन विभाग, कालिकास्थान।
श्री कारागार व्यवस्थापन विभाग, डिल्लीबजार।
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरबार।
श्री ब्रहरी किताबखाना, लैनचौर।
श्री जिल्ला प्रशासन कार्यालय, सबै।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रादेशिक समन्वय शाखा) को च.नं. ७५०१ मिति २०७६।०१।०५ को पत्रसाथ संलग्न "नेपाल सरकार र प्रदेश सरकारका बिच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन २०७६" यसै पत्रमार्फत संलग्न गरी पठाइएको छ। व्यहोरा सोही पत्रबाट अध्ययन गर्नुभई आवश्यकता अनुरुप कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

(सन्तोष सुवेदी)
शाखा अधिकृत

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रादेशिक समन्वय शाखा, सिंहदरबार।

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २०७५/७६

च.नं. :- प्रा.स./४२१/ ६५०९

९५३०९
९१८

मितिः २०७६।०१।०५

विषयः- मार्गदर्शन पठाइएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार र प्रदेश सरकारबीच समन्वय र सम्पर्क गर्ने कार्यलाई छिटो प्रभावकारी र थप व्यवस्थित गर्न सम्माननीय प्रधानमन्त्रीस्तरबाट मिति २०७६।०१।०४ मा स्वीकृत भएको "नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६" यसैसाथ संलग्न राखी कार्यान्वयन गर्न/गराउन हुन पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

मञ्जु शर्मा सुवेदी
शाखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८,
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : १३३१३, काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सम्माननीय प्रधानमन्त्रीबाट स्वीकृत मितिः २०७६।०१।०४

नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६

नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय र सम्पर्क गर्ने कार्यलाई छिटो, प्रभावकारी र थप व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार सम्माननीय प्रधानमन्त्रीस्तरको निर्णयले यो मार्गदर्शन जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६" रहेको छ।

(२) यो मार्गदर्शन तुरून्त प्रारम्भ हुनेछ।

२. नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय, सम्पर्क र सहजीकरणः-

(१) देहायका विषयहरूमा नेपाल सरकारका मन्त्रालयहरूले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मार्फत र प्रदेश मन्त्रालयहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत समन्वय गरी सम्पर्क र पत्राचार गर्नु पर्नेछः-

क. नीतिगत विषय,

ख. राष्ट्रिय सुरक्षा, परराष्ट्र तथा कूटनीतिक मामिला सम्बन्धी विषय,

ग. प्रचलित कानूनबमोजिम नेपाल सरकारको परामर्श, स्वीकृति, सहमति लिनु पर्ने विषय,

घ. बजेट र वार्षिक कार्यक्रममा परेका विषयबाहेक वित्तसँग सम्बन्धित नीतिगत विषय,

ङ. नेपाल सरकारका मन्त्रालयहरूले केन्द्रीयस्तरमा आयोजना गर्ने कार्यक्रममा प्रदेशका माननीय मुख्यमन्त्री, माननीय मन्त्री, माननीय राज्यमन्त्री तथा प्रमुखसचिवलाई सहभागी गराई कार्यक्रम गर्नु पर्दा आमन्त्रण गर्नुपर्ने विषय र निजहरूको वैदेशिक भ्रमणको लागि मनोनयन तथा राहदानी र भिसा सम्बन्धी विषय

च. अन्तर प्रदेश परिषद्सँग सम्बन्धित विषय,

छ. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै समन्वय हुनु पर्ने भनी सो कार्यालय मार्फत समन्वय गर्न निर्देशन दिइएका विषय ।

(२) नेपाल सरकारका मन्त्रालयहरूले आफ्नो वार्षिक कार्यक्रममा समावेश भएका प्रदेशस्तरका कार्यक्रमहरूका विषयमा कार्यक्रम सम्पन्न गर्न सम्बन्धित प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सिधै समन्वय, सम्पर्क र पत्राचार गरी सोको जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(३) प्रदेशका मन्त्रालयहरूले आफ्नो वार्षिक कार्यक्रममा परेका विषयहरूमा नेपाल सरकारका मन्त्रालयहरूको प्रतिनिधित्व वा सहभागिता वा समन्वय वा सहजीकरणका लागि अनुरोध गर्दा सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूमा अनुरोध गरी सोको जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(४) खण्ड (२) को सम्बन्धमा नेपाल सरकारका मन्त्रालयबाट गरिने थप समन्वय, सम्पर्क र पत्राचार गर्दा सम्बन्धित प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गरी सो को जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(५) नेपाल सरकारका मन्त्रालयहरूले प्रदेशस्तरमा आयोजना गर्ने कार्यक्रममा प्रदेशका माननीय मुख्यमन्त्री, माननीय मन्त्री, माननीय राज्यमन्त्री, प्रमुख सचिव तथा प्रदेशमा कार्यरत कर्मचारीलाई सहभागी गराई कार्यक्रम गर्नु पर्दा आमन्त्रण गर्नुपर्ने विषयमा समन्वय, सम्पर्क र पत्राचार गर्दा सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै अनुरोध गरी सो को जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(५) प्रदेश सरकारको बजेट कार्यक्रममा परेका कार्यक्रम सम्पादन गर्न प्रदेश मातहतका विषयगत कार्यालयहरू स्थापना भइ नसकेको कारण नेपाल सरकार मातहतका निकाय/कार्यालयहरू मार्फत कार्यक्रम कार्यान्वयन गर्ने (अख्तियारी दिने विषय समेत) विषयमा समन्वय, सम्पर्क र पत्राचार गर्दा सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै अनुरोध गरी सो को जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(७) नेपाल सरकारका माननीय मन्त्रीहरूको प्रदेश र स्थानीय तहमा हुने औपचारिक कार्यक्रम सम्बन्धी विषयको जानकारी लिने दिने विषयमा सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै अनुरोध गरी सोको जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(८) माथि बुदाँ नं. (१) देखि (७) मा उल्लेख गरिएका बाहेक अन्य विषयहरूमा नेपाल सरकार र प्रदेश सरकारका मन्त्रालयहरूले सम्बन्धित निकायमा सोझै पत्राचार गरी सोको जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

३. <u>बाधा अड्काउ फुकाउने:</u> यस मार्गदर्शन कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

फोन नं.:०१-४२११२०८
०१-४२११२१९
फयाक्स: ०१-४२११२८८
०१-४२११२५९
इमेल:control@moha.gov.n

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु. ०७५/०७६/९

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-१४२३

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०७६।०१।१९

विषय:- प्रदेश सरकारसंग समन्वय गर्नुहुन ।

श्री जिल्ला प्रशासन कार्यालय,
७७ सबै ।

प्रस्तुत विषयमा यस मन्त्रालयको प.सं. शा.सु. ०७४/०७५ च.नं. १२११, मिति २०७५/०१/०७ र प.सं. शा.सु. ०७५/०७६/१.६ च.नं. २६, मिति २०७५/०४/०६ गतेका पत्रहरु र निर्देशन समेत प्राप्त भई व्यहोरा अवगत भएकै छ ।

नेपालको संविधानको धारा २३२ को उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी उल्लेख गरिएको छ। संघीय संरचना अनुरूप हाल तीनै तहका सरकार संविधानको उल्लिखित सिद्धान्त र भावना अनुरुप शासकीय अभ्यासमा क्रियाशील भएको अवस्था छ ।

मुलुकमा अपराध नियन्त्रण गरी शान्ति, सुरक्षा तथा अमनचयन बनाईराख, सुशासन कायम गर्न, जनमानसमा कानूनी शासन र मानव अधिकारको प्रत्याभूती दिन, विपद् व्यवस्थापन गर्न, प्रभावकारी सेवा प्रबाह मार्फत जनतालाई सेवामा पहुँचको प्रत्याभूती दिन निरन्तर ध्यान दिई दैनिक कार्यसम्पादनमा प्रमुख जिल्ला अधिकारीहरुले प्रदेश सरकारसंग समन्वय गर्ने, उत्तरदायी हुने र जिल्लाभित्र घटेका शान्ति सुरक्षा, विपद् व्यवस्थापन लगायतका घटनाहरु र विकास निर्माण सम्बन्धी कार्यमा समन्वय गर्ने, सूचना एवं जानकारीहरु प्रदेश सरकारलाई समयमै उपलब्ध गराउने तथा प्रतिवेदन गर्ने विषयमा मन्त्रालयका उल्लिखित पत्रहरुबाट निर्देशन भएकै छ ।

नेपाल सरकार, सम्माननीय प्रधानमन्त्री स्तरबाट मिति २०७६/०१/०४ मा स्वीकृत भएको नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६ अनुरुप कार्य गर्न गराउन र हालै सम्पन्न सुरक्षा गोष्ठीहरुमा भएका निर्देशन एवं पृष्ठपोषणहरुलाई मध्यनजर गर्दै तहाँ प्राप्त सूचना/जानकारीहरु एवं कार्यप्रगतिका सम्बन्धमा गृह

फोन नं.:०१-४२११२०८
०१-४२११२१
फ्याक्स: ०१-४२११२८
०१-४२११२५
इमेल:control@moha.gov.n

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु. ०७५/०७६/९

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मन्त्रालयका साथै सम्बन्धित प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा समेत कार्यसम्पादनका क्रममा अनिवार्य रुपमा समन्वय गर्न र प्रतिवेदन गर्ने गराउने व्यवस्था हुन मिति २०७६/०१/१९ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ ।

२०७६।०१।१९
(उमाकान्त अधिकारी)
उप-सचिव

बोधार्थ तथा कार्यार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(प्रादेशिक समन्वय तथा योजना महाशाखा), सिंहदरबार ।

-सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा जानकारी गराईदिने व्यवस्था हुन ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सम्माननीय प्रधानमन्त्रीबाट स्वीकृत मिति २०७६/६/१

नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६

नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय र सम्पर्क गर्ने कार्यलाई छिटो, प्रभावकारी र [illegible] गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार सम्माननीय प्रधानमन्त्रीज्यूको निर्णयले यो मार्गदर्शन जारी गरिएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस निर्देशिकाको नाम "नेपाल सरकार र प्रदेश [illegible] सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६" रहेको छ।

(२) यो मार्गदर्शन तुरून्त प्रारम्भ हुनेछ।

२. <u>नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय, सम्पर्क र सहजीकरण:-</u>

(१) देहायका विषयहरूमा नेपाल सरकारका मन्त्रालयहरूले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मार्फत र प्रदेश मन्त्रालयहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय [illegible] सम्पर्क र पत्राचार गर्नु पर्नेछ:-

क. नीतिगत विषय,

ख. राष्ट्रिय सुरक्षा, परराष्ट्र तथा कूटनीतिक मामिला सम्बन्धी विषय,

ग. प्रचलित कानूनबमोजिम नेपाल सरकारको परामर्श, स्वीकृति, सहमति लिनु पर्ने

घ. बजेट र वार्षिक कार्यक्रमका परेका विषयबाहेक वित्तीय [illegible]

ङ. नेपाल सरकारका मन्त्रालयहरूले केन्द्रीयस्तरमा आयोजना गर्ने कार्यक्रममा प्रदेशका माननीय मुख्यमन्त्री, माननीय मन्त्री, माननीय राज्यमन्त्री तथा [illegible] सहभागी गराई कार्यक्रम गर्नु पर्दा आमन्त्रण गर्नुपर्ने विषय ।

भ्रमणको लागि मनोनयन तथा राहदानी र भिसा सम्बन्धी विषय

च. अन्तर प्रदेश परिषद्सँग सम्बन्धित विषय,

छ. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै समन्वय हुनु पर्ने भनी तो मार्फत समन्वय गर्न निर्देशन दिइएका विषय ।

(२) नेपाल सरकारका मन्त्रालयहरूले आफ्नो वार्षिक कार्यक्रम [illegible] कार्यक्रमहरूका विषयमा कार्यक्रम सम्पन्न गर्न सम्बन्धित प्रदेश [illegible] मन्त्रिपरिषद्को कार्यालय मार्फत [illegible] समन्वय, सम्पर्क र पत्राचार [illegible] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(३) प्रदेशका मन्त्रालयहरूले आफ्नो वार्षिक कार्यक्रममा परेका विषयहरूमा मन्त्रालयहरूको प्रतिनिधित्व वा सहभागिता वा समन्वय वा सहजीकरणका लागि अनुरोध सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूमा अनुरोध गरी सोको जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(४) खण्ड (२) को सम्बन्धमा नेपाल सरकारका मन्त्रालयबाट गरिने वा समन्वय, सम्पर्क र सहकार्य गर्दा सम्बन्धित प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सो को जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(५) नेपाल सरकारका मन्त्रालयहरूले प्रदेशस्तरमा आयोजना गर्ने कार्यक्रममा प्रदेशका माननीय मुख्यमन्त्री, माननीय मन्त्री, माननीय राज्यमन्त्री, प्रमुख सचिव तथा प्रदेशका कार्यरत सहभागी गराई कार्यक्रम गर्नु पर्दा आमन्त्रण गर्नुपर्ने विषयमा समन्वय, सम्पर्क र सहकार्य सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै अनुरोध गरी सो को जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(६) प्रदेश सरकारको बजेट कार्यक्रम भए । कार्यक्रम सम्पादन गर्ने क कार्यालयहरू स्थापना भइ नसकेको कारण नेपाल सरकार मातहतका निकाय/कार्यालयहरू मार्फ कार्यक्रम कार्यान्वयन गर्ने (अख्तियारी दिने विषय समेत) विषयमा समन्वय, सम्पर्क र सहकार्य सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै को जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(७) नेपाल सरकारका माननीय मन्त्रीज्यूले प्रदेश र स्थानीय तहमा हुने अनिवार्य उपस्थिति आवश्यक पर्ने विषयको जानकारी तिने दिनै अगावै सम्बन्धित प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सोझै अनुरोध गरी सो को जानकारी (बोधार्थ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(८) माथि बुदाँ नं. (१) देखि (७) मा उल्लेख गरिएका बाहेक अन्य विषयहरूमा नेपाल सरकार र प्रदेश सरकारका मन्त्रालयहरूले सम्बन्धित निकायमा सोझै पत्राचार गरी सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

३. <u>बाधा अड्काउ फुकाउने:</u> यस मार्गदर्शन कार्यान्वयनमा कुनै बाधा अड्चन भएमा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

फोन नं.: ०१-४२११२६७
०१-४२११२७०
०१-४२११२६३
फ्याक्स: ०१-४२११२४४

नेपाल सरकार

गृह मन्त्रालय

निजामती कर्मचारी प्रशासन शाखा

पत्र संख्या:- नि.क.प्र. ०७६/७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १०६९

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति:-२०७६/०९/०७

विषयः- निर्देशन सम्बन्धमा।

श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाण्डौं,
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाण्डौं,
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरवार।
श्री महाशाखा / शाखा सबै, गृह मन्त्रालय, सिंहदरबार।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा केहि कर्मचारीले सरुवा/बढुवा भै एक कार्यालयबाट अर्को कार्यालयमा हाजिर भई कार्यरत रहेको अवस्था साथै अवकाश पश्चात समेत पहिले कार्यरत रहेको कार्यालयको परिचयपत्र देखाई दुरुपयोग गर्न सक्ने भएकोले तहाँ विभाग/कार्यालय अन्तर्गतका निकायहरुबाट कर्मचारीहरु सरुवा/बढुवा भई अन्यत्र निकायमा जाँदा कर्मचारी परिचय पत्र बरबुझारथ गरे पछि मात्र रमाना दिने व्यवस्था हुन साथै अवकाश वा राजिनामा दिने कर्मचारीहरुको हकमा कार्यालयको परिचयपत्र लैजान ईच्छुक भएमा परिचयपत्रमा "रद्द" / Cancel भनी छाप लगाएर मात्र सम्बन्धित कर्मचारीलाई बुझाउन हुने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

नारायण खत्री
शाखा अधिकृत

सादर अवगार्थ:
माननिय मन्त्रिज्यूको निजी सचिवालय, गृह मन्त्रालय।
श्रीमान् सचिवज्यू को निजी सचिवालय, गृह मन्त्रालय।

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थाप शाखा)

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

पत्र संख्याः- नाराप/०७६/७७

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- 385

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७६/०९/०९

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालयबाट मन्त्रालयमा निर्देशन माग गर्ने सम्बन्धमा एकरुपता नहुने र सामान्य विषयमा समेत विद्यमान ऐन, नियम, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट समय समयमा भएका निर्देशन/परिपत्र अध्ययन नगरी पत्राचार गर्ने गरेको पाइएकोले मन्त्रालयमा निर्देशन माग गर्ने सम्बन्धमा देहाय बमोजिम गर्न गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

१) केही जिल्ला प्रशासन कार्यालयहरुले मन्त्रालयमा राय उपलब्ध गराइ पाउन भनी पत्राचार गर्ने गरेको पाइएकोले मन्त्रालयसँग राय माग नभई निर्देशन माग गर्नु हुन ।

२) कुनै पनि विषयमा निर्देशन माग गर्नु भन्दा अगाडि त्यस विषयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट समय समयमा भएका निर्देशन/परिपत्रहरु अध्ययन गरी अस्पष्टता/द्विविधा उत्पन्न भएमा मात्र निर्देशन माग गर्नु हुन ।

३) निर्देशन माग गर्ने विषयवस्तुको संक्षिप्त व्यहोरा, निर्देशन माग गरिएको मुख्य विषय र त्यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट भएको पहल/अध्ययन/छानविन र राय सहित निर्देशन माग गर्नु हुन ।

४) निर्देशन माग गर्दा र मन्त्रालयमा पत्राचार गर्दा उपलब्ध भएसम्म प्रमुख जिल्ला अधिकारीबाट नै हस्ताक्षर गरी पठाउने व्यवस्था मिलाउनु हुन । साथै हस्ताक्षर गर्ने अधिकृतको नामथर र पद अनिवार्य रुपमा उल्लेख गर्नु हुन ।

५) प्रमुख जिल्ला अधिकारीले सामान्य किसिमका समस्याको पनि समाधानको पहल नगरी मन्त्रालयमा पत्राचार गर्ने गरेको पाइएकोले नागरिक/सेवाग्राहीलाई मर्का पर्ने गरेको गुनासो आउन थालेकोले बढी जिम्मेवार र उत्तरदायी भई सेवा प्रवाहलाई प्रभावकारी बनाउनु हुन ।

(नारायण न्यौपाने)
शाखा अधिकृत

फोन नं.: ०१-४२११२६७
०१-४२११२७०
०१-४२११२६३
फ्याक्स: ०१-४२११२४४

नेपाल सरकार

गृह मन्त्रालय

(निजामती कर्मचारी प्रशासन शाखा)

पत्र संख्याः- नि.क.प्र. ०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ९०८०

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७६।०९।०९

विषय : परिपत्र सम्बन्धमा ।

श्री अध्यागमन विभाग, कालिकास्थान।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान।
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरबार।
श्री जिल्ला प्रशासन कार्यालय, सबै।

प्रस्तुत विषयमा तहाँ विभाग/ कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी, जनमैत्री बनाउने सम्बन्धमा विभिन्न निर्देशन/परिपत्र जारी हुँदै आएको छ।

प्रभावकारी सेवा प्रवाहको लागि कार्यालयका अभिलेखहरु चुस्त, दुरुस्त राखी खोजेको बखत तुरुन्तै सेवा प्रवाह गर्न सकिने गरी व्यवस्थापन गर्ने कार्यमा महाशाखा/शाखा/फाँटमा कार्यरत कर्मचारी जिम्मेवार हुनुपर्नेमा कार्यालयमा अनधिकृत व्यक्ति (बिचौलीया) प्रवेश गरी सरकारी अभिलेख उपर सहज पहुँच भई अभिलेख दुरुपयोग गर्न सक्ने अवस्था देखिएको र यस कार्यले समग्र सार्वजनिक प्रशासनमा गम्भिर असर पर्ने देखिएकोले कार्यकक्षमा अनधिकृत व्यक्तिको प्रवेश तथा अभिलेख उपरको पहुँच पूर्ण रुपमा नियन्त्रण गरी सरकारी अभिलेख सुरक्षित गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ।

नारायण खत्री
शाखा अधिकृत

सादर अवगतार्थः
माननीय मन्त्रिज्यूको निजी सचिवालय, गृह मन्त्रालय।
श्रीमान् सचिवज्यूको निजी सचिवालय, गृह मन्त्रालय।
श्रीमान् महाशाखा प्रमुखज्यू, सबै।

नेपाल सरकार

गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा विपद् समन्वय शाखा)

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति-२०७६।०४।१२

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

बिषय – संघ/ संस्था सम्बन्धमा ।

प्रस्तुत विषयमा काठमाडौं जिल्ला प्रशासन कार्यालयको च नं ११८३ मिति २०७६/०३/१७ को पत्रमार्फत् निर्देशन माग भएको सन्दर्भमा लेखिदैंछ।

कुनै संस्थाको नाम संशोधन गर्न, कुनै एक जिल्लामा संस्था दर्ता गरी अन्य जिल्लामा शाखा विस्तार भएको (राज्यभर कार्य क्षेत्र नभएका) संस्थाको केन्द्रीय कार्यालयको ठेगाना अन्यत्र जिल्लामा सार्न तथा कुनै एक जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भई, दर्ता भएको कार्यालयबाट उक्त जिल्लामा कुनै शाखा कार्यालय वा कुनै अस्तित्व नरहने गरी अन्य जिल्लामा उक्त संस्थाको दर्ता नम्बर र प्रमाण पत्र सहितको संस्थाको स्थानान्तरण गरी सार्ने लगायतका काम गर्न कानूनतः मिल्ने नदेखिएकोले सोही बमोजिम गर्न/गराउनु हुन मिति २०७६/०४/१० को निर्णय (सचिवस्तरीय) अनुसार अनुरोध छ।

०६६/०४/१२

(नर्बदा घिमिरे)
शाखा अधिकृत

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
राहदानी विभाग
नारायणहिटी, काठमाण्डौ

visit nepal 2020 Lifetime Experiences

NS/ISO 9001:2015 प्रमाणिकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

प.सं.- डि.ओ.पी/एड्मीन/०७६/७७ मिति २०७६।०९।१०
च.नं.-५३२

श्री जिल्ला प्रशासन कार्यालय, सबै।
श्री इलाका प्रशासन कार्यालय, सबै।

विषय :- राहदानीमा हस्ताक्षर र छाप छुट सम्बन्धमा।

राहदानी जारी हुँदा भुलवस हस्ताक्षर गर्न वा छाप लगाउन वा दुवै छुट भएका सेवाग्राहीहरू पुनः हस्ताक्षर वा छाप वा दुवैका लागि राहदानी सहित पुनः आएमा राहदानीको आधिकारिकता यकिन गर्ने र सो को अलग लगत खडा गरी हस्ताक्षर र छाप लगायतको काम कारवाही सम्बन्धित कार्यालयबाट गर्न मिल्ने हुँदा यसरी आउने सेवाग्राहीको राहदानीमा तहाँबाटै हस्ताक्षर वा छाप वा दुवै हुने व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ।

गणेशप्रसाद अधिकारी
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
(सूचना प्रविधि शाखा)

फोन नं.: ०१-४२११२०४
फ्याक्स: ०१-४२११२५२
इमेल : egov@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७६/७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १२

मिति:२०७६।०४।१६

बिषयः <u>निर्देशन सम्बन्धमा</u>।

श्री जिल्ला प्रशासन कार्यालय सबै ।
श्री ईलाका प्रशासन कार्यालय सबै ।

उपरोक्त सम्बन्धमा इलाका प्रशासन कार्यालय बुर्तिबाङ बागलुङको प.सं. ०७६/७७ च.नं. ५० मिति २०७६।०४।१६ को पत्रबाट साविक गुल्मी जिल्ला अन्तर्गत रहेको दगातुंडाँडा हालको बागलुङ जिल्लाको बडिगाड गाउँपालिका अन्तर्गत रहेको र हाल CIMS Software मा गुल्मी जिल्ला अन्तर्गत दगातुंडाँडा गा.वि.स. नरहेको हुँदा साविकमा जन्मस्थान र स्थायी ठेगाना गुल्मी जिल्ला दगातुंडाँडा गा.वि.स. कायम गरि दिइएको नागरिकता प्रमाणपत्रहरुको प्रतिलिपि जारी गर्दा जन्मस्थान तथा स्थायी ठेगाना के राख्ने भन्ने सम्बन्धमा निर्देशन माग भएको सन्दर्भमा त्यस जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयबाट CIMS Software मार्फत प्रदान गरिने प्रतिलिपि नागरिकता प्रमाण पत्रहरुको हकमा साविक अन्य जिल्ला अन्तर्गत रहेका नगर/गाउँपालिकाहरु हाल त्यस जिल्ला अन्तर्गत रहने गरी भौगोलिक सिमा परिवर्तन भएको भए सोको एकिन गरी साविक जिल्लाको सट्टा हालको जिल्ला कायम गरी नागरिकताको प्रतिलिपि जारी गर्नुहुन नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७६।०४।१६ को निर्णयानुसार अनुरोध छ ।

०७६।४।१६

(दिपकराज नेपाल)
उपसचिव

फोन नं.: ०१-४२११२६७
०१-४२११२७०
०१-४२११२६३
फ्याक्स: ०१-४२११२४४

नेपाल सरकार

गृह मन्त्रालय

(निजामती कर्मचारी प्रशासन शाखा)

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्या:- नि.क.प्र. ०७६/७७

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ९९८३

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७६।०९।२३

विषय : परिपत्र सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

प्रहरी निरीक्षक भुवनाथ खड्काको प्रतिवेदनले बादी नेपाल सरकार प्रतिवादी विजय राजवंशी समेत भएको झुट्टा विवरण पेश गरी नागरिकता लिएको मुद्दामा उक्त नागरिकता जारी गर्दा जिल्ला प्रशासन कार्यालय, झापामा पेश भएको अनुसूची फारामको कार्यालयको निर्णय गर्ने कोलममा सनाखत गराउनेको नाम उल्लेख हुने स्थानमा केरमेट देखिएको भन्ने अभियोग पत्रमा उल्लेख भएको देखिन्छ। यसरी कागजपत्र केरमेट भै अभिलेख स्पष्ट नहुँदा न्यायीक निरुपण एवं सेवा प्रवाहमा पर्ने असर समेतलाई मनन गरी तहाँ कार्यालयबाट र जिल्ला स्थित इलाका प्रशासन कार्यालयबाट समेत तपशिल बमोजिम गर्ने गराउने व्यवस्था हुन मिति २०७६।०९।१७ को निर्णयानुसार अनुरोध छ।

तपशिलः-

१. नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि पेश भएका अनुसूचि लगायतका कागजपत्रहरु दुरुस्त भएको एकिन गरी बुझ्ने र संलग्न प्रमाण (अनुसूची सहित) को सुरक्षित अभिलेख राख्ने।
२. नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारीले कागजात दुरस्त रहेको एकिन गर्ने जारी भएको प्रमाण पत्र र कार्यालयमा रहने रजिष्टर अभिलेखको विवरण फरक परे नपरेको एकिन गरी अनिवार्य रुपमा रजिष्टरमा दस्तखत गर्ने।
३. अभिलेख व्यवस्थापन तथा सुरक्षामा कुनै कमि कमजोरी हुन नदिने तर्फ निरन्तर सजग रहने।

२०७६।९।२३

दुर्गादत्त ढकाल
शाखा अधिकृत

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

विकास सहायता समन्वय शाखा

च.नं.: १(अ)२६१

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मिति:२०७६।१०।१०

विषय: भन्सार महशुल तथा मु.अ.कर छुट सम्बन्धमा ।

श्री विरगंज भन्सार कार्यालय,
विरगंज ।

ठाकुरबाबा नगरपालिका, बर्दियाले खरिद गरेको Agni Incorporated Pvt.Ltd को प्रोफर्मा इन्भ्वाईस अनुसार भा.रु. ५,५८,१३०।- दरका थान २(दुई) Mahindra Bolero Ambulance 4WD को आयातमा लाग्ने भन्सार महशुल तथा मुल्य अभिवृद्धि कर छुट गरिदिनुहुन यस मन्त्रालयको मिति २०७६/०९/२१ को निर्णयानुसार अनुरोध छ । इन्भ्वाईसको प्रति यसैसाथ संलग्न छ ।

आर्थिक ऐन २०७६ अनुसूची १, दफा १५, उपदफा (२)(क)(आ) बमोजिमका शर्तहरु:

१. एम्बुलेन्स वा शववाहन पैठारी गर्दा पैठारी अवस्थामा त्यस्तो एम्बुलेन्स शववाहनको अगाडी पछाडी टाढैबाट देखिने गरि ठुला-ठुला अक्षरमा "एम्बुलेन्स (Ambulance)" वा "शववाहन" भनी लेखिएको हुनु पर्नेछ ।
२. एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका साथै अन्य औजारहरु फिट गरिएको हुनु पर्नेछ ।
३. एम्बुलेन्स वा शववाहनमा चालकको पछाडिपट्टि कुनै पनि सिट राखिएको हुनु हुदैन ।
४. त्यस्तो एम्बुलेन्स विरामीको सेवा बाहेक अन्यत्र प्रयोग गर्न र शववाहन शवको ओसारपोसार गर्न बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।
५. उक्त एम्बुलेन्स वा शववाहन नेपाल सरकारको सवारी प्रदुषण मापदण्ड भित्र रहेर सञ्चालन गर्नु पर्नेछ ।
६. यसरी पैठारी भएको एम्बुलेन्स वा शववाहनको सवारी दर्ता गर्दा एम्बुलेन्स वा शववाहन भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
७. एम्बुलेन्स वा शववाहन टाढैबाट देखिने गरी ठूला अक्षरमा नेपाल सरकारबाट राजश्व छुट सुविधा प्राप्त भन्ने लेखिएको हुनुपर्नेछ ।
८. राजश्व छुट सुविधामा पैठारी गरेका एम्बुलेन्स बिरामी ओसारपोसार लगायत सेवा प्रदान गरे वापत भाडा दर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ ।

नोट : उक्त कार्यालयले यस अघि एम्बुलेन्सको लागि भन्सार छुट लिएको यस मन्त्रालयको रेकर्डबाट नदेखिएको ।

(घनश्याम पोखरेल)
शाखा अधिकृत

बोधार्थ:

श्री जिल्ला प्रशासन कार्यालय, बर्दिया :– "ग" वर्गको मापदण्ड पुरा हुने गरी संचालन व्यवस्थापन हुन ।
श्री स्वास्थ्य कार्यालय, बर्दिया :-उपर्युक्तानुसार एम्बुलेन्सको अभिलेख राखी समन्वय तथा अनुगमनको व्यवस्था हुन ।
श्री यातायात व्यवस्था कार्यालय, नेपालगंज:- नियमानुसार एम्बुलेन्स दर्ता गरिदिनुहुन ।
श्री ठाकुरबाबा नगरपालिका, बर्दिया : स्वास्थ्य कार्यालयको समन्वयमा एम्बुलेन्स संचालन गर्नु हुन ।

उल्लिखित शर्तहरु पालना गरी तथा एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ मा उल्लेखित तपशील बमोजिमको शर्तहरु समेत अनिवार्य रुपमा पालना गरी एम्बुलेन्स सेवा सञ्चालन गर्नुहुन ।

१. विनियम ७ बमोजिम एम्बुलेन्स सञ्चालक संस्थाको कर्तव्य पुरा गर्नु पर्ने छ ।
२. विनियम ९ बमोजिम वार्षिक रुपमा सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यलयमा सेवा सञ्चालन अनुमति नवीकरण गर्नुपर्नेछ।
३. विनियम १० बमोजिम एम्बुलेन्स मापदण्ड तथा वर्गीकरण अनुसारको व्यवस्था गर्नुपर्नेछ । साथै महानगर र उपमहानगरपालिका क्षेत्रमा संचालन हुने एम्बुलेन्सहरुमा क वा ख वर्गको लागि तोकिएको सुविधा र शर्तको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
४. विनियम ११ बमोजिम एम्बुलेन्स चालकको योग्यता पुगेको चालकको व्यवस्था गर्नुपर्नेछ ।
५. विनियम १२ बमोजिम एम्बुलेन्स सञ्चालन तथा ट्रयाकिङ्ग कार्यमा अनिवार्य रुपमा आबद्ध हुनुपर्नेछ ।
६. उपर्युक्त बमोजिमका शर्तहरु पालना नगरेको वा निर्देशिका उल्लंघन गरेको पाईएमा बिनियम १६ बमोजिम एम्बुलेन्स संचालन अनुमति पत्र रद्द गर्न सकिनेछ ।

२०७६।११।१८

नेपाल सरकार
गृह मन्त्रालय
आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा

ईमेल: vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या: आ.प्र.स.स.ब्य. ०७६/०७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-४४०

मितिः २०७६।१०।२९

विषयः परिपत्र ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौ ।
श्री सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय, स्वयम्भू काठमाण्डौ ।
श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाण्डौ ।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाण्डौ ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै (७७ जिल्ला) ।

उपरोक्त विषयमा नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका कार्यालय बनाउनका लागि निःशुल्क रुपमा जग्गा दातावाट प्राप्त हुने जग्गाको निर्णय गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समितिले देहाय बमोजिमका आधारहरु अवलम्बन गरी जिल्ला स्तरमै निर्णय गरी कार्यान्वयन गर्न भनी नेपाल सरकार (माननीय मन्त्रीस्तर) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७६।१०।२२ मा निर्णय भई प.सं. ०७६/०७७(ज.टि.३१४३)३३४ च.नं. ११२२, मिति २०७६।१०।२२ को पत्रबाट लेखी आएकोले सो अनुसार गर्न गराउन सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरिदिनुहुन भनी भूमि व्यवस्थापन तथा अभिलेख विभागको प.सं.२०७६/०७७/ज.प्र.१६/२/९१९ च.नं. १६४४, मिति २०७६।१०।२७ को पत्रबाट अनुरोध भई आएकोले सोही बमोजिम तहाँ र मातहत निकायबाट गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

१.समितिको गठनः-

क. सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी - संयोजक
ख. सम्बन्धित मालपोत कार्यालय प्रमुख - सदस्य
ग. सम्बन्धित नापी कार्यालयको प्रमुख- सदस्य
घ. निःशुल्क जग्गा प्राप्त हुने क्षेत्रको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ङ. सम्बन्धित कार्यालयको प्रमुख - सदस्य सचिव

नोटः मालपोत कार्यालय वा नापी कार्यालयको लागि जग्गा प्राप्त हुने भएमा सो कार्यालयमा अधिकृत स्तरको कर्मचारी भए निजले र अधिकृत स्तरको कर्मचारी नभए अन्य बरिष्ठ कर्मचारीले सदस्य सचिवको काम गर्नु पर्नेछ ।

क्रमशः

D:\०७६-०७७ को फोल्डर\पत्रहरु ०७६-७७\letter पत्रहरु.docx 103

नेपाल सरकार
गृह मन्त्रालय
आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा
ईमेलः vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याआ.प्र.स.स.ब्य. ०७६/०७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-४४०

२.जग्गा प्राप्त गर्नको लागि समितिले लिनु पर्ने आधारहरुः-

क. नेपाल सरकार वा नेपाल सरकारका कार्यालय, निकायलाई प्राप्त हुने जग्गा उच्चतम रुपमा प्रयोगमा आउन सक्ने प्रकारको हुनु पर्ने र सो जग्गा कार्यालय स्थापनाको लागि प्रदान गरिएको भएमा सेवाग्राहीलाई सहज र सुगम हुने स्थानको हुनु पर्ने ।

ख. जग्गा प्राप्त गर्दा जोखिमयुक्त स्थानको जग्गा विवादित जग्गा वा झगडा परिरहेको जग्गा, तत्काल रजिष्ट्रेशन र नामसारी नहुने किसिमको जग्गा, प्रयोगमा ल्याउन नसकिने किसिमको जग्गा वा प्रयोगमा ल्याउन कठिन हुने एवं धेरै खर्च लाग्ने जग्गा नलिने ।

ग. दाताले जग्गा प्रदान गर्दा (सरकारी निकायलाई) प्रायजसो भवन निर्माण गर्ने प्रयोजनको लागि दिने भएकोले र सो प्रयोजनको लागि दिईएको हो भने कार्यालय सञ्चालन गर्नको लागि भवन निर्माण गर्दा आवश्यक भौतिक पूर्वाधार जस्तै सडक, बत्ति, पानी, सञ्चार, बैंक आदिको सुगमता भएको हुनु पर्ने र कार्यालयको लागि खुला स्थान पार्किङ्ग सुविधा प्राप्त हुने/नहुने हेर्नुपर्ने । सुरक्षाको दृष्टिकोणले उपयुक्त छ छैन ? हेर्नु पर्ने ।

घ. जग्गा प्राप्त गर्दा यथासम्भव स्थानीय तह सँग समन्वय गर्ने ।

ङ. कार्यालय स्थापनाको लागि जग्गा प्राप्त गर्दा अन्तर सम्बन्धित कार्यालयहरु (जस्तै नापी-मालपोत कार्यालय) स्थापना गर्न सहज हुने, भवन निर्माण गर्न र कार्यालय सञ्चालन गर्न यथेष्ट पुग्ने भविष्यमा बढ्न सक्ने कामको चापलाई समेत थेग्न सक्ने प्रकृतिको हुनुपर्ने ।

च. जग्गा प्राप्त गर्दा जग्गा प्राप्त गर्ने कार्यालय, निकायको केन्द्रीय निकायको सहमति र अनुमति प्राप्त गर्ने ।

छ. प्रचलित कानूनले जग्गा दिन, लिन नहुने भनी उल्लेख गरेको जग्गा प्राप्त नगर्ने ।

ज. जग्गा प्राप्त गर्ने विषयमा कुनै द्विविधा उत्पन्न भएमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त निकासा बमोजिम गर्ने ।

.....
हरि प्रसाद पन्त
उप-सचिव

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल काठमाण्डौ ।

आ.व.महाशाखा
४६८
०७६।१०।२८

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

(मालपोत तथा भूमिसुधार शाखा)
बबरमहल, काठमाण्डौं।

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासनः- ४२२५९८२
निर्देशक योजनाः- ४२२६९८८
क.प्र.शाखाः- ४२६६४९३
आ.प्र.शाखाः- ४२६६४९३
पिए Ext.:- ४२२००२८

पत्र संख्याः- २०७६/०७७/ज.प्र.१६/२ | ९१९
चलानी नं.:- ९६४४

मितिः- २०७६/१०/२७

विषयः- परिपत्र गरिदिनहुन ।

श्री गृह मन्त्रालय
(आन्तरिक व्यवस्थापन महाशाखा)
सिंहदरबार,काठमाण्डौं।

९९४१८
०७६।१०।२८

उपरोक्त विषयमा नेपाल सरकार प्रदेश सरकार एवम स्थानिय तहका कार्यालय बनाउनका लागि निशुल्क रुपमा जग्गा दाताबाट प्राप्त हुने जग्गाको निर्णय गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समितिले देहाय बमोजिमका आधारहरु अवलम्बन गरी जिल्ला स्तरमै निर्णय गरी कार्यान्वयन गर्न भनी नेपाल सरकार(माननिय मन्त्रीस्तर) भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७६/१०/२२ मा निर्णय भै प.सं.०७६/०७७(ज.टि.३१४३।३३४ च.नं.११२२ मिति २०७६/१०/२२को पत्रबाट लेखि आएकोले सो अनुसार गर्न गराउन सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरिदिनुहुन अनुरोध गरिन्छ ।

१.समितिको गठन :-

क. सम्बन्धित जिल्लाको प्रमख जिल्ला अधिकारी- संयोजक
ख. सम्बन्धित मालपोत कार्यालय प्रमुख -सदस्य
ग. सम्बन्धित नापी कार्यालयको प्रमुख-सदस्य
घ. निशुल्क जग्गा प्राप्त हुने क्षेत्रको सम्बन्धित स्थानिय तहको प्रमुख प्रशासकीय अधिकृत-सदस्य
ङ. सम्बन्धित कार्यालयको प्रमुख -सदस्य सचिव

नोट. मालपोत कार्यालय वा नापी कार्यालयको लागि जग्गा प्राप्तहुने भएमा सो कार्यालयमा अधिकृत स्तरको कर्मचारी भए निजले र अधिकृत स्तरको कर्मचारी नभए अन्य वरिष्ठ कर्मचारीले सदस्य सचिवको काम गर्नु पर्नेछ ।

२.जग्गा प्राप्त गर्नको लागि समितिले लिनु पर्ने आधारहरुः-

क. नेपाल सरकार वा नेपाल सरकारका कार्यालय, निकायलाई प्राप्त हुने जग्गा उच्चतम रुपमा प्रयोगमा आउन सक्ने प्रकारको हुनु पर्ने र सो जग्गा कार्यालय स्थापनाको लागि प्रदान गरिएको भएमा सेवाग्राहीलाई सहज र सुगम हुने स्थानको हुनु पर्ने ।
ख. जग्गा प्राप्त गर्दा जोखिमयुक्त स्थानको जग्गा बिवादित वा झगडा परिरहेको जग्गा, तत्काल रजिष्ट्रेशन र नामसारी नहुने किसिमको जग्गा, प्रयोगमा ल्याउन नसकिने किसिमको जग्गा वा प्रयोगमा ल्याउन कठिन हुने एवं धेरै खर्च लाग्ने जग्गा नलिने ।
ग. दाताले जग्गा प्रदान गर्दा (सरकारी निकायलाई) प्राय जसो भवन निर्माण गर्ने प्रयोजनको लागि दिने भएकोले र सो प्रयोजनको लागि दिईएको हो भने कार्यालय सन्चालन गर्नको लागि भवन निर्माण गर्दा आवश्यक भौतिक पुर्वाधार जस्तै सडक,बत्ति, पानी ,सन्चार, बैंक आदिको सुगमता भएको हुनु पर्ने र कार्यालयको लागि खुला स्थान पार्किङ्ग सुविधा प्राप्त हुने / नहुने हेर्नु पर्ने । सुरक्षाको दृष्टिकोणले उपयुक्त छ छैन? हेर्नु पर्ने ।
घ. जग्गा प्राप्त गर्दा यथासम्भव स्थानिय तह सँग समन्वय गर्ने ।
ङ. कार्यालय स्थापनाको लागि जग्गा प्राप्त गर्दा अन्तर सम्बन्धित कार्यालयहरु (जस्तै नापी -मालोत कार्यालय) स्थापना गर्न सहज हुने, भवन निर्माण गर्न र कार्यालय संचालन गर्न यथेष्ट पुग्ने, भविष्यमा बढन सक्ने कामको चापलाई समेत थेग्न सक्ने प्रकृतिको हुनुपर्ने ।
च. जग्गा प्राप्त गर्दा जग्गा प्राप्त गर्ने कार्यालय, निकायको केन्द्रीय निकायको सहमति र अनुमति प्राप्त गर्ने ।
छ. प्रचलित कानूनले जग्गा दिन, लिन नहुने भनी उल्लेख गरेको जग्गा प्राप्त नगर्ने ।
ज. जग्गा प्राप्त गर्ने विषयमा कुनै द्विविधा उत्पन्न भएमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त निकासा बमोजिम गर्ने ।

२०७६/१०/२८

(दिपक काफ्ले)
महानिर्देशक

फोन नं.: ०१-४२११२६७
०१-४२११२७०
०१-४२११२६३
फ्याक्स: ०१-४२११२४४

नेपाल सरकार

गृह मन्त्रालय

कर्मचारी प्रशासन शाखा

जरुरी

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १६२१ नि.क.प्र. ०७६/७७

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७६/११।२२

विषय :- काज तथा विदा सम्वन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
सबै (७७ वटै) ।

प्रस्तुत विषयमा जिल्लाको समग्र शान्ति सुरक्षा, सुव्यवस्था, कानुनी शासन, विपद व्यवस्थापन तथा सुशासन लगायत विभिन्न कार्यहरु सम्पादन तथा समन्वय गर्ने जिम्मेबारी प्रमुख जिल्ला अधिकारीको रहेको व्यहोरा विदितै छ । उक्त कार्यलाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी वनाउदै प्रभावकारी तथा उच्च व्यावसायिकताका साथ सम्पादन गर्ने गरी सबै प्रमुख जिल्ला अधिकारीहरुसंग कार्यसम्पादन सम्झौता भएको व्यहोरा समेत अवगतै छ । प्रमुख जिल्ला अधिकारीबाट सम्पादन गर्नुपर्ने उक्त कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्न तथा समसामयिक रुपमा देखा पर्ने विभिन्न प्रतिकुल परिस्थितिहरुको समाधानका लागि तत्काल समन्वय तथा सहजीकरण आवश्यक भएकोले जिल्लामा प्रमुख जिल्ला अधिकारीहरुको भौतिक उपस्थिति अनिवार्य देखिन्छ ।

सोही सन्दर्भमा, विगत केही समय देखि प्रमुख जिल्ला अधिकारीहरु विदा वा काजमा जिल्ला छोड्ने दर वढ्दै गएको छ । जसका कारण जिल्लाको समग्र शान्ति सुरक्षा,सुव्यवस्था लगायत जिल्ला प्रशासन कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यहरुमा प्रत्यक्ष असर पर्नसक्ने देखिएको हुँदा उप्रान्त कम्तिमा ३(तीन) महिना भन्दा अगाडी कावु वाहिरको परिस्थिति बाहेक विदा वा काज स्वीकृत नगरिने भएकोले सोही अनुसार विदा वा काजको अनुरोध गर्नुहुन अनुरोध छ ।

कृष्ण पौडेल
उपसचिव

अवगतार्थ

श्री मा. गृहमन्त्रीज्यूको सचिवालय,गृह मन्त्रालय,सिहदरवार
श्रीमान् सचिवज्यू,गृह मन्त्रालय,सिंहदरवार
श्री महाशाखा प्रमुख ज्यू,सुरक्षा समन्वय महाशाखा,गृह मन्त्रालय,सिंहदरवार ।

नेपाल सरकार
गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थाप)
फ्याक्स नं. ०१-४२१११४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

पत्र संख्याः नाराप/०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४६६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः-२०७६/११/२७

विषयः- नागरिकता रद्द भएका व्यक्तिको अचल सम्पत्ति सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम "कुनै विदेशी व्यक्तिले झुठ्ठो विवरण वा वयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ" भन्ने कानूनी व्यवस्था रहेको विदित्त नै छ । सो व्यवस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश भएका निर्णयको छायाँप्रति प्राप्त गर्नु भएकै छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र रद्द भई नेपाली नागरिकबाट हटाइएका व्यक्तिको हैसियत विदेशी सरह हुने हुँदा विदेशी नागरिकको नेपालमा रहेको अचल सम्पत्ति मुलुकी देवानी संहिताको दफा ४३२ वा ४३३ को अधीनमा रही नेपाल सरकारको नाममा कायम गर्ने भनी माननीय गृह मन्त्रीस्तरको मिति २०७६/११/२० मा निर्णय भएकोले सो निर्णय कार्यान्वयन गर्न गराउन एवं कार्यान्वयनको प्रगति नियमित रुपमा मन्त्रालयमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ ।

२०७६।११।२८

(हरिचन्द्र बुढा)
शाखा अधिकृत

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, वैशाख १५ गते, २०७७ साल (संख्या ३

भाग ५

नेपाल सरकार
गृह मन्त्रालयको
सूचना

नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७६।१२।९ र तत्पश्चात विभिन्न मितिमा जारी गरेको आदेश बमोजिम सम्पूर्ण सरकारी कार्यालय, निकाय वा उद्योगले विदा दिएका कर्मचारी वा श्रमिकको हकमा खाइपाई आएको तलब, भत्ता पाउने गरी त्यसरी विदा दिएको अवधिलाई सम्बन्धित कार्यालय प्रमुखले सार्वजनिक विदा कायम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
महेश्वर न्यौपाने
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, कान्तिपाडौमा मुद्रित । मूल्य रू.५।-
गो.ह.इ.नं. १६।२०६२।६३

नेपाल सरकार

गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ९४०

सिंहदरबार,
काठमाडौं, नेपाल।
मितिः २०७७/०३/१७

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषयः **Walkie-Talkie सिफारिस सम्बन्धमा।**

सञ्चार सेट (Walkie-Talkie) सञ्चालन अनुमतिको लागि सिफारिस गर्दा तपशिल बमोजिमको व्यहोरा स्पष्ट खुलाई तथा कागजात संलग्न गरी यस मन्त्रालयमा पठाउनुहुन तहाँ कार्यालयहरुलाई मिति २०७७/०३/१४ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ।

तपशिल

I. जिल्ला प्रशासन कार्यालयमा वाकिटकिका लागि निवेदन प्राप्त भए पश्चात् कार्यालयबाट प्रारम्भिक जाँचबुझ गरी प्रकृया अगाडी बढाउन मनासिब देखिएमा जिल्ला सुरक्षा समितिको बैठकमा एजेण्डाको रुपमा प्रस्तुत गरी छलफल गराउने।

II. जिल्ला सुरक्षा समितिलाई व्यहोरा मनासिब लागेमा निम्न कुराहरु समेत खुलाई बैठकबाट निर्णय गर्ने
   - ✓ निवेदक (वाकिटकी संचालनको लागि माग गर्ने संस्था) को नाम, ठेगाना तथा सम्पर्क व्यक्तिको नम्बर
   - ✓ वाकिटकि प्रयोग गर्न दिनुको औचित्य/प्रयोजन
   - ✓ प्रयोग गर्ने समयावधि र स्थान
   - ✓ प्रयोग हुने संख्या र मोडल

III. सुरक्षा समितिको निर्णयसाथ देहायका कागजातहरुको प्रमाणित प्रतिलिपि समेत पठाउनु पर्नेछः
   - ✓ प्रयोग हुने वाकिटकिहरुको Technical Specification, (Spot Frequency, Brochure) सहितको कागजात।
   - ✓ वाकिटकि प्रयोग गर्न अनुमति माग गर्ने संस्थाको दर्ता/नवीकरण तथा करचुक्ता सम्बन्धि कागजात।

IV. उपर्युक्त बमोजिमको सिफारिस प्राप्त भए पश्चात् प्रहरी प्रधान कार्यालयको राय लिई मन्त्रालयबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिश गरिने भएकाले सिफारिस गर्ने वा नगर्ने निर्णय भए पश्चात् सो को जानकारी जिल्ला प्रशासन कार्यालयलाई गराइने र सम्बन्धितलाई जिल्ला प्रशासन कार्यालयले सो को जानकारी गराउने।

नोटःजिल्ला सुरक्षा समितिको निर्णय र अन्य आवश्यक कागजात सहितको सिफारिश यस शाखाको ईमेल localadmin@moha.gov.np मार्फत् पनि पठाउन सकिनेछ।

२०७७/०३/१७

(नर्वदा घिमिरे)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

(जनसंख्या तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

गृह मन्त्रालय
राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

पत्र संख्या :-

चलानी पत्र संख्या र मिति :-

च.नं. - ६०

नेपाल सरकार
गृह मन्त्रालय

फोन नं. ०१-४२११७४४
फोन नं. ०१-४२११७४४
सिंहदरबार
राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

प.नं. ४८७१
मिति: २०७७/५/२५ सिंहदरबार, काठमाडौं, नेपाल।

मिति: २०७३/१२/१९

श्री पञ्जीकरण

विषय: निर्णय कार्यार्थ सम्बन्धमा।

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार काठमाडौं।

उपर्युक्त विषयमा यहाँ विभागको मिति: २०७७।३।२६ च.नं. १९७४ को पत्रबमोजिम २० वर्ष उमेर नपुगी भएको विवाह दर्ता गराउँदा कायम गर्नुपर्ने मिति एवं नेपाली र विदेशी नागरिक बीच भारतीय समेत भएको विवाह दर्ता सम्बन्धमा निर्देशन माग भई आएकोमा सो सम्बन्धमा यस मन्त्रालयको मिति २०७३।४।३० मा स्वीकृत निम्नानुसारको निर्णय (सचिव स्तरीय) निर्देशन गरी पठाईएको व्यहोरा अनुरोध छ।

निर्णयका बुँदाहरू:

बुँदा नं. १ का सम्बन्धमा राय:-

मुलकी देवानी संहिता, २०७४ को दफा ७० को उपदफा (१) खण्ड (घ) मा महिला र पुरुष बीच विवाह हुन २० वर्ष उमेर पुरा भएको हुनु पर्ने भन्ने उल्लेख भएको, ऐनको दफा ६८(८) ले यो ऐ.ऐन प्रारम्भ हुन अघि विवाह भइ सकेका र विवाह दर्ता नभएका दम्पतिले चाहेमा यस दफा बमोजिम विवाह दर्ता गराउन सक्ने व्यवस्था गरेको र ऐ.ऐनको दफा ८०(३) ले विवाह दर्ताको प्रमाणपत्र पाएको मितिदेखि निवेदकहरुको विवाह भएको मानिने व्यवस्था गरेको छ। २० वर्ष उमेर नपुगी विवाह गरेका व्यक्तिहरुको विवाह दर्ता गर्दा विवाह दर्ता गरेको मितिलाई नै निजहरुबीच विवाह भएको कायम गरी विवाह दर्ता गर्नु भनी निर्देशन दिने।

बुँदा नं. २ का सम्बन्धमा राय:-

नेपाली नागरिक र विदेशी नागरिकबीच नेपालमा विवाह भएकोमा विवाहको दर्ता गर्ने सम्बन्धमा छुट्टै कानूनी व्यवस्था रहेको छैन । मुलुकी देवानी (संहिता) २०७४ को दफा ७०१ ले नेपाली नागरिक र विदेशी नागरिकबीचको विवाहको परिणाम नेपाल कानून बमोजिम हुने व्यवस्था गरेको छ । यस प्रकार, नेपाली नागरिक र विदेशी नागरिकबीच हुने विवाहको दर्ता गर्दा समेत दर्ता विवाहको प्रमाणपत्र वा सर्जमिन गराउनका आवश्यक कागज प्रमाणका आधारमा सम्बन्धित पञ्जीकरणबाट विवाह दर्ता प्रमाणपत्र दिने।

ज्योतना भट्ट जोशी

☎ :०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ :०७१-५५०६१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकाम बुटवल, नेपाल
(वैठक तथा आन्तरिक प्रशासन शाखा)

पत्र संख्या:- २०७७/७८
चलानी नं.:- ६६३

मिति:- २०७७/०६/२२

श्री स्थानीय तह (सबै)
लुम्बिनी प्रदेश

विषय:-जानकारी सम्बन्धमा।

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम प्रदेश नं ५ को प्रदेश सभाबाट मिति २०७७/०६/२० गते "रासी उपत्यका (देउखुरी)" लाई प्रदेश नं ५ को राजधानी पारित गरिएको र नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम प्रदेश नं ५ को प्रदेश सभाबाट मिति २०७७/०६/२० गते प्रदेश नं ५ को नाम "लुम्बिनी" प्रदेश नामकरण पारित भएको सम्बन्धी मिति २०७७/०६/२० को प्रदेश राजपत्र यसैसाथ संलग्न गरी जानकारीको लागि पठाईएको व्यहोरा सादर अनुरोध छ। साथै, हाल यस प्रदेशको राजधानी बुटवलमा रहेकोले पत्रचार गर्ने प्रयोजनार्थ "मुकाम बुटवल, नेपाल" हुन समेत अनुरोध छ।

बोधार्थ:-
शासकीय सुधार,सूचना तथा सञ्चार समन्वय शाखा
(प्रस्तुत पत्र सबै स्थानीय तहमा ईमेल गरिदिनु हुन)

२०७७/०६/२२

(कृष्ण प्रसाद पराजुली)
अधिकृत सातौं

प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असोज २० गते, २०७७ साल (संख्या १८

भाग ३

प्रदेश सरकार

प्रदेश सभा सचिवालयको सूचना

नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाबाट तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट मिति २०७७।०६।२० गते "रासी उपत्यका (देउखुरी)" लाई प्रदेश नं. ५ को राजधानी पारित गरिएको र नेपालको संविधानको धारा २९५ को उपधारा २ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट मिति २०७७।०६।२० गते प्रदेश सभाबाट प्रदेश नं. ५ को नाम "लुम्बिनी" प्रदेश नामाकरण पारित भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दुर्लभ कुमार पुन मगर
प्रदेश सभा सचिव

प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपाल सरकार

गृह मन्त्रालय

(निजामती कर्मचारी प्रशासन शाखा)

फोन नं.: ०१-४२११८
०१-४२११९
०१-४२११२
फ्याक्स: ०१-४२११२

पत्र संख्या:- क.प्र.०७७/०७८

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ३२५

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति:- २०७७।०६।२१

विषय : परिपत्र सम्वन्धमा।

श्री अध्यागमन विभाग, कालिकास्थान।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान।
श्री जिल्ला प्रशासन कार्यालय, ७७ वटै।

तहां विभाग/कार्यालय वा अन्तर्गत निकायका कर्मचारीहरुको सरुवा भए पश्चात नियमानुसार रमाना दिने व्यवस्था भएपनि कतिपय कार्यालयमा लामो समयसम्म रमाना नदिई कामकाज समेत गराएको सम्बन्धमा गुनासो समेत प्राप्त भएको हुंदा अब उप्रान्त विगत र हालसाल सरुवा भएका कर्मचारीहरुलाई तुरुन्त रमाना दिई सरुवा वा पदस्थापन भएको कार्यालयमा हाजिर हुन पठाउने व्यवस्था गरी सोको जानकारी यस मन्त्रालयमा यथाशिघ्र पठाउनुहुन आदेशानुसार अनुरोध छ।

.....66।6।29.....
लोकमान श्रेष्ठ
शाखा अधिकृत

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७७/०७८/०८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १४६३

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति २०७७/०७/२७

विषयः सवारी दुर्घटना न्यूनीकरण सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

मुलुकमा दैनिक रुपमा जस्तो घट्ने सवारी दुर्घटनाको कारण ठूलो जनधनको क्षेति हुने गरेको घटनाका सम्बन्धमा भविष्यमा यस प्रकारका सवारी दुर्घटनाको जोखिम न्यूनीकरण गरी सवारी आवागमनलाई थप सहज, सुरक्षित र विश्वसनीय बनाउन तहाँ कार्यालयसँग सम्बन्धित यसैसाथ संलग्न क्रियाकलापहरुको समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन एवं निरन्तर अनुगमनको व्यवस्था हुन यस मन्त्रालयको मिति २०७७/०७/२४ गतेको (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

2020/06/26

(अमर दिप सुनुवार)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा

सवारी दुर्घटना जोखिम न्यूनिकरण सम्बन्धी क्रियाकलाप तथा अनुगमन व्यवस्था

(श्रीमान् गृह सचिवस्तर मिति २०७७/०७/२४ को निर्णय बमोजिम)

क.सं.	क्रियाकलाप	जिम्मेवार निकाय/पदाधिकारी	अनुगमन सवम्बन्धी व्यवस्था
१	• सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि जिल्लास्तरीय कार्यविधि (SoP) बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । • आवश्यकता र औचित्यको आधारमा टाइम कार्ड प्रयोग गर्ने, • सार्वजनिक यातायात सम्बन्धी समितिहरूको नियमित बैठक राखे, निर्णय कार्यान्वयन गर्ने, अनुगमन गर्ने । • कुनै पनि बहानामा राजमार्ग/सडक अवरोध हुन नदिने • सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि जिल्लामा भईरहेका समग्र कार्यको अनुगमन गर्ने । • सवारी भाडादर निर्धारण गर्ने । कार्यान्वयनको अनुगमन गर्ने । • सवारी दुर्घटनामा पश्चात विमा तथा क्षतिपूर्ति उपलव्ध गराउँने नाममा कानूनले तोके भन्दा बढि उपलव्ध गराउन दवाव, बार्ता तथा सहमति नगर्ने । पिडितलाई विमा बापतको रकम छिटो उपलव्ध गराउँन पहल गर्ने ।	प्रमुख जिल्ला अधिकारी	गृह मन्त्रालय
२	• सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि बृहत सचेतना अभियान सञ्चालन गर्ने । • यातायात व्यवसायी संघ संस्था कम्पनीका सवारी चालक सहचालकहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने । • सवारी साधनको रूटपर्मिट, सवारी साधनको प्राविधिक चेकजाँच भए/नभएको तथा सवारी साधनको अवस्था, सवारी चालकको लाइसेन्स, यात्रु संख्या, सवारी साधन सम्बन्धी कागजात लगायतको विषयमा नियमित/आकस्मिक रुपमा चेकजाँच तथा अनुगमन गर्ने, कानून बमोजिम कारवाही गर्ने । • यातायातको चाप/दुर्घटनाको जोखिम, सडकको स्तर समेतको	नेपाल प्रहरी	प्रहरी प्रधान कार्यालय /उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

	आधारमा आवश्यक संख्यामा ट्राफिक प्रहरी परिचालन गर्ने । • सार्वजनिक सवारी साधनमा सिट क्षमता भन्दा बढी यात्रु राख्न नदिने । यात्रुवाहक सवारी साधनमा मालसामान ढुवानी गर्न नदिने । • सडक किनारामा हुने अनधिकृत पार्किङ हटाउने • मापदण्ड विपरित बनेका, रुट परमिट प्राप्त नभएका सडकमा सार्वजनिक सवारी आवागमन नियन्त्रण गर्ने । • सडक क्षेत्र ओगटेर सवारी साधन राख्न नदिने, सडकमा जथावाभी निर्माण सामाग्री, फोहरमैला लगायत सामाग्री राख्न नदिने, सडकको किनारा मै आवागमनमा बाधा पुग्ने गरी कारखाना तथा वर्कशप सञ्चालन गर्न नदिने, भैरहेका वर्कशपलाई क्रमश उपयुक्त स्थानमा स्थानान्तरण गर्ने/ गराउने । • ट्राफिक प्रहरीलाई Digital ब्रेथलाइजरको व्यवस्था गर्ने ।		
३	• सडक दुर्घटना संभावित क्षेत्रहरुमा सडक बत्ति, ट्राफिक संकेत चिन्ह, सडक मर्मत सम्भार, सडक घुम्तीमा आवश्यक सडक चौडाई लगायतका व्यवस्था गर्ने । • साँघुरो घुम्ती तथा भिर भएको बाटोमा दुर्घटना हुनसक्ने जोखिमयुक्त सडक खण्डमा रेलिङ वा छेकवार लगाउने • सवारी दुर्घटना जोखिमको आधारमा सडकमा आवश्यक संख्यामा ट्राफिक संकेत चिन्ह राख्ने • सडकमा जेब्राक्रसको व्यवस्था गर्ने • आवश्यकताको पहिचानको आधारमा बाईपास सडक बनाउने । • सडक सर्वे नभएका तथा मापदण्ड विपरितका नयाँ सडक बनाउन बन्द गरी भइरहेका सडकको स्तरोन्नती गर्ने । • विग्रे भत्केका सडक तत्काल मर्मतको व्यवस्था गर्ने । • जेब्रा क्रस र सडक मार्किङ छुट्याउने चिन्हलाई समय समयमा पेन्टिङ गरी स्पष्ट देखिने गरी राख्ने । • राजमार्गको निश्चित दुरीमा Rescue Equipment को व्यवस्था गर्ने • सडक ऐन/नियममा सामयिक सुधार गर्ने • दृष्टिविहिन लगायत अपांगमैत्री सडक पुर्वाधार निर्माण गर्ने । • आवश्यकता अनुसार ट्राफिक आइलेण्ड बनाउने । • दुर्घटनाग्रस्त स्थानहरूको पहिचान गरी सवारी दुर्घटना जोखिम	सडक विभाग/सम्बन्धित स्थानीय तह	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

	नियन्त्रण गर्ने उपाय अवलम्बन गर्ने ।		
४	• यातायात व्यवसायी संघ/संस्था/कम्पनीको सहकार्यमा चालक/सहचालकहरुलाई नियमित अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने । • ट्राफिक चेकजाँचको लागि ब्रेथलाइजर लगायत आवश्यक यन्त्र/उपकरण उपलब्ध गराउने । • मापदण्ड विपरीत बनेका सडकमा सार्वजनिक सवारी यातायात सञ्चालनको लागि अनुमति नदिने । • प्रचलित ट्राफिक ऐन/कानून उलंघन गरेमा हुने जरिवाना दरमा बृद्दि गर्ने । • लाइसेन्सको चेकजाँच,लाइसेन्स लिने प्रक्रिया र वितरणमा थप कडाई गर्ने । • जरिवाना तिराउँदा बैकल्पिक माध्यम प्रयोग गर्न सकिने व्यवस्था गर्ने । • लामो दुरीमा अनुभवी चालकको व्यवस्था गर्ने । रात्री बसमा अनिवार्य रूपमा दुई जना चालक राख्ने • पुराना गाडीलाई क्रमश विस्थापित गर्ने । • ड्राइभिङ्ग इन्स्टिच्युटबाट गरिने सिकाई क्रियाकलापलाई मूल सडकमा गर्न रोक लगाउने । • साँघुरा सडकहरुमा ठूला तथा लामा गाडीहरु सञ्चालन गर्न नदिने । • रूट पर्मिट वितरण प्रणालीमा सुधार गर्ने • यात्रुवाहक सवारी साधनमा CCTV को व्यवस्था गर्ने • यातायात ऐन/नियम/निर्देशिकामा सामयिक सुधार गर्ने • GPS सहितको Vehicle Tracking System लागू गर्ने • सवारी साधन यात्रु र तेश्रो पक्ष समेतको बीमा गर्ने/गराउँने तथा सो को प्रभावकारी अनुगमन गर्ने । • यातायात सम्बन्धि सेवालाई क्रमश अनलाईन गर्ने । इ-टिकेटिङ व्यवस्था गर्ने ।	यातायात व्यवस्था विभाग/नेपाल प्रहरी	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

५	• सवारी दुर्घटना जोखिम बढाउने सडकको दायाँबाँया राखिएका विज्ञापन सम्बन्धी अनावश्यक होर्डिङ बोर्ड हटाउने • सडक बत्तीको व्यवस्था गर्ने । • सडक सर्वे नभएका, मापदण्ड विपरितका तथा विपद जोखिमयुक्त सडक निर्माण नगर्ने तथा भइरहेका सडकको स्तरोन्नती गर्ने । • विग्रे भत्केका क्षतिग्रस्त सडक मर्मतको व्यवस्था गर्ने । • सवारी दुर्घटना जोखिम बढ्ने गरी सडक किनारामा निर्माण सामग्री तथा फोहोरमैला फाल्न निषेध गर्ने । • छाडा पशु चौपायको नियन्त्रण गर्ने । आवश्यक संख्यामा काञ्जिहाउस निर्माण गर्ने । • राजमार्ग तथा सडकको संवेदनशील क्षेत्रमा CCTV जडान गर्ने । • सडकमा मानसिक सन्तुलन गुमाएका तथा सडक बाबालिकाहरूको हिडडुल नियन्त्रण गरी उचितस्थानमा व्यवस्थापन गर्ने • ठूला भवनहरूको नक्सा पास गर्दा पार्किङ व्यवस्था गर्न लगाउने । ठूला होटल, सपिङमल जस्ता ठूला व्यापारिक कम्प्लेक्स सञ्चालन गर्न स्वीकृति दिदाँ पार्किङ स्थलको व्यवस्था भए/नभएको हेरी स्वीकृति दिने	सम्बन्धित स्थानीय तह	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७७/०७८/०८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-१४६६

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति २०७७/०७/२८

विषयः मौज्दात ढुङ्गा, गिट्टी र बालुवा विक्री वितरण सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

उपर्युक्त विषयमा यस मन्त्रालयको च.च. १४४२ मिति २०७७/०७/२५ गतेको पत्रसाथ माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ज्यूको अध्यक्षतामा सम्पन्न बैठकको निर्णय तहाँ प्राप्त भएकै छ । उक्त निर्णयमा यसभन्दा अघि घाटगद्धी तथा क्रसर उद्योगमा मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवा सम्बन्धमा केही जिल्लाहरुमा द्विविधा उत्पन्न भएको भन्ने जानकारी हुन आएकोले यस सम्बन्धमा देहाय बमोजिम गर्न/गराउन आदेशानुसार अनुरोध छ ।

देहायः

१. विभिन्न खोला/नदी तथा खानीबाट उत्खनन् गरी घाटगद्धीमा संकलन गरिएको ढुङ्गा, गिट्टी र बालुवा र क्रसर उद्योगबाट उत्पादित प्रशोधित ढुङ्गा, गिट्टी र बालुवाको जिल्ला समन्वय समिति, सम्बन्धित स्थानीय तह, जिल्ला प्रहरी कार्यालय र प्राविधिक इन्जिनियर सम्मिलित टोलीबाट परिमाण नाप जाँच गरी एकिन गर्ने । यो पत्र प्राप्त भएको मिति देखि अर्को निर्णय नभएसम्मको लागि कुनै नदी वा खानीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन गर्न नपाउने व्यवस्था मिलाउने ।

२. परिमाण एकिन भएपछि नजिकको प्रहरी इकाईले विक्री वितरण तथा ढुवानीको अभिलेख राख्न लगाउने । प्राविधिक सम्मिलित टोलीबाट एक पटक परिमाण एकिन भएपछि सो परिमाण भन्दा बढी विक्री वितरण भएको हुन नहुने ।

३. प्रमुख जिल्ला अधिकारीले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवाको पारदर्शी विक्री वितरणको सुनिश्चितता गराउने । सो को लागि सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी इकाईले अनुगमन गर्ने व्यवस्था मिलाउने ।

४. मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवा बढीमा १ (एक) महिनाभित्र अनिवार्य रुपमा बिक्री वितरण गरी उठाई सक्नुपर्ने ।

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७७/०७८/०८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

५. मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवाको परिमाण नाप जाँच, अभिलेख, विक्री वितरण तथा अनुगमन कार्यको प्रमुख जिल्ला अधिकारी स्वयंले निगरानी गर्ने ।

६. राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा अन्य महत्वपूर्ण विकास आयोजनाहरुको लागि नदीजन्य पदार्थ सहज आपूर्तिका लागि सञ्चालित आयोजना केन्द्रित क्रसर उद्योग तथा नियमानुसार दर्ता अनुमति लिई IEE स्वीकृति भई मापदण्ड अनुरुप सञ्चालित क्रसर उद्योगहरु पूर्ववत रुपमा सञ्चालन गर्न भने कुनै बाधा पर्ने छैन ।

२०७८/०८/२८

.....

(अमर दिप सुनुवार)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
चलानी नं. :- ९९२

मितिः २०७७।०८।०३

विषय: निर्देशन सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै।

प्रस्तुत सम्बन्धमा माननीय गृहमन्त्री र श्रीमान् गृह सचिवज्यूको प्रमुख उपस्थितिमा राष्ट्रिय परिचयपत्रको कार्यक्रम समेतको बिषयमा मिति २०७७ कार्तिक २७ गते भएको अनलाईन अन्तरक्रिया कार्यक्रममा तहाँ जिल्लाका प्रमुख जिल्ला अधिकारीको सक्रिय सहभागिताका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

तहाँ जिल्लामा राष्ट्रिय परिचयपत्रको विवरण संकलनका लागि राष्ट्रिय परिचयपत्र व्यवस्थापन इकाई स्थापना भइ सकेको र सो लागि आवश्यक कर्मचारी तथा बजेटको व्यवस्था समेत भएको हुँदा तहाँ कार्यालयको नियमित सेवा लिन आउने सबै सेवाग्राहीको राष्ट्रिय परिचयपत्रमा विवरण दर्ता हुने व्यवस्थाका लागि देहाय अनुसारको कार्य हुन निर्देशानुसार अनुरोध छ।

१. राष्ट्रिय परिचयपत्र व्यवस्थापन इकाइ (विवरण दर्ता अभियान सञ्चालन भएका बखत सो को समेत संयोजन गर्ने गरी) हेर्ने गरी तहाँ कार्यालयका कुनै अधिकृतलाई तोक्ने।

२. स्थान उपलब्ध भएसम्म नागरिकता वितरण गर्ने भवन मै राष्ट्रिय परिचयपत्र व्वयस्थापन इकाई स्थापना गर्ने। पहिले अन्यत्र राखिएको भए स्थानान्तर गर्ने।

३. कार्यालयबाट प्रदान गरिने नयाँ तथा प्रतिलिपि नागरिकता प्रमाणपत्र सम्बन्धी कार्य सम्पन्न भएपछि अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्ने गरी सेवा प्रवाहको Lay Out मिलाउने।

४. राहदानीका निवेदनसाथ राष्ट्रिय परिचयपत्रमा विवरण दर्ता भएको Conformation Page को फोटोकपी अनिवार्य संलग्न गराउने व्यवस्था गर्ने।

५. मन्त्रालयमा दैनिक प्रतिवेदन गर्दा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता संख्या समेतको प्रतिवेदन गर्ने व्यवस्था गर्नुहुन।

(जितेन्द्र बस्नेत)
महानिर्देशक

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np,
URL:www.donidcr.gov.np

Scanned with CamScanner

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
राहदानी विभाग
नारायणहिटी, काठमाण्डौ

प.सं.- डि.ओ.पी.सी/०७७/७८ मिति २०७७।०८।२३
च.नं.- ३९८

श्री जिल्ला प्रशासन कार्यालय, सबै।
श्री ईलाका प्रशासन कार्यालय, सबै।

विषय :- परिपत्र।

प्रस्तुत विषयमा तहाँ कार्यालयहरुबाट राहदानीका लागि यस विभागमा प्राप्त भएका राहदानी निवेदन फारामहरु राहदानी बनाउने क्रममा विभिन्न कारणहरुले गर्दा डिजिटल प्रोसेसिङका बखत अस्वीकृत(Reject) भई राहदानी फारामहरु फिर्ता भएको व्यहोरा तहाँ कार्यालयहरुमा विदितै छ ।भविष्यमा यस्ता त्रुटीहरु दोहरिन नदिन तथा राहदानी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुका साथै सेवाग्राहीहरुलाई समयमै राहदानी उपलब्ध गराउने उद्देश्य अनुरुप यसै पत्रसँग संलग्न भए बमोजिमका उपायहरु अवलम्बन गर्न गराउन हुन अनुरोध छ ।

साथै कतिपय जिल्ला/ईलाका प्रशासन कार्यालयहरुबाट पठाइएका राहदानी फाराम यस विभागमा आईनपुग्दै सेवाग्राहीहरुलाई हस्ते सिफारिस पत्रका साथ यस विभागमा पठाइएको पाइएकोले यस्ता हस्ते सिफारिस नगर्न गराउन हुन अनुरोध छ । साथै अत्यावश्यक अवस्थामा हस्ते सिफारिस गर्नु परेमा तहाँ कार्यालयबाट पठाइएको राहदानी फाराम यस विभागमा प्राप्त भईसकेको यकिन गरी त्यसको ७ कार्यदिन पछि मात्र खामबन्दी हस्ते सिफारिस गर्न गराउन समेत अनुरोध गर्दछु ।

राजेन्द्र पाण्डे
(निर्देशक)



[redacted]

परराष्ट्र मन्त्रालय
महानदी विभाग
जिल्ला समन्वय शाखा

2

(ख)

(ग)

पराजाहरु प्राप्त हुने तारिख

(घ)

(ङ)

(च)

(छ)

142

(ख)	
(ग)	
(घ)	
(ङ)	
(च)	
(छ)	

राहदानी विभाग, नारायणहिटी

राहदानी फाराम भर्ने तरीका साथै Pdf फाराम पठाउने तरीका

राहदानी फाराम भर्ने प्रयोजनका लागि फाराम डाउनलोड गर्दा निम्न प्रकृया अपनाउनु होला

१. राहदानी विभागको वेबसाईटमा गई Downloads बटन क्लिक गर्ने

२. त्यसको सि.नं. २ को Passport Application Form डाउनलोड गर्ने र डेस्कटपमा सेभ गर्ने

३. डेस्कटपमा सेभ भएको फारामलाई त्यही गएर Open with acrobat reader गरी खोल्ने

४. त्यस पछि त्यो फाराममा fill up गर्ने

५. फाराम भरिसकेपछि Save as गरेर आफ्नो नाम राखेर पुनः सेभ गर्ने । यही फाईल pdf मा attach गरी पठाउने ।

फाराम प्रिन्ट गर्ने तरीका

१. माथि सि.नं. ५ मा नाम राखेर सेभ गरेको फाईललाई Ctrl+P गर्ने

२. Page size and Handling अप्सनमा गएर Actual मा Click गर्ने (कुनै कुनै प्रिन्टरमा फरक नाम लेखिएको हुन सक्ने)

३. त्यसपछि सबैभन्दा तल रहेको Page Setup बक्समा Click गर्ने

४. Paper Size आउँछ । त्यसमा A4 साईजमा click गर्ने र त्यस पछि OK गर्ने

५. त्यसपछि पहिलेको Print बक्समा आउँछ । त्यसमा तल रहेको Print मा Click गर्ने ।

थप Instruction बिभागको वेबसाईटमा पनि छ

। Link: https://nepalpassport.gov.np/passport-application-form-guidelines/

Manual Passport Application Form – Guidelines

- Download the application form.
- Open the application form using Adobe Acrobat. If you don't have Adobe Acrobat installed on your PC please download and install it.
- Once the form is open, Click it and again Open with Abode Acrobat Reader.
- Do Save as to Save this form in your own name. Now it is ready to Fill in your form
- Than again Save it.

To Print

- Go to filled in form and Ctrl+P
- You should see the print window. find **Page size and Handling** , Click **Actual/None** (some computer may present other way, pls check)
- Go to the bottom of the Print Box, you will see **Page Setup** Box. Click there
- You will see **Paper size**. Click only A4 size paper to print the form. Then **Print**.
- In some computer: Click on the printer properties button to bring up the printer options. And click on Paper. This tab can vary from printer to printer but it will mention paper.
- From the paper size (this can have different labels for different printers) select A4 & Click on OK.

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु.०७७/०७८-८

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- १६८

सिंहदरवार,
काठमाडौं, नेपाल।

मितिः २०७७/०८/२८

विषयः- सूचनाको हकसम्बन्धी ऐ,न २०६४ को दफा २० बमोजिमको अधिकार प्रत्यायोजन सम्बन्धमा।

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा राष्ट्रिय सूचना आयोगको मिति २०७७/०८/११ को बैठकको निर्णयानुसार गृह मन्त्रालय अन्तर्गतका सतहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐ,न २०६४ को दफा २० बमोजिम तपसिलका कार्यहरुको अधिकार प्रत्यायोजन गर्ने निर्णय भएकोले निर्णय कार्यान्वयनको व्यवस्था मिलाइदिन राष्ट्रिय सूचना आयोगको च.नं. २६०८, मिति २०७७/०८/१६ को पत्रबाट लेखी आएकोले आवश्यक जानकारी एवं कारवाहीका लागि अनुरोध छ।

तपसिल

क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन (Pro-Active Disclosure) नियमित प्रकाशन गर्न तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरुलाई (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ (क)) सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरुलाई आदेश दिने।

ख) सूचनाको हकसम्बन्धी ऐनज, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क बमोजिम तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न र तहाँ पदाधिकारीको नाम, सम्पर्क र फोटो सहित विवरण फ्लेक्स बोर्ड (Flex Board) लगायतको उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्ने आदेश दिने।

ग) सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ ख(४) मा सार्वजनिक निकायमा परेको सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सुचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वनिक गर्नुपर्ने व्यवस्था भए बमोजिम तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरुमा पर्ने निवेदन र सो बमोजिम सूचना उपलब्ध गराइएको वा इन्कार गरिएको विवरणको छुट्टाछुट्टै अभिलेख राख्न आदेश दिने।

(प्रेमलाल लामिछाने)
उपसचिव/सूचना अधिकारी

बोधार्थः
श्री राष्ट्रिय सूचना आयोग,
देवीनगर, काठमाण्डौं

नेपाल सरकार
गृह मन्त्रालय
ईमेल: vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५
आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः- आ.प्र.सभा.सि. ०७७/०७८
च.नं.:- २९२

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७७।०९।०६

विषय: **High Security Embossed Vehicle Number Plate** जडान सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय,नक्साल, काठमाण्डौ ।

श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हल्चोक, काठमाण्डौ।

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग,सिंहदरवार ।

श्री अध्यागमन विभाग,कालिकास्थान, काठमाण्डौ ।

श्री कारागार व्यवस्थापन विभाग,कालिकास्थान, काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै (७७)

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.नं. ६३ मिति २०७७।०८।२६ को पत्रबाट सवारी साधनमा High Security Embossed Vehicle Number Plate जडान कार्य कोभिड-१९ तथा अन्य कारणले प्रभावित भएकाले आगामी २०७७ फागुन मसान्तसम्म अनिवार्य रुपमा तहाँ मन्त्रालय, अन्तर्गत निकाय एवं सम्बद्ध निकायमा रहेका सबै प्रकारका साविकमा दर्ता भएका सरकारी सवारी साधनहरुमा Embossed Vehicle Number Plate जडान गर्ने व्यवस्थाका लागि नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७।०८।२५ को निर्णयबाट पुन ताकेता भै आएको छ ।यस सम्बन्धमा थप जानकारी लिन www.dotm.gov.np मा हेर्नु भै कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

रामचन्द्र आले
शाखा अधिकृत

बोधार्थः
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, (यातायात व्यवस्था शाखा): सिंहदरवार ।

नेपाल सरकार

गृह मन्त्रालय

(निजामती कर्मचारी प्रशासन शाखा)

फोन नं.: ०१-४२११२६७
०१-४२११२७०
०१-४२११२२०
फ्याक्स: ०१-४२११२४४

पत्र संख्याः- क.प्र.०७७/०७८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ६४१

सिंहदरवार,
काठमाडौं, नेपाल।
मितिः २०७७।०९।०८

विषयः- अनुगमन गर्ने/गराउने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
७७ वटै।

प्रस्तुत विषयमा निजामती कर्मचारीलाई सेवा प्रवाहमा तल्लीन बनाई निजामती सेवालाई थप व्यवस्थित, मर्यादित, उत्तरदायी र जिम्मेवार बनाउन निजामती तथा सम्बन्धित अन्य सेवाका बहालवाला कर्मचारीहरुबाट तपसिल बमोजिमका कानूनी व्यवस्था तथा यस मन्त्रालयबाट गरिएका निर्णयहरुको पालना भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी कानुन तथा निर्णय परिपालनको अवस्थालाई प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट मिति २०७७।०८।२९ मा निर्णय भएकोले तहाँ मन्त्रालय अन्तर्गतका सबै जिल्ला प्रशासन कार्यालयबाट अनुगमन गर्ने/गराउने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २२२, मिति २०७७।०९।०५ को पत्रबाट लेखी आएको हुंदा सोही बमोजिम अनुगमन गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

तपसिलः-

१. निजामती सेवा ऐन, २०४९ को दफा ४१ बमोजिम निर्धारित समयमा कार्यालयमा नियमित रुपले हाजिर तथा उपस्थित भए/नभएको साथै दफा ४८ विपरीत हुने गरी व्यापार व्यवसाय गरे/नगरेको।
२. निजामती सेवा नियमावली, २०५० को नियम ११९क. बमोजिम कार्यालयमा उपस्थित हुंदा तोकिए बमोजिमको पोशाक तथा परिचयपत्र लगाए/नलगाएको।
३. यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७७।०८।०७ को निर्णय विपरीत हुने गरी लोक सेवा आयोग तथा अन्य निकायका प्रतिस्पर्धात्मक परीक्षाका तयारी कक्षाहरु संचालन गर्ने निजी इन्स्टिच्युटमा उपस्थित भई वा अनलाइन माध्यमबाट लिखित तथा मौखिक प्रशिक्षण दिने कार्यमा सहभागि भए/नभएको।
४. कार्यालयमा समयमा शेयर ब्रोकर कार्यालयमा गई वा कार्यकक्षमै बसी विभिन्न माध्यमबाट शेयर तथा अन्य विद्युतीय कारोबार गरे/नगरेको।

(लोकमान श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थः-
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,
काठमाण्डौं।

नेपाल सरकार

गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

localaladmin@moha.gov.np
014-200003
014-211266
014-211206
014-211216

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं :- ४६६

०७७/७८

मिति: २०७७/०९/२७

विषय: यातायात व्यवसायी समितिहरुको नवीकरण सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
सप्तरी ।

प्रस्तुत विषयमा तहाँको च.नं. ३४४६ मिति २०७७/०९/२३ को पत्र मार्फत ट्रक ढुवानी यातायात व्यवसायी समितिको नवीकरणका लागि निर्देशन माग भएकोमा नेपाल सरकार(मन्त्रिपरिषद्) बाट मिति २०७५/०१/०४ मा यातायात क्षेत्रसँग सम्बन्धित संघ/संस्था दर्ता/नवीकरण नगर्ने निर्णय भई सोको कार्यान्वयनको लागि मिति २०७५/०१/१० मा मन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र समेत भईसकेको तथा हालसम्म उक्त विषयमा अर्को निर्णय नभएकोले सोही बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ । साथै, उक्त परिपत्र तथा मन्त्रिपरिषद्को निर्णय यसैसाथ संलग्न छन् ।

मोहोदत्त अधिकारी
शाखा अधिकृत

बोधार्थ:
श्री जिल्ला प्रशासन कार्यालय (सबै): जानकारी एवं कार्यार्थ ।

नेपाल सरकार
गृह मन्त्रालय
(स्थानीय प्रशासन शाखा)

फोन नं.: ४२११२०६, ४२००
४२११२६६
फ्याक्स: ०१-४२११२१६

पत्र संख्या:- स्था. प्र. ०७४/७५

प्राप्त पत्र संख्या र मिति:-

च नं :- ४५१२

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति :२०७५/०१/१०

विषय: यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
सबै ।

यातायात क्षेत्रसँग सम्बन्धित संस्थाहरुको दर्ता तथा नवीकरणका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०१/०४ मा भएको निर्णय आवश्यक कार्यान्वियनका लागि पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल

"संस्था दर्ता ऐन, २०३४ र नियमावली, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयहरुमा दर्ता तथा नवीकरण हुँदै आएका यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण जिल्ला प्रशासन कार्यालयहरुबाट नगर्ने नगराउने ।"

२०७५/०१/१०

(नमिता रेग्मी)
शाखा अधिकृत

०७८/१२/१२

विषयः यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति -२०७४।१२।२३ गते ।

१. विषयको संक्षिप्त व्यहोराः
संस्था दर्ता ऐन, २०३४ र नियमावली, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता तथा नवीकरण हुँदै आएका यातायात क्षेत्रसँग सम्बन्धित संस्थाहरुको दर्ता तथा नवीकरणका सम्बन्धमा व्यवस्थापिका-संसद, विकास समितिको बैठक संख्या-१३३, मिति २०७४/०५/०५ को निर्देशानुसार यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको दर्ता तथा नवीकरणका सम्बन्धमा ऐन नियममा आवश्यक संशोधन गरी आवश्यक व्यवस्था मिलाउने ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः X

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः
संस्था दर्ता ऐन, २०३४ र नियमावली, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता तथा नवीकरण हुँदै आएका यातायात क्षेत्रसँग सम्बन्धित संस्थाहरुको दर्ता तथा नवीकरणका सम्बन्धमा व्यवस्थापिका संसद विकास समितिको मिति २०७४/०५/०५ को निर्देशन अनुसार यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको दर्ता तथा नवीकरणका सम्बन्धमा ऐन नियममा आवश्यक संशोधन गरी आवश्यक व्यवस्था मिलाउने भन्ने भएको तर नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/१०/१५ को निर्णयानुसार उक्त संस्थाहरुलाई २०७५ असार मसान्तसम्म नवीकरण गर्ने निर्णय भएको । विद्यमान परिस्थितिलाई मध्यनजर गरी उक्त निर्णयमा संशोधन अनुमति दिनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न माननीय गृहमन्त्रीबाट मिति २०७४/१२/२३ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय सङ्ख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः
संस्था दर्ता ऐन, २०३४ र नियमावली, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयहरुमा दर्ता तथा नवीकरण हुँदै आएका यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण जिल्ला प्रशासन कार्यालयहरुबाट नगर्ने नगराउने ।

मितिः २०७४।१२।२३ गते ।

(मोहनकृष्ण सापकोटा)
सचिव

D:\LOCAL ADMIN_Prastav.doc

नेपाल सरकार

गृह मन्त्रालय

(सूचना प्रविधि शाखा)

फोन नं. ०१-४२११२०४
इमेल: - egov@moha.gov.np

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- 60

सिंहदरबार,
काठमाडौं, नेपाल।
मिति:-२०७७।१०।२६

विषयः- CIMS मा प्रविष्ट भएको नागरिकताको विवरण अध्यावधिक गर्ने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय सबै,

हालसालै नेपाल सरकारबाट परिक्षणको रुपमा संचालनमा आएको नागरिक एपमा नागरिकहरुको कतिपय नागरिकताको विवरण मेल नखाएको कारण एप प्रयोग गर्न कठीनाई भएको भन्ने जनगुनासोलाई दृष्टिगत गरी नागरिकहरुको नागरिकता CIMS मा प्रविष्ट गर्दा भएको त्रुटी Online मार्फत समेत सच्याउन सकिने गरी Online प्रणालीको स्थापना गर्ने प्रकृया अन्तिम चरणमा रहेको छ।

हाल मन्त्रालय अन्तरगत सबै जिल्ला/इलाका प्रशासन कार्यालयहरुमा उक्त प्रणाली सञ्चालन गर्न पर्याप्त जनशक्ति नभएको कुरालाई दृष्टिगत गरी उक्त प्रणाली सञ्चालन गर्न सीपयुक्त जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रमबाट व्यवस्थापन गर्ने गरी केन्द्रीय तहमा समन्वय भएको हुँदा जिल्ला तहमा स्थानीय तहहरु सँग समन्वय गरी त्यस जिल्ला र अन्तर्गत इलाका/सीमा प्रशासन कार्यालयमा समेत आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गरी CIMS मा प्रविष्ट भएको नागरिकताको विवरण देहायमा उल्लेख भए बमोजिम अध्यावधिक गर्ने गराउने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ।

<u>देहाय:</u>

(क) नागरिक सँग भएको नागरिकताको विवरण र कार्यालयमा भएको अभिलेख भिडान भएको तर CIMS मा Entry हुँदा त्रुटी भएकोमा CIMS मा भएको विवरणलाई सच्याई निवेदकलाई Online मार्फत जानकारी दिने।

(ख) नागरिक सँग भएको नागरिकता कार्यालयमा भएको अभिलेख सँग भिडान नभएको अवस्थामा निवेदक स्वयम् कार्यालयमा उपस्थित भई नागरिकतामा भएको त्रुटी सच्याउन सम्बन्धित निवेदकलाई Online मार्फत जानकारी दिने।

(खुमकान्त आचार्य)
उप सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय

मुकाम: बुटवल, नेपाल

प.सं. ०६६।७८
चलानी नं.१२४०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला तथा कानून मन्त्रालय
मुकाम बुटवल, नेपाल

मिति:२०७७।१२।०९

विषय: सचिव बैठकका निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
लुम्बिनी प्रदेश, अन्तर्गत सवै ।

प्रस्तुत विषयमा प्रदेश सरकारका श्रीमान प्रमुख सचिवज्यूको अध्यक्षतामा मिति २०७७।१२।०२ गते बसेको सचिव बैठकवाट "प्रदेश सरकार अन्तर्गतका जिल्ला स्थित कार्यालयहरुको नियमित अनुगमन गर्ने, निर्देशन दिने, कार्यालय प्रमुखलाई नियमित बैठकमा आमन्त्रित गर्ने तथा सोको नियमित प्रतिवेदन यस मन्त्रालयमा पेश गर्न जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने" निर्णय भएकाले सो अनुसार आवश्यक व्यवस्थाको लागी आदेशानुसार अनुरोध छ ।

(देविराम पाठक)
शाखा अधिकृत

फोन नं. ०१-४२११२०४
फ्याक्स:- ०१-४२११२४२
इमेल: - egov@moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
(सूचना प्रविधि शाखा)
गृह मन्त्रालय

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ९९

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति २०७७।१२।२३

विषय:- जनशक्ति व्यवस्था गर्ने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय सबै,
श्री इलाका प्रशासन कार्यालय सबै,
श्री सीमा प्रशासन कार्यालय सबै ।

उपरोक्त सम्बन्धमा हालसालै नेपाल सरकारबाट परिक्षणको रुपमा संचालनमा आएको **Nagarik App** मा नागरिकहरुको कतिपय नागरिकताको विवरण मेल नखाएको कारण **App** प्रयोग गर्न कठिनाई भएको भन्ने जनगुनासोलाइ सम्बन्धित कार्यालय सम्म पुर्याउन **Citizenship Complaint Registration System (CCRS)** तयार गरिएको छ । उक्त **CCRS Application** संचालन गरी सो **System** मार्फत आएको गुनासोहरु तथा सर्वसाधारणले प्रत्यक्षरुपमा सम्बन्धित कार्यालयमा पेश गरेको निवेदन मार्फत आएको गुनासोहरु सम्बोधन गरी **CIMS** मा प्रविष्ट भएको नागरिकताको विवरण सम्बन्धित कार्यालयबाटै सच्याउनका लागि यथाशिघ्र जनशक्ति व्यवस्था गर्न आवश्यक रहेको हुँदा जनशक्ति अभाव रहेका कार्यालयले अर्को व्यवस्था नहुन्जेल सम्म राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको **MIS Operator** बाट कामकाज गराउन मिति २०७७/१२/२० को नेपाल सरकार (सचिव स्तर) निर्णयानुसार अनुरोध छ । साथै त्यस्ता जनशक्तिले सम्पादन गरेको कामको दैनिक रुपमा कार्यालय प्रमुख द्वारा प्रतिवेदन गर्ने र संसोधित विवरणको प्रतिवेदन लिखित रुपमा तयार गरी कार्यालय प्रमुख बाट स्वीकृत गराउने तथा त्यस्ता व्यक्ति सो जिम्मेवारबाट हट्नासाथ **CIMS** मा **password** परिवर्तन गरी **CIMS** मा उनिहरुको पहुँच विच्छेद गर्ने जस्ता कार्य गर्न आवश्यक रहेको व्यहोरा समेत अनुरोध छ ।

२०७७।१२।२३
(लिला बहादुर मगर)
कम्प्यूटर ईन्जिनियर

बोधार्थ
श्री नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा।
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं.:- ०१-४२११२४५
ई-मेल:- nagarikta@moha.gov.np

पत्र संख्या:- नाराप/०७७/७८

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ४६८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति :- २०७८/०१/०५

विषय : नागरिकतामा थर सच्याउने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय (सबै)।

प्रस्तुत विषयमा समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातिय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानविन गरी व्यहोरा मनासिब देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिन सकिने व्यहोराको समय-समयमा गरिएको निर्देशन अवगत नै होला।

मन्त्रालयबाट नागरिकतामा थर सच्याउने सम्बन्धमा भएका निर्देशन अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने व्यहोराको जानकारी नेपाल खड्गी सेवा समितिको प.सं. ५०३ च.नं. ०७७/७८ मिति २०७७/१२/०५ को पत्रबाट प्राप्त भएको हुँदा यस सम्बन्धमा मन्त्रालयबाट समय-समयमा भएको निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुन मिति २०७८/०१/०३ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ।

.....
(संगम सापकोटा)
शाखा अधिकृत

बोधार्थ :

श्री नेपाल खड्गी सेवा समिति, मरुढोका, इन्द्रसभास्थान, काठमाडौं।

नेपाल सरकार

गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

पत्र संख्या:- २०६६१०६८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ६९९

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७८/०१/१२

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः निजी सुरक्षा कम्पनीको नियमन सम्बन्धमा राय।

सुरक्षाजस्तो संवेदनशील विषयसँग सम्बन्धित रहेको निजी सुरक्षा कम्पनीको संख्या र उपस्थिति दिनानुदिन बढ्दै गरेको भएतापनि यस क्षेत्रको नियमनको लागि विशेष कानूनी व्यवस्था नभएको पृष्ठभूमीमा यस मन्त्रालयबाट यस क्षेत्रको प्रभावकारी नियमन के कसरी गर्न सकिएला भनी तयार गरिएको निजी सुरक्षा कम्पनीको नियमन सम्बन्धी अवधारणा पत्र यसैसाथ संलग्न गरी पठाइएको छ। प्रस्तुत अवधारणा पत्र एवम् निजी सुरक्षा कम्पनीको समग्र प्रभावकारी नियमन सम्बन्धमा के कसरी अघि बढ्नु उपयुक्त हुन्छ, नियमनको उद्धेश्य एवम् दायरा (scope) भित्र कुन कुन पक्ष समावेश गर्न बाञ्छनीय छ लगायत नियमनसँग सम्बन्धित अन्य विषयमा नेपालको स्थानीय आवश्यकताको आधारमा अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई अध्ययन विश्लेषण गरी राय उपलब्ध गराइदिनु भनी तहाँमार्फत् सबै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पत्राचार गरिदिनुहुन यस मन्त्रालयको मिति २०७७/१२/२७ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ।

.....
नर्बदा घिमिरे
(शाखा अधिकृत)

बोधार्थः
श्री प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं।
श्री सशस्त्र प्रहरी बल, नेपाल
हलचोक, काठमाडौं।
राष्ट्रिय अनुसन्धान विभाग,
बरफखाग, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

नेपाल सरकार

गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

पत्र संख्या:- २०६८/०७८

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ६९२

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०७८/०१/१२

श्री प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं।
श्री सशस्त्र प्रहरी बल, नेपाल
हलचोक, काठमाडौं।
राष्ट्रिय अनुसन्धान विभाग,
बरफबाग, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषय: निजी सुरक्षा कम्पनीको नियमन सम्बन्धमा राय।

सुरक्षाजस्तो संवेदनशील विषयसँग सम्बन्धित रहेको निजी सुरक्षा कम्पनीको संख्या र उपस्थिति दिनानुदिन बढ्दै गरेको भएतापनि यस क्षेत्रको नियमनको लागि विशेष कानूनी व्यवस्था नभएको पृष्ठभूमीमा मन्त्रालयबाट यस क्षेत्रको प्रभावकारी नियमन के कसरी गर्न सकिएला भनी तयार गरिएको <u>निजी सुरक्षा कम्पनीको नियमन सम्बन्धी अवधारणा पत्र</u> यसैसाथ संलग्न गरी पठाइएको छ। प्रस्तुत अवधारणा पत्र एवम् निजी सुरक्षा कम्पनीको समग्र प्रभावकारी नियमन सम्बन्धमा के कसरी अघि बढ्नु उपयुक्त हुन्छ, नियमनको उद्धेश्य एवम् दायरा (scope) भित्र कुन कुन पक्ष समावेश गर्न बाञ्छनीय छ लगायत नियमनसँग सम्बन्धित अन्य विषयमा नेपालको स्थानीय आवश्यकताको आधारमा अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई अध्ययन विश्लेषण गरी तहाँको राय यथाशिघ्र उपलब्ध गराइदिनुहुन मिति २०७७/१२/२७ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ।

०७८।०१।१२

नर्बदा घिमिरे
(शाखा अधिकृत)

नेपाल सरकार
गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

निजी सुरक्षा कम्पनीको नियमन सम्बन्धी अवधारणा पत्र

पृष्ठभूमी:

नेपालमा सरकारी तथा निजी क्षेत्रका कार्यालय, बैंक/वित्तिय संस्था,पार्क, सिनेमा हल,व्यापारिक भवन जस्ता सार्वजनिक स्थलको सुरक्षाको काममा निजी सुरक्षा कम्पनीहरुले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । आर्थिक गतिबिधिमा बृद्धिसँगै निजी सुरक्षा कम्पनीहरुको सेवाको माग बढ्दोछ । माग बढेसँगै कम्पनीहरुको संख्या पनि बढिरहेको पाइन्छ ।आर्थिक बर्ष २०७६/७७ को अन्त्यसम्ममा नेपालभर दर्ता रहेका यस्ता कम्पनीहरुको संख्या करिब ३५० रहेको अनुमान गरिएको छ।यस सम्बन्धी आधिकारिक तथ्याङ्क समेतको अभाव छ। मन्त्रालयमा प्राप्त अनौपचारिक जानकारी बमोजिम हाल नेपालमा मोटामोटी ४० देखि ४५ हजार कामदारले निजी सुरक्षा कम्पनीमा रोजगारी प्राप्त गरिरहेको र आगामी दिनमा यस्ता सुरक्षा कम्पनी तथा तिनमा कार्यरत जनशक्तिको बृद्धि अझ तीव्र हुने अनुमान सहजै गर्न सकिन्छ।

सुरक्षा सेवा संवेदनशील सेवा हो । सुरक्षा प्रदायक संस्थाहरुको जिम्मेवारी धेरै रहन्छ । यस्ता संस्थाहरुको कार्य प्रभावकारिता भन्नु नै ती संस्थामा कार्यरत जनशक्ति तथा सुरक्षा उपकरणहरुको प्रभावकारी संयोजन हो। महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्ने भएकाले यी कम्पनीहरुको नियमन पनि उत्तिकै आवश्यक देखिन्छ । हाल यस्ता संस्थाहरुको दर्ता कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रुपमा हुने गरेको छ। दर्ता पश्चात सञ्चालन अनुमतिको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने र जिल्ला प्रशासन कार्यालयहरुले गृह मन्त्रालयको स्वीकृति लिई सञ्चालन अनुमति दिने गर्दछन्।एकपटक अनुमति लिईसकेपछि प्रत्येक बर्ष सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुबाट नवीकरण गराउनुपर्ने व्यवस्था रहेको छ ।

यी कम्पनीहरुको भूमिका दिनानुदिन बढ्दै गएको सन्दर्भमा यिनीहरुको नियमनलाई पनि प्रभावकारी र व्यवस्थित बनाउनु पर्ने आवश्यकता टड्कारो बन्दै गएको छ। यसैकारण मन्त्रालयको यस आर्थिक वर्षको वार्षिक कार्ययोजनामा निजी सुरक्षा कम्पनी सम्बन्धी मौजुदा व्यवस्थाको पुनवरालोकन गरी नियमनको लागि आवश्यक ब्यवस्था गर्नुपर्छ भनी प्रस्तुत विषयलाई समावेश गरिएको छ। यस क्षेत्रको नियँमन सम्बन्धमा विभिन्न देशमा प्रचलित अभ्यास समेतको अध्ययनको आधारमा यस क्षेत्रलाई नियमन गर्ने छुट्टै ऐन नै आवश्यक देखी ऐनको मस्यौदा तर्जुमा सम्बन्धी यस अवधारणा पत्र तयार गरिएको हो।

निजी सुरक्षा कम्पनी दर्ता तथा नवीकरण सम्बन्धी विद्यमान व्यवस्था:

निजी सुरक्षा कम्पनीहरुलाई नियमन गर्ने सम्बन्धमा छुट्टै कानूनी व्यवस्था रहेको छैन। कम्पनी रजिष्ट्रारको कार्यालयमा सुरक्षा कम्पनी दर्ताका लागि निवेदन प्राप्त भएपछि उक्त कार्यालयले सम्बन्धित जिल्ला प्रशासन

कार्यालयको राय माग्ने गरेको छ। जिल्ला प्रशासन कार्यालयहरुले जिल्ला प्रहरी कार्यालय र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयबाट समेत प्रतिवेदन लिई कम्पनी रजिष्ट्रारको कार्यालयलाई सहमति दिने वा नदिने निर्णय गर्दछ। यदि कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता भई सञ्चालन अनुमतिका लागि निवेदन प्राप्त हुन आएमा जिल्ला प्रशासन कार्यालयले सुरक्षा समितिको बैठकको निर्णय सहित स्वीकृतिका लागि गृह मन्त्रालय पठाउनु पर्ने हुन्छ । गृह मन्त्रालयबाट प्रहरी प्रधान कार्यालयको राय लिई सकारात्मक राय आएमा सञ्चालन अनुमति दिन स्वीकृति दिने गर्छ। तर राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतको कार्यालयबाट पनि सञ्चालकहरुका सम्बन्धमा प्रतिबेदन लिईसकेको प्राप्त कागजातबाट खुल्न नआएमा मन्त्रालयले उक्त विभागबाट पनि सञ्चालन अनुमति दिने सम्बन्धमा राय लिने गर्ने गर्दछ। कम्पनीहरुलाई निजि सुरक्षा सेवा सञ्चालन अनुमति जारी गर्ने कार्य भने जिल्ला प्रशासन कार्यालयबाट नै हुने गर्दछ । कम्पनीहरुले सञ्चालन अनुमतिपत्र प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यलयबाट नवीकरण गराउने व्यवस्था गरिएको छ। मन्त्रालयबाट देहाय बमोजिमका शर्तको पालना गर्ने/गराउने गरी जिल्ला प्रशासन कार्यालयहरुलाई कार्य सञ्चालन सहमति प्रदान गर्ने स्वीकृति दिइन्छ।

- सुरक्षा गार्डले प्रयोग गर्ने पोशाक नेपालका सरकारी सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल) ले प्रयोग गर्ने जस्तो रंग, डिजाईनका, युनिफर्म,टोपी,दर्ज्यानी चिन्ह लगायत अन्य आर्मव्यच/कलरडक्स/सिटिकर्ड/नेमप्लेट आदिसंग मिल्दोजुल्दो हुन नहुने।
- हातहतियार लिई ड्यूटी गर्न नपाउने।
- सेक्युरिटी प्रयोजनको लागि भर्ना गरेका जनशक्तिको फोटो, अस्थायी/स्थायी वतन, नागरिकता नं., सम्पर्क नं. लगायतको तीनपुस्ते विवरणको लगत राख्नु पर्ने र उक्त अभिलेख नजिकैको प्रहरी कार्यालयमा उपलब्ध गराउनु पर्ने।

<u>कार्य सञ्चालन अनुमति तथा नवीकरण दस्तुर:</u>

निजी सुरक्षा कम्पनीको कार्यसञ्चालन सहमति तथा नवीकरण शुल्कको विषयमा मिति २०७६/०३/०३ को देहायमा उल्लिखित निर्णय (मा. गृहमन्त्रीस्तर) कार्यान्वयनको लागि च.नं ९९४, मिति २०७६/०३/०४ को परित्रपत्रमार्फत् सबै जिल्ला प्रशासन कार्यालयहरुलाई आदेश गरिएको।

- ✓ पूर्ववत निर्णय बमोजिम प्रत्येक निजी सुरक्षा कम्पनीले कार्यसञ्चालन सहमतिको अवधि समाप्त भएको ३ महिनाभित्र कार्यसञ्चालन सहमति नवीकरण गराउने व्यवस्था गर्ने।

- ✓ पूर्ववत निर्णय बमोजिम कार्यसञ्चालन सहमति नवीकरण गर्न आउने कम्पनीहरुलाई प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नियम ७ को उपनियम ४ र ५ बमोजिम दस्तुर लिई नवीकरण गर्ने र नयाँ कार्यसञ्चालन सहमतिको लागि पेश हुने कम्पनीहरुको हकमा सोहि नियमावलीको नियम ४ बमोजिम दस्तुर लिने व्यवस्था गर्ने।
- ✓ एक जिल्ला प्रशासन कार्यालय अन्तर्गत प्रधान कार्यालय रहने सुरक्षा कम्पनीले अर्को जिल्लामा गइ कम्पनीको शाखा स्थापना गर्न चाहेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट कार्य सञ्चालन सहमति लिई शाखा खोल्न सकिने व्यवस्था गर्ने।
- ✓ कार्य सञ्चालन सहमति समाप्त भएको मितिले ६ महिनाभित्र कार्यसञ्चालन सहमति नवीकरण गराउन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन पेश भएमा सुरक्षा निकायको प्रतिवेदन लिई प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नियम ७ को उपनियम ४ र ५ बमोजिम गर्ने र ६ महिनाभित्र समेत कार्यसञ्चालन सहमति नविकरण नगराउने कम्पनीको कार्यसञ्चालन सहमति खारेज गर्ने व्यवस्था गर्ने।

<u>निजी सुरक्षा कम्पनीको नियमनको औचित्य र पुष्टयाई</u>

- हालसम्म निजी सुरक्षा कम्पनीलाई दिइने सञ्चालन अनुमति तथा तिनको नियमनको निमित्त छुट्टै कानूनी व्यवस्था (ऐन/नियमावली/मापदण्ड/कार्यविधि/निर्देशिका आदि) नभएको। नेपालमा दिनानुदिन निजी सुरक्षा कम्पनीको संख्या बढ्दै गएको र तिनको भूमिका प्रत्यक्ष रुपमा सर्वसाधारणको जीउ धनको सुरक्षा जस्तो अत्यन्त संवेदनशील विषयसँग गाँसिएको हुँदा यस क्षेत्रमा गुणस्तर कायम गरी निश्चित शर्त/मापदण्डको पालना गर्नु गराइनु वाञ्छनीय भएको। साथै निजी नै भएपनि यस क्षेत्रले सर्वसाधारणको सुरक्षा, अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न सहयोगी निकायको रुपमा प्रभावकारी भूमिका खेल्न सक्ने संभावनालाई मनन गरी सोही बमोजिम यस क्षेत्रलाई परिचालित गर्ने सम्बन्धमा कानूनी र नीतिगत स्पष्टताको खाँचो भएको छ।
- निजी सुरक्षा कम्पनीलाई कार्य सहमति, नवीकरण एवम् जरिवानाको लागि शुल्क तोकिएको छैन। हालसम्म प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ बमोजिम सहमति/जरिवाना शुल्क लिने गरिएको छ।
- तालीम प्राप्त जनशक्ति र अनुभवी कम्पनी संचालक हुनुपर्ने मान्यता विपरित जो कोहिले सुरक्षा सम्बन्धी कार्य गर्ने अनुमति पाइरहेको अवस्था छ।

- यस क्षेत्रमा कार्यरत जनशक्तिले श्रम ऐन २०७४ र नियमावली २०७५ बमोजिमको सेवा सुविधा नपाएको गुनासो प्राप्त भएका छन्। उनीहरु शोषण र अन्यायमा परेको सुन्नमा आएको छ।
- सि.सि.टि.भि लगायत जडान भएका सुरक्षा उपकरणको विवरण र नियमनको लागि छुट्टै ऐनको व्यवस्था नभएको सन्दर्भमा यसै अन्तर्गत ती विषयलाई समेत समेटी ऐन तर्जुमा हुनु मनासिव देखिन्छ। अन्य देशको अनुभवमा सुरक्षा उपकरण आपुर्ति र जडान लगायतको कार्यमा निजी सुरक्षा कम्पनीलाई अनुमति प्रदान गरी सोको समेत नियमन भएको देखिन्छ। निजी सुरक्षा कम्पनीले आयात/जडान गरेका सुरक्षा उपकरण सम्बन्धी विवरण नियमनकारी निकायलाई बुझाउनु पर्ने कानूनी प्रावधान रहेको पाइन्छ।
- अन्य देशमा bouncer, armed guards, private detective, event security समेतलाई निजी सुरक्षाको दायराभित्र ल्याई नियमन भएको देखिन्छ। नेपालमा bouncer प्रयोग हुने गरेको भएतापनि आधिकारिक रुपमा उनीहरुको काम र कानूनी कर्तब्यबारे नीतिगत व्यवस्था भएको पाइदैन। सुनजस्ता बहुमूल्य सरसामान ओसार पसार र Cash in transit को लागि armed guard बिना बीमा भुक्तानीको दाबी गर्न नमिल्ने व्यवस्थाको कारण अझैपनि नेपाल प्रहरीमै यस सेवाको लागि निर्भर हुनुपरेको गुनासो यस व्यवसायमा संलग्न व्यवसायीको रहेको छ ।
- निजी सुरक्षासँग सम्बन्धित bouncer, armed guards, private detective, event security लगायतको Private Security सँग सम्बन्धित अन्य सेवालाई नेपालको सन्दर्भमा समेत scope, सान्दर्भिकता र औचित्यको आधारमा स्वीकृती प्रदान गरी नियमन हुनुपर्ने देखिन्छ। यसतर्फ थप गृहकार्य र छलफल आवश्यक भएको देखिएको।
- कानून विपरित कार्य गर्ने कम्पनी र कामदारलाई कानूनको दायरामा ल्याई दण्ड सजाय गर्न सकिनेछ।

<u>निष्कर्ष</u>

अतः बढ्दै गरेको निजी सुरक्षा कम्पनीको भूमिका र यस क्षेत्रको नियमनको आवश्यकतालाई मध्यनजर गरी यसतर्फ कानून तर्जुमाको गृहकार्यको लागि यो प्रारम्भिक अवधारणा पत्र तयार पारिएको छ। निजी सुरक्षासँग सरोकार राख्ने सरोकारवाला एवम् नियामक निकायबीच अर्थपूर्ण अन्तर्कृया, परामर्श र छलफलका आधारमा कानून तर्जुमा सम्बन्धी कार्य अगाडी बढाउनु बाञ्छनीय छ। यसै भावलाई प्रस्तुत अवधारणा पत्रमा मनन गरी कार्ययोजना बनाइएको छ। अनुसूची १ मा मस्यौदा तर्जुमा कार्ययोजना राखिएको छ भने अनुसूची २ मा

सामान्य जानकारीको लागि INTRODUCTORY HANDBOOK: STATE REGULATION CONCERNING CIVILIAN PRIVATE SECURITY SERVICES बाट उद्धृत गरिएका महत्वपूर्ण बुँदाहरु समावेश गरिएका छन्।

अनुसूची १

मस्यौदा तर्जुमाको कार्ययोजना

चरण	कार्य विवरण	समयसीमा	जोखिम	कैफियत
I	प्रहरी प्रधान कार्यालय र नेपाल भरका जिल्ला प्रशासन कार्यालयबाट नियमनका लागि के -कस्ता क्षेत्र र विषयवस्तु समावेश गरी कानून मस्यौदा गर्नु मनासिव हुन्छ भनी राय/सुझाव संकलन गर्ने।	२०७७ बैशाख १५	गुणस्तरीय र वस्तुपरक राय/सुझाव प्राप्त नभएमा desirable outcome नआउन सक्ने।	आवश्यक जानकारीको लागि निजी सुरक्षा कम्पनीको विषयमा मन्त्रालयबाट भएका परिपत्र र UN को handbook बाट लिइएको टिपोट समेत संलग्न गरी पठाइनेछ।
II	निजी सुरक्षा कम्पनी र तिनका केन्द्रिय संघ/संगठनसँग राय/परामर्श गर्ने।	२०७७ बैशाख मसान्त	उनीहरुबाट प्राप्त राय/सुझावहरु जायज हुन् वा स्वार्थ प्रेरित छन् भनी यथार्थपरक विश्लेषण गरी जनधन /सार्वजनिक सुरक्षाका सवाललाई केन्द्रमा राखी ऐनको मस्यौदा हुनुपर्नेमा-यसो नहुन पनि सक्ने। साना र ठूला विभिन्न स्तरका कम्पनीको आ-आफ्नै स्वार्थ र चासो रहन सक्ने	

VI
=

			हुँदा सामञ्जस्यता कायम गर्न गाह्रो हुन सक्ने।	
III	विज्ञसँगको छलफल - अन्तर मन्त्रालय छलफल, विज्ञ छलफल तथा परामर्श गरी नियमन गरिनुपर्ने विषय र क्षेत्र एकिन गरिने।	२०७८ बैशाख मसान्त भित्र	प्रथम पटक नियमनको लागि गृहकार्य भइरहेको क्षेत्र भएकाले सार्थक, व्यवहारिक र कार्यान्वयन योग्य राय/सुझाव प्राप्त नहुन सक्ने। तथ्याङ्क र व्यवहारिक जानकारी अभाव हुन सक्ने।	
IV	आम सर्वसाधारणको समेत धारणा/ राय/सुझावको लागि आम सञ्चारको माध्यम तथा मन्त्रालयको वेभसाइट मार्फत् अनुरोध गरिने।	२०७८ जेठ १५ भित्र	Interest Group हावी हुन सक्ने।	
V	मस्यौदा सम्बन्धी कार्य	२०७८ असार मसान्त	राजनीतिक घटनाक्रम ऐन तर्जुमा लगायतको कार्यका लागि सकारात्मक किसिमले विकसित नहुन पनि सक्ने।	मन्त्रालयको कानून महाशाखा एवम् सम्बन्धित मन्त्रालय/निकायको सहयोगमा ऐन मस्यौदा सम्बन्धी कारवाही अगाडि बढाइने।

VII
=

अनुसूची २

Notes Extracted from INTRODUCTORY HANDBOOK: STATE REGULATION CONCERNING CIVILIAN PRIVATE SECURITY SERVICES[1]

Scope of Regulations of Civilian Private Security Services

- Defines civilian private security services
- Defines civilian private security activities and responsibilities, including the obligation to maintain a register that transparently and efficiently provides for the control of installations, CHAPTER II. THE REGULATION OF CIVILIAN PRIVATE SECURITY SERVICES 23 arms, ammunition and related equipment and to ensure that this information is made available to the competent authorities
- Defines any associated powers of providers and personnel of civilian private security services
- Defines activities that providers and personnel of civilian private security services are prohibited from undertaking, strictly limits the use of force and establishes a system to enforce sanctions for infractions
- Ensures that effective regulating mechanisms or bodies are established to oversee the conduct of civilian private security services within national borders, including the oversight of certification and training
- Includes the regular review and evaluation of the effectiveness of the regulations and the introduction of reforms to address any weakness • Includes a code of conduct for personnel of civilian private security companies

Role of Regulators

- Setting standards
- Licensing of employees
- Licensing of security providers
- Enforcement of legislation
- Complaints and sanctions
- Approval of training standard
- Promoting cooperation with the police

Scope of Regulations

[1] For detail information, visit https://www.unodc.org/documents/justice-and-prison-reform/Civilian_Private_Security_Services_Ebook.pdf
https://www.unodc.org/documents/Maritime_crime/19-02086_Private_Security_Company_Handbook_Maritime_Crime_ebook.pdf

Indeed, in Ireland, in addition to door supervisors and security guards, licensing also applies to suppliers or installers of security equipment, private investigators, and security consultants, providers of protected forms of transport, locksmiths and suppliers or installers of safes. British Columbia in Canada is another example of a broad regulator, where the following require licenses: security guards (contract and in-house); armoured-car security guards; alarm installers, salespersons, monitors and responders; CCTV monitors; locksmiths; electronic lock installers; private investigators; and security consultants. At the other extreme are some regulatory regimes which regulate only contract security guarding and/or private investigators, as is the case in several states of the United States.

Minimum Criteria and eligibility

Workers must be above a minimum age (often 19 years; some States also list a maximum age). 56 See E/CN.15/2011/14, para. 35. 34 INTRODUCTORY HANDBOOK: STATE REGULATION CONCERNING CIVILIAN PRIVATE SECURITY SERVICES • Workers should be legally entitled to work in the country (some States restrict security worker licenses to citizens only). • Workers should not have a criminal record (some States permit persons with minor records to be licensed if they have no recent convictions). • Workers must be in good physical and mental health. • Confirmation of residence, and in some instances, past places of residence must be provided. • A specific level of formal education must have attained. • Workers must be able to read, write and speak the national language(s) adequately. • Workers should not be a current or recently serving member of the police, military or other State security or intelligence body. • Social security number or other national identity number must be verified. • Past employment and references must be verified. • Workers must provide proof that they hold a firearms license if the position is armed. • Workers must submit to having their fingerprints taken to accompany a criminal record check. • Workers must undergo pre-employment drug screening. • Workers must undergo a credit check. • Workers must possess the physical ability to perform essential job functions

नेपाल सरकार

गृह मन्त्रालय

ईमेलः vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा

पत्र संख्या: आ.प्र.स.स.व्य. ०७७/०७८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ३९४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७८।०२।०७

विषयः सरकारी/सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा।

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

उपर्युक्त विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं.१३९३ मिति २०७८/।०१।१५ को पत्र मार्फत नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१२।२३ को निर्णय जानकारीका लागि प्राप्त हुन आएकोले सरकारी जग्गा वा सार्वजनिक जग्गाको संरक्षण गर्ने विषयमा मन्त्रिपरिषद्का तपशील बमोजिमका निर्णयहरु जानकारी एवं प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

निर्णयः

क. नेपाल सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्था (प्रचलित कानून बमोजिम स्थापना भएका प्रतिष्ठान, बोर्ड, प्राधिकरण, संस्थान, विकास समिति, विश्वविद्यालय, विद्यालय, स्वास्थ्य संस्था, कम्पनी वा अन्य सार्वजनिक वा गैरसरकारी संस्था) लाई स्वामित्व हस्तान्तरण हुनेगरी वा उपयोग गर्ने गरी उपलब्ध गराइएको सरकारी जग्गा वा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा देहायअनुसार गर्ने गराउने गरी सम्बन्धित सबैलाई निर्देशन गर्न वा आवश्यक व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई स्वीकृति दिनेः

१ नेपाल सरकार बाट प्राप्त जग्गा सार्वजनिक संस्थाले नेपाल सरकारको पूर्व स्वीकृति बिना बेचबिखन गर्न, सट्टापट्टा गर्न, लिजमा दिन वा कुनै प्रकारको सम्झौताबाट अन्य व्यक्ति, संस्था वा निकायलाई प्रयोग गर्न दिन वा कुनैपनि प्रकारले आंशिक वा पुरै हक हस्तान्तरण गर्न र धितो बन्धक राख्न नपाइने ।

२ सार्वजनिक संस्थाका नाममा रहेको वा नेपाल सरकारले सार्वजनिक संस्थालाई उपयोगका लागि उपलब्ध गराइएको त्यस्ता जग्गा सार्वजनिक संस्थाले उद्देश्य अनुरुप उपयोग गरे नगरेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अनुगमन गर्ने र उद्देश्य अनुरुप प्रयोग गरेको नपाइएमा त्यस्तो जग्गा नेपाल सरकारले फिर्ता लिन सक्ने ।

३ सार्वजनिक संस्थाले नेपाल सरकारबाट प्राप्त जग्गाको मूल्याङ्कन गरी आफ्नो कूल सम्पतिको मूल्य कायम गर्न र त्यसको आधारमा कुनै सुविधा वा लाभ निर्धारण गर्न नपाइने ।

४ नेपाल सरकारका कुनैपनि सार्वजनिक संस्थालाई सरकारी वा सार्वजनिक जग्गाको स्वामित्व कायम वा प्रयोग गर्न वा लिजमा दिने सम्बन्धी नेपाल सरकारको निर्णयार्थ प्रस्तुत हुने प्रस्ताव भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमार्फत मात्रै पेश गर्ने र सो मन्त्रालयले त्यसरी उपलब्ध गराइएका जग्गाको अद्यावधिक अभिलेख राख्ने ।

ख. कुनै सार्वजनिक संस्थालाई स्वामित्व हस्तान्तरण वा प्रयोग गर्न उपलब्ध गराइएका सरकारी वा सार्वजनिक जग्गाको संरक्षण गर्ने र उद्देश्य अनुरुप प्रयोग भए नभएको अनुगमन गरी उद्देश्य अनुरुप प्रयोग नभएको अवस्थामा हुने कारवाहीका सम्बन्धमा भूमि सम्बन्धी ऐन, २०२१ मा आवश्यक व्यवस्था गर्न र सो बमोजिम नभए सम्म नेपाल सरकार बाट स्वीकृत कार्यविधि/मापदण्ड स्वीकृत गराई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले लागू गर्न अग्रिम कारवाही गर्ने ।

.....
रामचन्द्र आले
शाखा अधिकृत

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलःcontrol@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७७/०७८/०८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ३२३५

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७८/०२/११

विषयः- प्रतिकार्य अधिकारी मुकरर गरिएको सम्बन्धमा ।

अत्यन्त जरूरी

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०२/१० को निर्णयानुसार कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ बमोजिम तपाईलाई कोभिड-१९ को प्रतिकार्य अधिकारी मुकरर गरिएकोले आवश्यक कार्यसम्पादनका लागि निर्णयानुसार अनुरोध छ ।

(खुमकान्त आचार्य)
उपसचिव

नेपाल सरकार

गृह मन्त्रालय

(सूचना प्रविधि शाखा)

फोन नं. ०१-४२११२०४
फ्याक्स:- ०१-४२११२५२
इमेल: - egov@moha.gov.np

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १२६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०७८।०२।२७

विषय:- CIMS मा भएको नागरिकताको प्रमाणपत्रहरूको विवरणमा भएको त्रुटी सच्याउने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय सबै,
श्री इलाका प्रशासन कार्यालय सबै
श्री सीमा प्रशासन कार्यालय सबै,

उपरोक्त सम्बन्धमा नागरिकहरुले नागरिक एपमा दर्ता हुने तथा एप प्रयोग गर्ने क्रममा नागरिकता विवरण नभेटिएको वा नागरिकता विवरणमा भएका विविध त्रुटिका कारण समस्या देखिएको हुँदा सार्वजनिक सेवालाई सर्वसुलभ , छरितो र प्रविधिमैत्री बनाउनका लागि यस मन्त्रालयले नागरिकहरुको नागरिकता सम्बन्धि गुनासोलाई सम्वन्धित कार्यालयमा पुर्याई सोको सम्बोधनमा सहजीकरण गर्न **Citizenship Complaint Registration System (CCRS) Software** को निर्माण गरी संचालनमा समेत आइसकेको छ । उक्त CCRS प्रणाली मार्फत आएका गुनासोहरुलाई उच्च प्राथमिकताका साथ सम्बोधन गर्न र नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) मा भएको नागरिकता प्रमाणपत्रहरुको विवरणमा भएको त्रुटी सच्याउने सम्बन्धमा मिति २०७८/०२/२६ को नेपाल सरकार (मन्त्रीस्तरीय) निर्णयानुसार देहायबमोजिम हुन अनुरोध छ ।

<u>निर्णयहरू:</u>

(क) CCRS मार्फत् प्राप्त भएको निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको विवरण सम्बन्धित जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयमा रहेको अभिलेख (चलनचल्तीको भाषामा - ढड्डा) मा भिडेको तर उक्त अभिलेखहरू CIMS मा नभिडेको खण्डमा मात्र नागरिकको भौतिक उपस्थिति बिना CIMS मा रहेको विवरण प्रमुख जिल्ला अधिकारी/ ईलाका / सीमा कार्यालय प्रमुखबाट निर्णय गराई सच्याईदिने र उक्त विवरण सच्चिएको जानकारी सम्बन्धित नागरिकलाई CCRS कै Path बाट उपलब्ध गराउने ।

(ख) CCRS मार्फत् प्राप्त भएको नेपाली नागरिकताको प्रमाणपत्रको अंग्रेजी नामथर CIMS मा रहेको अंग्रेजी नामथरसँग मेल नखाएमा सम्बन्धित जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयमा रहेको अभिलेखमा निवेदकको अंग्रेजी नामथर भिडेको अवस्थामा नागरिकको भौतिक उपस्थिति बिना CIMS मा रहेको विवरण प्रमुख जिल्ला अधिकारी/ ईलाका / सीमा कार्यालय प्रमुखबाट निर्णय गराई सच्याईदिने । निवेदकसँग रहेको नेपाली नागरिकताको प्रमाणपत्रमा अंग्रेजीमा नामथर नरहेको तर CIMS मा

१ of 2

नेपाल सरकार
गृह मन्त्रालय
(सूचना प्रविधि शाखा)
फोन नं. ०१-४२११२०४
फ्याक्स:- ०१-४२११२५२
इमेल: - egov@moha.gov.np

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

गलत नामथर प्रविष्टि भएको वा अंग्रेजीमा नामथर प्रविष्ट नभएको अवस्थामा निवेदकलाई राहदानी वा एस.एल.सी. वा सोभन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गर्न लगाई सोमा भएको अंग्रेजी नामथर बमोजिम CIMS को अंग्रेजी नामथरको महलमा सच्याईदिने वा अद्यावधिक गरिदिने । उक्त विवरण सच्चिएको जानकारी सम्बन्धित नागरिकलाई CCRS कै Path बाट उपलब्ध गराउने ।

(ग) बुँदा नं. (क) र (ख) मा उल्लेख भएबाहेक नेपाली नागरिकताको प्रमाणपत्रमा संशोधनको लागि निवेदन पर्न आएमा (नागरिकको सक्कल नेपाली नागरिकताको प्रमाणपत्रमा भएको विवरण नै संशोधन गर्नु परेमा वा अद्यावधिक गर्नुपरेमा) प्रचलित नागरिकता ऐन/नियम/कार्यविधि/ निर्देशिका बमोजिम नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी लिन आवश्यक भएकोले स्थानीय तहको सिफारिस तथा आधार/प्रमाणहरू सहित भौतिक रुपमा नै सम्बन्धित जिल्ला/ईलाका/सीमा प्रशासन कार्यालयमा उपस्थित भई आवश्यक प्रक्रिया पुर्याइ संशोधित प्रतिलिपी लिनू भन्ने जानकारी नागरिकलाई CCRS कै Path बाट उपलब्ध गराउने ।

(घ) माथि 'क' 'ख' र 'ग' बमोजिम CIMS मा भएको नागरिकताको विवरण सच्याउन सक्ने गरी प्र.जि.अ./इ.प्र.का./सी.प्र.का. प्रमुखलाई मन्त्रालयको सूचना प्रविधि शाखाले भाद्र मसान्त सम्मका लागि पहुँच दिने। सो पहुँचको लागि प्राविधिक पक्षको व्यवस्था मिलाउन केहि समय लाग्ने हुँदा सो अवधिसम्म हाल गरिरहेको प्रक्रिया अनुसार नै मन्त्रालयमा पत्राचार गरी सूचना प्रविधि शाखासँग समन्वय गरी विवरण सच्याउने कार्य गर्नुपर्ने। सच्याइएको विवरणको पाक्षिक (हरेक १५ दिनको) प्रतिवेदन प्रजिअ/इ.प्र.का./सी.प्र.का. प्रमुखबाट प्रमाणित गराई सम्बन्धित कार्यालयमा राख्ने र मन्त्रालयमा पठाउने।

२०८२/०२/२८
(लिला बहादुर मगर)
कम्प्यूटर ईन्जिनियर

2 of 2

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलःcontrol@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः-
शा.सु.०७७/०७८/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४२२१

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७८/०३/१८

विषयः राहत सामाग्री वितरण बारे ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा मनसुनजन्य विपद् प्रभावित व्यक्तिहरुका लागि राहत सामग्री वितरणको कार्य एकद्वार प्रणाली मार्फत समन्वयात्मक रुपमा गर्न बढी प्रभावकारी हुने देखिएकोले यस्ता राहत सामग्री वितरण गर्दा अनिवार्य रुपमा स्थानीय प्रशासन तथा स्थानीय तहको समन्वयमा मात्र गर्न र आफूखुसी वितरण नगर्ने नगराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

२०७८/०३/१८
(सम्राट थापा मगर)
शाखा अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

मुकाम: बुटवल, नेपाल

पत्र संख्या: २०७७/०७८

चलानी नं.: ४४१

मितिः २०७८/०३/१९

श्री जिल्ला प्रशासन कार्यालय सबै, लुम्बिनी प्रदेश।
श्री स्वास्थ्य कार्यालय सबै, लुम्बिनी प्रदेश।
श्री स्थानीय तह सबै, लुम्बिनी प्रदेश।

प्रदेश सरकार लुम्बिनी प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुकाम बुटवल, नेपाल

विषयः राहत रकम उपलब्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा कोभिड-१९ संक्रमणका कारण मृत्यु भएका मृतकका परिवारलाई प्रति मृतक रु एक लाखका दरले राहत उपलब्ध गराउने भनि प्रदेश सरकार लुम्बिनी प्रदेश मन्त्रिपरिषदबाट मिति २०७७/०२/२० मा निर्णय भए बमोजिम यस मन्त्रालयको मिति २०७७/०९/१९ को पत्रबाट परिपत्र भईसकेकोमा सो सम्बन्धमा थप खुलाई पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

तपसिलः-

१. मृत्यु भएका मृतकको परिवारले सम्बन्धित स्थानीय तहमा मृत्यु दर्ता गराई सम्बन्धित पालिकाको स्वास्थ्य महाशाखा/शाखा वा कोभिड फोकल पर्सनलाई सो व्यहोराको जानकारी गराई मृतकको विवरण अद्यावधिक गर्नुपर्ने।
२. स्थानीय तहले बुँदा नं. १ बमोजिमको अद्यावधिक रेकर्ड तयार पारी सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (जिल्ला प्रशासन कार्यालय)मा पठाउनु पर्ने।
३. कोभिड-१९ संक्रमणको पुष्टि भएको प्रयोगशालाको पिसिआर रिपोर्ट, कोभिड-१९ का कारण मृत्यु भएको भनि चिकित्सक वा स्वास्थ्यकर्मीबाट भएको सिफारिस (होम आईसोलेसनमा रही मृत्यु भएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस), मृत्यु दर्ता प्रमाण पत्र सहितका कागजातहरु संलग्न गरी मृतकको परिवारले जिल्ला प्रशासन कार्यालयमा निवेदन पेश गर्नुपर्ने।
४. आफ्नो जिल्ला भित्रका स्थानीय तहबाट प्राप्त बुँदा नं. २ बमोजिमको रेकर्ड एकमुष्ठ रुपमा तयार गरी स्वास्थ्य कार्यालयहरुले जिल्ला प्रशासन कार्यालय (DCCMC) मार्फत स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्ने।
५. स्वास्थ्य निर्देशनालयले मातहतका स्वास्थ्य कार्यालयहरुबाट (DCCMC) मार्फत प्राप्त रेकर्ड एकमुष्टरुपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय लुम्बिनी प्रदेश बुटवलमा पठाउने व्यस्था मिलाउने।
६. यसरी प्राप्त रेकर्ड अनुसार मृतकको नजिकको नातेदारलाई रकम उपलब्ध गराउने प्रयोजनार्थ मृतकको संख्याको आधारमा प्रदेश सरकारले कोभिड कोषबाट एकमुष्ठ रुपमा राहत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउनेछ।
७. कोभिड-१९ संक्रमणको भएको भनि पुष्टी हुने प्रयोगशालाको पिसिआर रिपोर्ट, कोभिड-१९ का कारण मृत्यु भएको भनि चिकित्सक वा स्वास्थ्यकर्मीबाट भएको सिफारिस (होम आईसोलेसनमा रहि मृत्यु भएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस), मृत्यु दर्ता प्रमाण पत्र सहितका कागजातहरुको आधारमा जिल्ला प्रशासन कार्यालयले मृतकको नजिकको हकदारलाई प्रति मृतक एक लाखका दरले रकम उपलब्ध गराउने व्यवस्था मिलाउने।

(संजय ज्ञवाली)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

आर्थिक प्रशासन शाखा

फोन नं. ४२११२३४
e-mail:account@moha.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:०७७।७८

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

मिति: २०७८।३।३१

विषय :- बजेट बक्तव्यको बुँदा ६२ को कार्यान्वयन सम्वन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौ ।
श्री सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, हल्चोक, काठमाडौ ।
श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाडौ ।
श्री कारागार व्यवस्थापन विभाग ,कालिकास्थान, काठमाडौ ।
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग,सिंहदरवार, काठमाडौ ।
श्री प्रहरी किताबखाना, लैनचौर, काठमाडौ ।
श्री जिल्ला प्रशासन कार्यालय,सवै ।
श्री ईलाका प्रशासन कार्यालय,सवै ।
श्री सीमा प्रशासन कार्यालय,सवै ।
श्री जुद्ध वारुण यन्त्र कार्यालय, भक्तपुर ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं.स.स./२०७७।०७८ च.नं.१००८ मिति २०७८।३।२९ को पत्रानुसार आ.व. २०७८।७९ को बजेट बक्तव्यको बुँदा ६२ मा "सरकारी र सरकारी स्वामित्वका निकायको घर,गोदाम वा जग्गा भाडामा लिई व्यवसाय गरेका व्यवसायीहरुले निपेधाज्ञा अवधिको भुक्तानी गर्नुपर्ने भाडामा ५० प्रतिशत सम्म छुट दिने व्यवस्था मिलाईनेछ" भन्ने उल्लेख भए बमोजिम उक्त बुँदा कार्यान्वयनका लागि सरकारी र सरकारी स्वामित्वका निकायहरुको घर वा जग्गा भाडामा लिई व्यवसाय गरेका व्यवसायीहरुको निपेधाज्ञा अवधीमा बन्द भएका व्यवसायका हकमा सम्वन्धित निकायले आवश्यकता र औचित्य समेतलाई विचार गरी सो अवधीको भुक्तानी गर्नुपर्ने भाडा रकममा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था मिलाउन सम्वन्धित निकायहरुलाई परिपत्र गर्नुहुन भनि लेखि आएको हुंदा सोही बमोजिम गर्नु/ गराउनु हुन आदेशानुसार अनुरोध छ ।

शालिकराम पराजुली
लेखा अधिकृत

नेपाल सकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७८/०७९

चलानी नं: १७६

मिति २०७८/०४/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबै ।

श्री प्रदेशका मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै

श्री स्थानीय तह सबै ।

विषय : कार्यसम्पादन मूल्यांकन सम्बन्धमा ।

प्रस्तुत बिषयमा २०७६/०४/१६ को नेपाल सरकार(मन्त्रिपरिषद्को) को बैठकको निर्णयानुसार यस मन्त्रालयको च.नं. २०० मिति २०७६/०४/३० को अनूसूचि १ देखि ४ र च.नं. २१५ मिति २०७६/०५/०४ बुदाँ नं. १ र २ को कार्यसम्पादन मूल्यांकन गर्ने सम्बन्धमा भएको परिपत्र अनुसार नै आ.व. २०७७/७८ को कार्यसम्पादन मूल्यांकन गर्नु गराउनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७८/०४/३२ को निर्णयानुसार अनुरोध छ ।

तुलसी भट्टराई
शाखा अधिकृत

बोधार्थः-

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गर्नुहुन ।

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी नं: 200

मिति:- २०७६/०४/३०

श्री प्रदेशका मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै
श्री स्थानीय तह सबै ।

विषय:- समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन सम्बन्धमा।

प्रस्तुत विषयमा स्थानीय तथा प्रदेश सरकारमा समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने सम्बन्धमा मिति २०७६/०४/१६ को नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकको निर्णयानुसार देहाय (अनुसूची -१ देखि अनुसूची -४) बमोजिम कार्यान्वयन हुन अनुरोध छ।

(जगत प्रसाद भुसाल)
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा: Website मा Upload गरिदिनु हुन ।

कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ एवम् यथार्थपरक बनाई तोकिएको लक्ष्य हासिल गर्न सेवा, शर्तसंग सम्बन्धित कानूनी व्यवस्थाका अतिरिक्त देहायमा उल्लेखित बुंदाहरु बमोजिम कार्य सम्पादन मूल्याङ्कन गर्ने/गराउने व्यवस्था मिलाउने ।

१.१ कार्य सम्पादन सम्झौता गरेका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा सो सम्झौतामा उल्लेखित लक्ष्य र त्यसमा हासिल भएको प्रगति, कार्यालयको समग्र कार्य सम्पादनको स्तर तथा कार्य विवरणलाई आधार लिई कार्य सम्पादन मूल्याङ्कन गर्ने।

१.२ कार्य सम्पादन सम्झौता नगरिएको तर वार्षिक लक्ष्य तोकिएको हकमा उक्त निकायमा कार्यरत कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य विवरण, आ.व २०७५/७६ को लागि निर्धारित लक्ष्य र त्यसको प्रगति समेत कार्य सम्पादन मूल्याङ्कन गर्ने।

१.३ कार्य सम्पादन मूल्याङ्कन गर्दा संगठनको समग्र कार्य सम्पादनको अवस्था, सेवा प्रवाहमा गरिएको सुधार, कुनै नवप्रवर्तनीय काम भएको भए सो को प्रगति, पूँजीगत खर्च लगायत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था, भौतिक उपलब्धि, बेरुजु फछ्यौंट र वित्तीय अनुशासन तथा गत वर्षको तुलनामा हासिल भएको प्रगतिलाई समेत आधार लिने ।

१.४ कार्य सम्पादन मूल्याङ्कन गर्दा उल्लेखित विषयलाई आधार लिए नलिएको सम्बन्धमा सुपरिवेक्षकको मूल्याङ्कनलाई पुनरावलोकनकर्ता तथा पुनरावलोकनकर्ताको मूल्याङ्कनलाई पुनरावलोकन समिति वा सम्बन्धित माथिल्लो अधिकारीले अनुगमन गर्ने।

१.५ कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजामती सेवा नियमावली २०५० को नियम ७८ ग को उपनियम (३)को व्यवस्था बमोजिम गर्ने।

१.६ निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम (४) अनुसारको पुनरावलोकन समितिबाट राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा उपर्युक्त विषयवस्तुलाई आधार लिने।

यादवप्रसाद कोइराला
सचिव

नेपाल स्वास्थ्य सेवा, नेपाल व्यवस्थापिका संसद सेवा र अन्य सरकारी सेवाबाट समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा थप देहाय बमोजिम गर्ने

२.१ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सरकारी सेवाका कर्मचारीहरु प्रदेश तथा स्थानीय सरकारमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुका कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा र मूल्याङ्कन विधी साविक कै सेवा, शर्त र सुविधा सम्बन्धी कानूनी व्यवस्था बमोजिम हुनेछ । तर सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति यसै बमोजिम हुनेछ ।

२.२ स्थानीय स्वायत्त शासन ऐन, विकास समिति ऐन, विशेष ऐन लगायत अन्य ऐन बमोजिम नियुक्त भएका कर्मचारीहरुका कार्य सम्पादन मूल्याङ्कन फारामको ढाँचा र मूल्याङ्कन विधी समेत साविक कै सेवा, शर्त र सुविधा सम्बन्धी कानूनी व्यवस्था बमोजिम हुनेछ । तर सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति यसै बमोजिम हुनेछ ।

यादवप्रसाद कोइराला
सचिव

अनुसूची -३

प्रदेश तहमा समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन देहाय बमोजिम गर्ने

प्रदेश तहमा समायोजन भएका सबै सेवा समूहका कर्मचारीहरुले प्रत्येक वर्ष श्रावण ७ गते भित्र ४ (चार) प्रति कार्य सम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित मन्त्रालय, प्रदेश सभा सचिवालय, निर्देशनालय र कार्यालयमा दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गर्ने।

३.१ प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालय र प्रदेश अन्तर्गतका निर्देशनालय लगायतका कार्यालयहरुमा कार्यरत सहायकस्तर पाँचौ तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि सम्बन्धित सचिव/निर्देशक/कार्यालय प्रमुखले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी- सुपरिवेक्षक

सम्बन्धित सचिव/निर्देशक/कार्यालय प्रमुखले तोकेको कम्तिमा अधिकृतस्तर आठौं तहको कर्मचारी- पुनरावलोकन कर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित सचिवले तोकेको अधिकृतस्तर नवौं तहको कर्मचारी वा सम्बन्धित निर्देशनालय/कार्यालय प्रमुख- अध्यक्ष

सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य

सम्बन्धित सुपरिवेक्षक- सदस्य

३.२ प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालय र प्रदेश अन्तर्गतका निर्देशनालय लगायतका कार्यालयहरुमा कार्यरत अधिकृतस्तर आठौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि सम्बन्धित सचिव/निर्देशकले तोकेको कम्तिमा अधिकृतस्तर नवौं तहको कर्मचारी वा कार्यालय प्रमुख- सुपरिवेक्षक

सम्बन्धित सचिवले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी वा सम्बन्धित निर्देशनालयको निर्देशक वा कार्यालय प्रमुख- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्रांकित प्रथम श्रेणी/ एघारौं तहको प्रदेश सचिव- अध्यक्ष

सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य

सम्बन्धित सुपरिवेक्षक- सदस्य

सम्बन्धित मन्त्रालय/सचिवालयको सचिव नभएको अवस्थामा प्रमुख सचिवले तोकेको प्रदेश स्तरीय अन्य मन्त्रालयको सचिवलाई पुनरावलोकन समितिको अध्यक्ष तोक्नेछ । यसरी तोकिएको सचिवले सम्बन्धित सचिवले तोक्नु पर्ने सुपरिवेक्षक एवम् पुनरावलोकनकर्ता समेत तोक्नेछ ।

डा. [illegible] पौडेराला
सचिव

३.३ प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालय र प्रदेश अन्तर्गतका निर्देशनालय लगायतका कार्यालयहरुमा कार्यरत अधिकृतस्तर नवौं /दशौं तहका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि सम्बन्धित मन्त्रालय/सचिवालयको राजपत्राङ्कित प्रथम श्रेणी/ अधिकृतस्तर एघारौं तहको सचिव-

सुपरिवेक्षक

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले तोकेको राजपत्रांकित प्रथम श्रेणी/अधिकृतस्तर एघारौंतहको सचिव-

पुनरावलोकनकर्ता

देहाय बमोजिम पुनरावलोकन समिति गठन गर्ने

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव-

अध्यक्ष

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले तोकेको राजपत्राकित प्रथम श्रेणी/अधिकृतस्तर एघारौंतहको सचिव-

सदस्य

सम्बन्धित प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्रांकित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको प्रदेश सचिव-

सदस्य

सम्बन्धित प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको प्रदेश सचिव नभएको अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले सुपरिवेक्षक तथा पुनरावलोकन समितिको सदस्य तोक्नु पर्नेछ ।

यसरी पुनरावलोकन समितिबाट मूल्याङ्कन गरिएका कार्य सम्पादन मूल्याङ्कन फारामहरु १/१ प्रति लोक सेवा आयोग, बढुवा समितिको सचिवालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्ने छ र बाकी एक प्रति फाराम सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ ।

पुनश्च- सम्बन्धित प्रदेश प्रमुखको कार्यालय, प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्रांकित प्रथम श्रेणी/एघारौं तहका प्रदेश सचिवको कार्य सम्पादन मूल्यांकनको सुपरिवेक्षक सम्बन्धित प्रदेशको प्रमुख सचिव हुनेछ । पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्यांकनका लागि नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

[illegible] कोइराला
सचिव

स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन देहाय बमोजिम गर्ने

स्थानीय तहमा समायोजन भएका सबै कर्मचारीहरुले प्रत्येक वर्ष श्रावण ७ गते भित्र ४ (चार) प्रतिकार्य सम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित स्थानीय तहको कार्यालयमा दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गर्ने।

४.१ गाउँ/नगर कार्यपालिकाका सहायकस्तर चौथो तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर छैटौं तहको कर्मचारी- सुपरिवेक्षक
प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी-

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ — पुनरावलोकनकर्ता
प्रमुख प्रशासकीय अधिकृत- — अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी- — सदस्य
सम्बन्धित सुपरिवेक्षक- — सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा जिल्ला समन्वय अधिकारी (रा.प.द्वितीय श्रेणी) ले सम्भव भए सम्म सम्बन्धित स्थानीय तह के सुपरिवेक्षक र पुनरावलोकनकर्ता तोक्नेछ । प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी दुवै नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति तोक्नेछ ।

४.२ गाउँ कार्यपालिकाका सहायक स्तर पाँचौं र अधिकृतस्तरका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृत-
जिल्ला समन्वय अधिकारी- — सुपरिवेक्षक
पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ — पुनरावलोकनकर्ता
सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी- — अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत- — सदस्य
सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत- — सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा जिल्ला समन्वय अधिकारी (राजपत्राङ्कित द्वितीय श्रेणी) ले तोकेको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतले सुपरिवेक्षक र पुनरावलोकन समितिको सदस्यको रुपमा कार्य गर्नेछ । प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी (राजपत्राङ्कित द्वितीय श्रेणी) दुवै नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको कम्तिमा अधिकृतस्तर नवौं तहको कर्मचारी सुपरिवेक्षक र अधिकृतस्तर दशौं तहको कर्मचारी पुनरावलोकनकर्ता हुनेछ । यसरी तोकिएका कर्मचारी पुनरावलोकन समितिमा अध्यक्ष र सदस्य हुनेछन् ।

४.३ नगर कार्यपालिकाका पाँचौं देखि नवौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि
प्रमुख प्रशासकीय अधिकृत-
जिल्ला समन्वय अधिकारी- — सुपरिवेक्षक
पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी- अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारीले सुपरिवेक्षक र पुनरावलोकन समितिको सदस्यको रुपमा कार्य गर्नेछ । प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी (राजपत्राङ्कित द्वितीय श्रेणी) दुवै नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी सुपरीवेक्षक र राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको कर्मचारी पुनरावलोकनकर्ता हुनेछ । प्रमुख जिल्ला अधिकारीले राजपत्रांकित द्वितीय श्रेणीको कर्मचारी तोक्न सक्ने अवस्था विद्यमान नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले अधिकृतस्तर दशौं तहको कर्मचारीलाई तोक्ने छ । तोकिएका कर्मचारी पुनरावलोकन समितिमा अध्यक्ष र सदस्य हुनेछन् ।

४.४ नगर कार्यपालिकाका दशौं तहका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृत- सुपरिवेक्षक
सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको अधिकृत - पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित प्रदेशको प्रमुख सचिव- अध्यक्ष
सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको अधिकृत- सदस्य
प्रमुख प्रशासकीय अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको अधिकृतलाई सुपरिवेक्षक र पुनरावलोकन समितिको सदस्य तोक्नेछ ।

४.५ उपमहानगर कार्यपालिका/महानगर कार्यपालिकाका सहायकस्तर पाँचौं तह सम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी- सुपरिवेक्षक
प्रमुख प्रशासकीय अधिकृतले तोकेको राजपत्राङ्कित तृतीय श्रेणी / अधिकृतस्तर आठौं तहको कर्मचारी- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तर नवौं तहको कर्मचारी- अध्यक्ष
सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य
सम्बन्धित सुपरिवेक्षक- सदस्य

उपमहानगरपालिकामा राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले समेत उल्लेखित कार्य सम्पादन मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

४.६ उपमहानगर कार्यपालिका/ महानगर कार्यपालिकाका अधिकृतस्तर नवौं तह सम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी- सुपरिवेक्षक

प्रमुख प्रशासकीय अधिकृत- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी- सदस्य

सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत- सदस्य

उपमहानगरपालिकामा राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले समेत उल्लेखित कार्य सम्पादन मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

४.७ उपमहानगरकार्यपालिका/ काठमाण्डौ महानगरपालिका बाहेकका महानगर कार्यपालिकाका दशौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृत- सुपरिवेक्षक

सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथमश्रेणी/ अधिकृतस्तर एघारौं तहको अधिकृत- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित प्रदेशको प्रमुख सचिव- अध्यक्ष

सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथम श्रेणी /अधिकृतस्तर एघारौं तहको अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत राजपत्राङ्कित प्रथम श्रेणीको नभएको अवस्थामा एउटै सेवाका प्रमुख प्रशासकीय अधिकृत र दशौं तहका कर्मचारी कार्यरत भएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले सुपरीवेक्षक र पुनरावलोकनकर्ताको कार्य गर्नेछ ।

बाबु प्रसाद कोइराला
सचिव



४.८ काठमाण्डौ महानगर कार्यपालिकाका दशौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथमश्रेणी/ अधिकृतस्तर एघारौं तहको अधिकृत-

प्रमुख प्रशासकीय अधिकृत- सुपरिवेक्षक

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित प्रदेशको प्रमुख सचिव- पुनरावलोकनकर्ता

प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथमश्रेणी/ अधिकृतस्तर एघारौं तहको अधिकृत- सदस्य

सदस्य

यसरी पुनरावलोकन समितिबाट मूल्याङ्कन गरिएका कार्य सम्पादन मूल्याङ्कन फारामहरु १/१ प्रति लोक सेवा आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बहुवा शाखा, प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ र बांकी एक प्रति फाराम सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ ।

पुनश्च प्रमुख प्रशासकीय अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम नियमानुसार सुपरिवेक्षण तथा पुनरावलोकनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

यादवप्रसाद कोइराला
सचिव

नेपाल सरकार

गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २१५

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७८/०५/१०

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

मिति २०७८/०५/०९ गते विहान श्रीमान् सचिवज्यू र प्रमुख जिल्ला अधिकारीहरुबीच भर्चुअल बैठक सम्पन्न भई श्रीमान् सचिवज्यूबाट समसामयिक विषयमा सबै प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन भएको व्यहोरा विदितै छ । प्रमुख जिल्ला अधिकारी सम्बन्धित जिल्लाको लागि नेपाल सरकारको सर्वोच्च प्रतिनिधि भएको हुनाले राज्यको महत्वपूर्ण जिम्मेवारी सक्षम, निष्पक्ष, ईमान्दारी र जवाफदेही पूर्वक निर्वाह गर्ने सन्दर्भमा श्रीमान् सचिवज्यूबाट बैठकमा निर्देशन भएका तपसिलका विषयहरुको कार्यान्वयन गर्न गराउनु हुन मिति २०७८/०५/१० (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. शान्ति सुरक्षा तथा अपराध नियन्त्रणः

- जिल्लामा कार्यरत सुरक्षा निकायहरुबीच आपसी विश्वास र समझदारी कायम गरी सुरक्षा व्यवस्था मजवुत बनाउने ।
- जिल्लामा घट्न सक्ने आपराधिक गतिविधिको निगरानी र नियन्त्रण गर्ने ।
- आपराधिक पृष्ठभूमिका व्यक्ति तथा समूहको पहिचान गरी निगरानी बढाउने ।
- हिंसात्मक तथा आपराधिक घटना घट्न सक्ने स्थान, क्षेत्रको पहिचान विश्लेषण गरी सुरक्षा संवेदनशीलताको आधारमा सुरक्षाकर्मीहरु खटाउने ।
- विभिन्न संघ, संस्था, राजनीतिक समूह लगायतको नाममा हुनसक्ने चन्दा संकलनको निगरानी तथा नियन्त्रण गर्ने । त्यस्ता गतिविधिमा संलग्नलाई कानून वमोजिम कारवाही गर्ने ।
- अपराध पीडितको संरक्षण, अनुसन्धान र न्यायका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने।
- सूचनाको प्राप्ति, विश्लेषण र आदन प्रदानमा विशेष जोड दिई विश्वसनीय र महत्वपूर्ण सूचनाहरु मन्त्रालयमा रिपोर्टिङ गर्ने ।
- विभिन्न चाडपर्वहरुको याम शुरु भएकोले जिल्लाहरुको विशिष्टताको आधारमा चाडपर्व केन्द्रित सुरक्षा योजना बनाई कार्यान्वयन गर्ने गराउने । चाडपर्वको क्रममा मानिसहरुको आवतजावत र भीडभाडका कारण कोरोना महामारी नियन्त्रण र रोकथाममा पर्न सक्ने नकारात्मक असरको न्यूनीकरणको लागि आवश्यक सतर्कता अपनाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

- चाडपर्वको समयमा कालोबजारी, रिलेबलिङ, मूल्यवृद्धि, जम्माखोरी लगायतका गैरकानूनी कार्यहरु हुनसक्ने सन्दर्भलाई ध्यानमा राखी नियमित बजार अनुगमन गरी उपभोक्ताहरु नठगिने व्यवस्था मिलाउने । त्यस्ता गतिविधिमा संलग्न जो कोहीलाई कानून बमोजिम कारवाही गर्ने ।

२. सेवा प्रवाह र विकास निर्माणमा समन्वयः

- कार्यालयबाट प्रवाह हुने सेवा सरल, सहज, गुणस्तरीय र प्रभावकारी रुपमा उपलब्ध गराउने।
- जिल्लामा रहेका नेपाल सरकारका कार्यालयहरुका अतिरिक्त प्रदेश सरकारका कार्यालयहरु र स्थानीय तहहरुसँग समेत समन्वय गरी सार्वजनिक सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन विशेष पहल गर्ने ।
- नागरिकका गुनासाहरु तत्काल उपयुक्त ढंगले सम्बोधन गर्ने व्यवस्था मिलाउने ।
- निश्चित समयको अन्तरालमा जिल्लामा कार्यरत सुरक्षा निकायहरु र अन्य कार्यालयहरु समेतलाई समेटी नागरिक सुनुवाई/सार्वजनिक सुनुवाई गर्ने, गराउने ।
- सुरक्षा, विकास र सुशासनलाई संयोजित रुपमा प्राथमिकतामा राखी विकास निर्माण कार्यमा आवश्यक समन्वय र सहजिकरण गर्ने जिल्लाका लागि अत्यावश्यक र रणनैतिक महत्व राख्ने पूर्वाधार तथा विकास निर्माणका परियोजनाहरुको पहिचान र कार्यान्वयनमा समन्वय र सहजिकरण गर्ने ।

३. विपद र कोभिड-१९ महामारी व्यवस्थापन

- जिल्लाको विपद् जोखिमको अवस्थाको विश्लेषण गरी विपद्को घटनाबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरणको लागि पूर्व तयारी र प्रतिकार्यको समन्वय र व्यवस्थापन गर्ने ।
- विपद्बाट पीडित परिवारलाई विपद् पीडित उद्दार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ बमोजिमको राहत तत्काल उपलब्ध गराउने । राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन कोषमा रकम न्यून भएमा अविलम्ब माग गर्ने ।
- कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणको लागि सक्रियता पूर्वक कार्य गर्ने । आवश्यकता अनुसार कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट स्वीकृत स्मार्ट लकडाउन (Smart Lockdown) सम्बन्धी कार्यविधि, २०७८ बमोजिम स्मार्ट लकडाउनको कार्यान्वयन गर्ने गराउने । स्मार्ट लकडाउनको कार्यान्वयन गर्दा अन्तर आवद्धताको आधारमा छिमेकी जिल्लाहरुसँग समेत आवश्यक समन्वय गर्ने ।
- कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई नेपाल सरकारको नीति र मापदण्ड बमोजिम प्रभावकारी बनाउन समन्वयन र सहजीकरण गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

४. अनुगमन तथा प्रतिवेदनः

- जिल्ला सदरमुकाम भन्दा बाहिरका विभिन्न स्थानमा गई वस्तुस्थिति, विकास निर्माणका कार्यहरु, समस्याहरु बुझ्ने, नागरिकहरुसँग अन्तरक्रिया गर्ने र समस्याहरुको समाधानका लागि समन्वय गर्ने ।
- जिल्ला राजश्व चुहावट अनुगमन समितिको नियमित बैठक राखी सीमा नाकाबाट हुने चोरी, तस्करी र अवैध आयात निर्यातको निगरानी र कडाईका साथ नियन्त्रण गर्ने ।
- जिल्लामा क्रियाशिल गैर सरकारी संघ, संस्थाहरुको कार्यक्रम र गतिवधिको निगरानी र अनुगमन गर्ने । धर्मका नाममा भएका अपारदर्शी लगानी र अतिवादी धार्मिक गतिविधिको निगरानी राख्ने ।
- मन्त्रालयलाई नियमित रुपमा गर्नुपर्ने प्रतिवेदन र जाहेरी प्रभावकारी ढंगले गर्ने । मन्त्रालयबाट माग भएका विवरणहरु तोकिएको समयभित्रै अनिवार्य पठाउने ।मन्त्रालयबाट आवश्यक छानविन र कारवाहीका लागि लेखी पठाइएका विषयहरु प्राथमिकताका साथ फछ्यौंट गर्ने ।

५. विविधः

- अफगानिस्तानमा विकसित पछिल्लो घटनाक्रमका कारण देशमा भित्रिन सक्ने शरणार्थीहरुबारे सजक रहने । अन्तराष्ट्रिय सीमाना जोडिएका जिल्लाहरुका सीमानाकाबाट हुने आवत जावतको अभिलेख राख्ने व्यवस्था मिलाउने । जिल्लामा पहिचान विहिन विदेशी नागरिकको अभिलेख राख्ने र त्यस्ता व्यक्तिहरुका गतिविधिको सुक्ष्म निगरानी गर्ने ।
- जिल्लाहरुबाट नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सुरक्षा इकाईहरु थप गर्ने सिफारिस र मागहरु अत्याधिक रुपमा आईरहेकोले त्यस सम्बन्धमा मन्त्रालयले आवश्यक मापदण्ड र नीति बनाउने योजना राखेको हुंदा हाललाई अत्यावश्यक नपरी सुरक्षा ईकाई थप गर्न सिफारिस नगर्ने ।
- अफगानिस्तामा रोजगारीका लागि विभिन्न माध्यमबाट गएका नेपालीहरुको नेपाल सरकारले उद्दार गरिरहेको व्यहोरा जानकारी नै छ । उद्दारको पर्खाइमा जिल्लाका नागरिकहरु कोहि रहेको भएमा सम्बन्धित स्थानीय तह र मातहतको प्रहरी इकाई मार्फत विवरण संकलन गरी उद्दारका लागि सहजीकरण गर्ने । त्यसैगरी हालको अफगानिस्तानको समस्यालाई दृष्टिगत गरी स्थानीय तहहरुसँग समेत समन्वय गरी वैदेशिक रोजगारीका लागि अन्य विभिन्न देशमा गएका नागरिकहरुको विवरण अध्यावधिक गर्ने गराउने ।
- कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु गुणस्तरीय र प्रभावकारी ढंगले गर्ने।

२०७८।४।१०
(फणिन्द्रमणि पोखरेल)
सहसचिव

नेपाल सरकार

गृह मन्त्रालय

(योजना, अनुगमन तथा मुल्यांकन शाखा)

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:- ०७८/७९
च.नं.:- ३८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:२०७८।०५।१७

बिषय: CPAS System सञ्चालन सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सवै ।

जिल्ला प्रशासन कार्यालयको समग्र कार्यसम्पादन स्तरमा वृद्धि गरी नतिजामुखी बनाउन आ.व. ०७५/०७६ देखि गृह सचिव र प्रमुख जिल्ला अधिकारी वीच वार्षिक कार्यसम्पादन सम्झौता (Performance Contract) भइ कार्यान्वयन भइरहेको छ । सोही बमोजिम चालु आ.व. २०७८/०७९ मा तहाँ कार्यालयबाट सम्पादन हुने क्रियाकलापहरुलाई प्रभावकारी ढंगले सम्पादन गर्नका लागि क्रियाकलाप, वार्षिक लक्ष्य, सूचक र समयावधी तोकी मिति २०७८/०४/०१ गते Virtual बैठक मार्फत कार्यसम्पादन सम्झौता भएको विदितै छ। यसै सन्दर्भमा चालु आ.व. ०७८/०७९ मा कार्यसम्पादन करार सम्झौता भएका प्रमुख जिल्ला अधिकारीहरुको कार्यसम्पादनको मूल्यांकनलाई थप व्यवस्थित गर्दै सरल, सहज र प्रविधिमैत्री बनाउन CDO Performance Appraisal System (CPAS) सञ्चालनमा ल्याईएको छ। उक्त System Log In गरी नियमितरुपमा कागजात अपलोड गर्नुहुन यस मन्त्रालयको मिति २०७८/०५/१५ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

जनकराज पन्थी
शाखा अधिकृत

पुनश्च:
CPAS को Link परिपत्र प्रणालीमार्फत पठाईएको र Password:- @MoHA358 रहेको तथा CPAS सम्वन्धि थप जानकारीको लागि CPAS Focal Person कम्प्युटर अधिकृत भवानी थपलिया (9841247230) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

ईमेल : mohaplanning@yahoo.com
फोन : ०१-४२११२६२, ०१-४२११२७७

नेपाल सरकार

गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

☎ ०१-४२०००० ३
०१-४२११२६६
०१-४२११२१६
ईमेल- localadmin@moha.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७८/०७९
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १४२

मिति २०७८/०५/२२

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विषय : निजि सुरक्षा कम्पनीहरुको कार्य सञ्चालन र नवीकरण सम्बन्धमा।

उपरोक्त विषयमा विभिन्न जिल्ला प्रशासन कार्यालयबाट कार्य सञ्चालन अनुमति र नवीकरण नगराई कामकाज गरिरहेका निजि सुरक्षा कम्पनीहरुलाई पुन: कार्यालय सञ्चालन अनुमति र नवीकरण प्रदान गर्ने विषयमा मन्त्रालयको निर्देशन अनुरोध भईआएकोमा प्रथम पटक कार्यसञ्चालन अनुमति माग भईआएमा आवश्यक कागजातहरु **(कम्पनी रजिष्ट्रारको कार्यालयको प्रमाणपत्र, श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको श्रमिक आपूर्तिकर्ता इजाजतपत्र र रोजगारदाता सूचिकरण प्रमाणपत्र)** संलग्न गरी मन्त्रालयमा सिफारिसको लागि पठाउन र पुन: कार्यसञ्चालन अनुमति वा नवीकरणको लागि आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेश गरेमा जे-जे बुझ्न पर्ने हो तहाँबाटै बुझी एक पटकको लागि २०७८ पुस मसान्त सम्म माग भईआएका निजि सुरक्षा कम्पनीहरुलाई पूर्व परिपत्र अनुसार शुल्क र जरिवाना लिई पुन: कार्यसञ्चालन वा नवीकरण गर्न/गराउन र २०७८ पुस मसान्त पश्चात पूर्ववत निर्णय र परिपत्र अनुसार गर्न/गराउन मिति २०७८/०५/२१ को सचिव स्तरीय निर्णयानुसार अनुरोध छ ।

२०७८/०५/२२

(यन्तोष प्रधान)
शाखा अधिकृत